ISSN 0266-1616

प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६२, अङ्क ५ पुस - माघ २०७७

विभिन्न खेलकूद प्रतियोगितामा पदक जित्न सफल **नेपाल प्रहरीका खेलाडीहरू ।**

समाजका सेवक हामी, जनता हाम्रा मित्र,
सुरक्षित समाजको, कोरौ सुन्दर चित्र ।

– नेपाल प्रहरी ।

प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६१ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा Phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथामिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमुलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ बैशाख–जेठ अंकदेखी नेपाल प्रहरीको वेबसाइटः www.nepal-police.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

– प्रहरी द्वैमासिक

सम्पर्क
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन वर्ष : ६२ अङ्क : ५ २०७५ पुस-माघ

प्रमुख सल्लाहकार
प्र.ब.उ. बसन्त बहादुर कुवँर

सल्लाहकार
प्र.ब.उ. मधुसुदन लुइटेल
प्र.उ. रमेश थापा

प्रधान सम्पादक
प्र.ना.उ. चन्चला श्रेष्ठ

सम्पादक
प्र.नि. होमबहादुर थापा
प्र.ना.नि.सरस्वाती बुढाथोकी

कम्प्युटर
प्र.नि.कल्पना अधिकारी
प्र.ना.नि.संगीता कार्की

आवरण
अनुराग

प्रकाशक

प्रहरी प्रधान कार्यालय, नक्साल ।

सम्पादकीय. . .

खेलकूद विकासमा नेपाल प्रहरीको अग्रसरता

शान्ति सुरक्षाजस्तो राष्ट्रको गहन र चुनौतीपूर्ण जिम्मेवारी बोकेको नेपाल प्रहरीले आफ्नो स्थापनाकालदेखि नै खेलकूदलाई समेत विशेष स्थान दिँदै आएको छ । कर्तव्यपालनामा समर्पित प्रहरी कर्मचारीहरूको शारीरिक र मानसिक स्वस्थताको अपरिहार्यतालाई मनन गरी प्रहरी संगठनले खेलकूदलाई चासो दिई यसको विकासमा अग्रसर भएको देखिन्छ । संगठनको लक्ष्य हासिल गर्न आफूलाई सुम्पिएको दायित्व निर्वाहमा व्यावसायिक सीप, दक्षता र कार्यकौशलता प्रदर्शन गर्नुका साथै नेपाल प्रहरीका खेलाडीहरूले राष्ट्रिय खेलकूदको इतिहास निर्माणमा समेत योगदान दिँदै आएका छन् । विकास, अनुशासन र गतिशीलताको मूलमन्त्रलाई अङ्गीकार गरी अघि बढेको राष्ट्रिय खेलकूदलाई अतुलनीय योगदान दिने अवसर पाएका हुन् । कठोर अनुशासन, कडा मिहिनेत, भाइचाराको भावना र उच्च मनोबल तथा सङ्गठनको गहिरो चासोका कारण नेपाल प्रहरीका खेलाडीहरूलाई यस्तो सौभाग्य प्राप्त भएको हो । जसको कारण विभिन्न समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रतियोगितामा उत्कृष्ट प्रदर्शनकासाथ सर्वोत्तम उपाधी हासिल गरी कीर्तिमान समेत कायम राख्दै प्रहरी सङ्गठन र राष्ट्रकै गौरव बढाउन सफल हुँदै आएको देखिन्छ ।

वि.सं २००८ सालमा 'नेपाल प्रहरी फुटबल टीम'को गठन भएपछि आफ्नो सक्रियता बढाउँदै आएको नेपाल प्रहरीले वि.सं २०३७ सालमा तत्कालीन प्रहरी महानिरीक्षक दुर्लभकुमार थापाको अध्यक्षतामा

'नेपाल प्रहरी केन्द्रीय खेलकूद समिति'को स्थापना गरेको थियो । खेलकूदलाई अनुशासित, व्यवस्थित र मर्यादित बनाउन वि.सं २०२३ सालमा 'श्री ५ महेन्द्र पुलिस क्लब' स्थापना गरेकोमा वि.सं २०६४ असोज २० गते नाम परिवर्तन गरी 'नेपाल पुलिस क्लब' नामाकरण गरी खेलकूद गतिविधि सञ्चालन हुँदै आएको छ । खेलकूदको विकासमा पुऱ्याएको योगदानका लागि प्रहरी महानिरीक्षक अध्यक्ष रहने 'नेपाल प्रहरी खेलकूद समिति' र नेपाल प्रहरीको प्रतिनिधित्व गर्ने 'नेपाल पुलिस क्लब' धन्यवादको पात्र बनेका छन् ।

नेपाल प्रहरीले खेलकूदलाई आफ्नो औपचारिक कार्यक्रममा समावेश गर्नुको साथै आन्तरिक खेलकूद प्रतियोगिता समेत सञ्चालन गरी खेलकूदलाई संगठनको अभिन्न अङ्गको रूपमा अङ्गीकार गर्दै आएको छ । संगठनकै प्रेरणा र प्रोत्साहनबाट खेलाडीमा खेल कौशलको विकास भई विभिन्न प्रतियोगितामा पदक जित्न सफल हुँदै आफ्नो छुट्टै इतिहास कायम भएको छ । गौरवमय इतिहास रहेको नेपाल प्रहरीले खेलकूदको क्षेत्रमा पुऱ्याएको योगदानले खेलकूद प्रेमीलाई खुसी र गौरवान्वित बनाउनुको साथै भावी पुस्तालाई प्रेरणा दिन समेत सफल देखिन्छ ।

खेलकूद विकासमा अग्रसर हुने क्रममा हालै नेपाल प्रहरी र अखिल नेपाल फुटबल संघ (एन्फा) बीच नेपाल पुलिस स्कुल फुटबल एकेडेमी स्थापनार्थ एक समझदारीपत्रमा हस्ताक्षर भएको छ । नेपाल प्रहरी स्कुल साँगाले आफ्नो स्थापनाकालदेखि नै शैक्षिक विकासका साथसाथै खेलकूदको क्षेत्रमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउँदै आएको सन्दर्भमा खेलकूद क्षेत्रमा अझ बढी सक्रिय हुन समझदारीपत्रले महत्वपूर्ण योगदान दिने अपेक्षा छ । उक्त एकेडेमी स्थापना भएपश्चात नेपाल पुलिस क्लबले ए.एफ.सि. कप क्लब लाइसेन्सको लागि तोकिएकामध्ये अधिकांश मापदण्डहरू पूरा भई लाइसेन्स प्राप्त गर्न सहज हुने र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको फुटबल प्रतियोगितामा सहभागी हुन अवसर प्राप्त हुने भएबाट नेपाल प्रहरीका खेलाडीहरूलाई थप अवसर प्राप्त हुने निश्चित छ ।

अन्त्यमा, खेलकूद क्षेत्रमा प्रहरीले हासिल गरका उपलब्धी र गरिमालाई अझै माथि उठाउन प्रहरी खेलाडीहरूको हित तथा व्यक्तित्व विकासका लागि अवसरहरू उपलब्ध गराउने, प्रोत्साहन स्वरूप विभिन्न सुविधाहरू र पुरस्कारहरू प्रदान गर्ने लगायतका प्रहरी संगठनले गरेका व्यवस्था प्रशंसनीय छन् । यसबाट खेलाडीहरूको मनोबल उच्च हुन गई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रतिष्ठा आर्जन गराई नेपाल प्रहरी र राष्ट्रको गौरव बढेको विदितै छ । हाल कोभिड-१९ को कारण केही सुस्ताए जस्तो लाग्ने खेलकूद गतिविधिलाई अबका दिनमा अझै बढी रफ्तारमा अगाडि बढाउनु पर्ने देखिन्छ । यसका लागि आगामी दिनमा समेत खेलकूदलाई उच्च प्राथमिकतामा राखी सबै खेलकूदलाई समेटेर लैजाने संगठनको लक्ष्यलाई निरन्तरता दिँदै खेलकूद विकासमा नेपाल प्रहरीको सक्रियता र अग्रसरता कायम हुनुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

विषयक्रम

व्यावसायिक सामग्री

♦ करार	✍ उपन्यायाधिवक्ता सोमकान्त भण्डारी	१
♦ बुटवल तालिम केन्द्र सिर्जनात्मक प्रयास	✍ पूर्व प्र. व. उ डा गणेश रेग्मी	१३
♦ बैकिङ्ग कसूर मुद्धाको अनुसन्धानमा...	✍ प्र. ना. उ. मोहन कुमार थापा	६४
♦ अपराध र दण्ड तथा आम मानिस	✍ प्रकाश अधिकारी	८८
♦ दोष प्रविधि होइन प्रयोगकर्ताको	✍ प्र ज पुर्ण भण्डारी	१०५

साहित्य / विविध

♦ ब्रहम अविधा र ब्रहम विधा	✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत	९
♦ किन कर्णाली धमिलो	✍ युवराज नयाँघरे	२६
♦ विकासमा कृषिको रुपान्तरण सन्दर्भमा..	✍ गम्भीर बहादुर हाडा	३३
♦ अवैध प्रेम	✍ गोपाल चन्द्र भट्टराई	४३
♦ अन्धविश्वास र विज्ञान	✍ पुर्व प्र.ब उ बिक्रम गुरुङ	५१
♦ चुल्हो	✍ डा रुपेन्द्र जोशी	६०
♦ प्रकृति	✍ छायादत्त न्यौपाने 'बगर'	७४
♦ सपना	✍ मौनता थापा	७७
♦ विकास र रोजगारी सिर्जनामा उद्योग...	✍ सुदर्शन अधिकारी	८१
♦ खुल्दुली	✍ उद्धव प्रसाद प्याकुरेल	८५
♦ अन्तिम कल	✍ प्र स नि मनिष अर्याल	१०२
♦ प्रेम भाग (१)	✍ रुपेश पौडेल	१०८

गीत / कविता/ गजल

♦ रचना भरीमा	✍ डा बम बहादुर थापा ' जिताली'	८
♦ गजल	✍ चिरञ्जीवी लामिछाने	१२
♦ माया	✍ मनिष प्रयत्न	२५
♦ भावना	✍ बेनी बहादुर थापा	५०
♦ गजल	✍ सोम निरौला	६३
♦ हिमाली यो भूमिमा	✍ घन बहादुर थापा	७३
♦ आजको मान्छे	✍ लुमडी आर्चाय	८४
♦ गजल	✍ त्रिभुवनचन्द्र वाग्ले	८७
♦ मेरो देश	✍ उमेश अवस्थी आर्दश	१०१
♦ गीत	✍ होम थापा	१०४
♦ नजाउ प्रदेश	✍ उर्मिला पन्त पाण्डेय	१०७
♦ कमिलाको लर्को	✍ रमेश चन्द्र घिमिरे	११०

स्थायी स्तम्भ

♦ इतिहासको पानाबाट		१११
♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी	सङ्कलन : प्र ना नि संगिता कार्की	१११
♦ रसबस	सङ्कलन : प्र ह शरणजंग भण्डारी	११२
♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु	सङ्कलनः प्र स नि जनक आचार्य	११२

प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

करार

✍ उपन्यायाधिवक्ता
सोमकान्त भण्डारी °

दुई वा दुई भन्दा बढी पक्ष बीच कुनै काम गर्न वा नगर्नका लागि भएको कानून बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता करार हो । कानूनले कार्यान्वयन गराउन योग्य सम्झौता करार हो । दुई वा दुई भन्दा बढी व्यक्तिहरू बीच कुनै काम गर्न वा नगर्नका लागि कानून बमोजिम कार्यान्वयन गर्न सकिने कुनै सम्झौता भएमा करार भएको मानिने, एक व्यक्तिले अर्को व्यक्ति समक्ष करार गर्न राखेको प्रस्तावमा त्यसरी प्रस्तावित व्यक्तिले स्वीकृति जनाएपछि करार भएको मानिने र करार भएपछि करारका पक्षहरूबीच बाध्यात्मक कानूनी सम्बन्ध कायम हुने कानूनी व्यवस्था छ ।[१] मुलुकी देवानी संहिता, २०७४ को दफा २२ मा नागरिक अधिकारसम्बन्धी व्यवस्था अन्तर्गत प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही करार गर्ने अधिकार हुने उल्लेख छ ।

कानूनले मानवीय गतिविधिलाई तीन किसिमबाट नियमित गर्दछ । करार गर्न सहमति भई करारका दुई पक्षबीच लेखिएको लिखतलाई करारनामा भनिन्छ । करार त्यसका पक्षहरूका लागि कानून सरह लागू हुन्छ । करारका पक्षहरूलाई कानून सरह लागू हुने हुँदा यसलाई निजी कानून पनि भनिन्छ । सर्वोच्च अदालतले करारका सम्बन्धमा देहाय बमोजिम निष्कर्ष निकालेको छः[२]

♦ कुनै लिखत करार हो होइन भनी निष्कर्षमा पुग्न लिखतले दुई वा सो भन्दा बढी व्यक्तिहरू बीच कुनै काम गर्न वा नगर्नको लागि त्यसमा संलग्न पक्षहरूलाई बाध्य गराएको छ वा छैन र करारमा उल्लेख भए बमोजिमको

°उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।

१. मुलुकी देवानी संहिता, २०७४ को दफा ५०४ ।

२.तिर्थराज कुमारी वि. विनोद शंकर, ने.का.प. २०४०, पृ. ! ।

काम गर्न दुवै पक्षबीच सहमति भएको छ वा छैन हेर्नु पर्दछ ।

♦ लिखतको प्रकृतिबाट दुवै पक्षले गर्नुपर्ने र गर्नु नपर्ने जस्ता बाध्यात्मक रूपमा परिपालना गर्नुपर्ने शर्तहरू उल्लेख गरी दुवै पक्षको सहमती समेत भएको देखिदा करारको लागि चाहिने मूलभूत तत्वहरू सो लिखतमा विद्यमान रहेको देखिन्छ ।

करार हुनका लागि कुनै काम गर्न वा नगर्नका लागि दुई वा सो भन्दा बढी पक्षहरू बीच सहमति भएको हुनु पर्दछ । एक पक्षले राखेको प्रस्ताव अर्को पक्षले स्वीकृति दिएमा करार भएको मानिन्छ । कानूनले देहाय बमोजिम व्यक्तिलाई नियम गरेको हुन्छः

♦ कुनै काम गर्न रोक लगाएर

फौजदारी कानूनले समाजलाई हानिकारक मानिएका क्रियाकलापलाई अपराधको घोषणा गरी त्यस्तो काम गर्न रोक लगाउँछ ।

♦ कुनै काम गर्न दायित्व तोकेर

व्यक्तिबाट समाजमा अपेक्षित काम गर्नका लागि पनि कानूनले दायित्व तोक्न सक्दछ । आयकर तिर्नुपर्ने, सवारी चालकले लाइसेन्स लिनु पर्ने/नवीकरण गर्नुपर्ने । यदि तोकिएको दायित्व पूरा नगरेमा कारबाही गरिन्छ ।

♦ कुनै काम गर्न वा नगर्न स्वतन्त्रता दिएर

व्यक्तिलाई कुनै काम गर्न वा नगर्नका लागि बाध्य नगरिने वा कुनै काम गर्न वा नगर्न निर्देश नगरी उसलाई स्वतन्त्रता दिइन्छ ।

यही स्वतन्त्र रहने क्षेत्रमा व्यक्तिहरूले आफूहरूलाई मात्र लागू हुने गरी निजी कानून बनाई आफूलाई नियमित गरी आफ्ना क्रियाकलाप गर्ने गर्दछन् । यसैलाई करार कानूनले नियमित गर्दछ । करार गर्न वा नगर्न व्यक्ति स्वतन्त्र रहन्छन् । करार गर्न कसैलाई बाध्य बनाउन सकिदैन । करार गरे पछि करारमा उल्लेख गरिएको शर्त बमोजिम कार्य गर्नु उनीहरूको कर्तव्य हुन्छ ।

करार गर्न वा नगर्न व्यक्तिहरू स्वतन्त्र हुन्छन् । प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही करार गर्ने अधिकार हुन्छ ।[३] करार पक्षहरूका बीच भएको सम्झौता हो । तर त्यस सम्झौता कानूनले निषेध नगरेको विषयमा हुनु पर्दछ र कार्यान्वयन योग्य हुनु पर्दछ । करारमा मुख्यतः करारीय दायित्व को, कसले कसरी व्यहोर्ने, सम्झौताको परिपालना नभएमा कुन कानूनको प्रयोग हुने र सम्झौताबाट पक्षहरूको बीचमा दायित्व र अधिकार सिर्जना भएको छ छैन आदि महत्वपूर्ण

३. मुलुकी देवानी संहिता, २०७४ को दफा २२ ।

रहन्छन् ।

करार गर्ने विषय मानिसको



आफ्नो स्वतन्त्र इच्छामा भर पर्दछ । करारको स्वरूप वा विषयवस्तु छनौंट गर्न, करारका शर्त तथा करार उल्लङ्घन भए वापत उपचारको प्रकृति निर्धारण गर्न र करार बमोजिमको विवाद समाधान गर्ने उपाय निश्चित गर्न करारका पक्षहरू स्वायत्त हुन्छन् ।[४] दुवै पक्षले आफूलाई मन पर्ने शर्तहरू राखेर करार गर्ने वा नगर्ने स्वतन्त्रता कानूनले प्रत्याभूत गरेको हुन्छ । करार सम्बन्धी सान्दर्भिक कुराहरू देहाय बमोजिम उल्लेख गरिएको छ :

- पक्षहरूले आफ्नो लागि बनाएको कानून हो,
- पक्षहरूलाई शर्तहरू तोक्न स्वतन्त्रता हुन्छ,
- प्रतिफल विनाको करार करार होइन,
- अरूबाट गराएको काम आफैले गरे सरह हुन्छ,
- उपचार चाहने पक्ष सफा हातले आउनु पर्दछ,
- आफूले प्राप्त गर्न सक्ने फाइदा वा अधिकार छोड्न सक्दछन्,
- जसले फाइदा प्राप्त गर्दछ, उसले जिम्मेवारी बहन गर्नु पर्दछ,
- अर्को मार्फत गरिएको काम आफैद्वारा गरिएको ठहरिन्छ,
- प्रमुख व्यक्तिलाई जिम्मेवार ठहराइन्छ,
- व्यक्तिको मृत्युसँगै उसको व्यक्तिगत अधिकार समाप्त हुन्छ,

करार गर्न वा नगर्न व्यक्तिहरू स्वतन्त्र हुन्छन् । तर करार गरी सकेपछि करार बमोजिम पालना गर्न पनि बाध्य हुन्छन् । करारका पक्षहरू कानूनको अधीनमा रही करारको स्वरूप वा विषयवस्तु छनौट गर्न, करारका शर्त तथा करार उल्लङ्घन भए वापत उपचारको प्रकृति निर्धारण गर्न र करार बमोजिमको विवाद समाधान गर्ने उपाय निश्चित गर्न स्वायत्त हुन्छन् । करार गर्ने प्रत्येक पक्षले करार बमोजिमको आ-आफ्नो दायित्व पूरा गर्नु पर्नेछ ।[५] आफैले आफैलाई सिर्जना गरेको कानून हो करार । यसको पालन नगरेमा क्षतिपूर्ति दिनु पर्दछ । हानी भएकोमा Nominal demage तिर्नु पर्दछ । करारका आवश्यक तत्वहरू

४ मुलुकी देवानी संहिता, २०७४ को दफा ५०७ ।

५. मुलुकी देवानी संहिता, २०७४ को दफा ५२१ .छ

(Elements of Contract) तल उद्धृत गरिएको छः

- सक्षम दुई पक्ष
- प्रस्ताव र स्विकृति
- स्वतन्त्र सहमति
- कार्यान्वयन गर्न सकिने
- स्पष्ट
- औपचारिकता
- कानूनले रोक नलगाएको
- कानूनी उद्धेश्य
- वैध प्रतिफल

करार सक्षम व्यक्तिबाट स्वतन्त्रपूर्वक गरिएको हुनु पर्दछ । नाबालक र होस ठेगानमा नभएका व्यक्तिहरू बाहेक अरू जुनसुकै व्यक्ति करार गर्न सक्षम हुन्छन्:[६] तर कानून बमोजिम कुनै खास करार गर्न कुनै व्यक्ति असक्षम मानिएको अवस्थामा त्यस्तो व्यक्ति सो करार गर्न सक्षम भएको मानिदैन । असक्षम[७] वा अर्धसक्षम[८] व्यक्तिका तर्फबाट करार गर्नु पर्दा निजको संरक्षक वा माथवरले करार गर्न गर्नु पर्दछ । कानूनी व्यक्तिको तर्फबाट करार गर्नु पर्दा त्यस्तो व्यक्तिको व्यवस्थापन तथा सञ्चालन गर्न अधिकार प्राप्त सञ्चालक वा सञ्चालकहरूको निर्णय वा निजको अख्तियार प्राप्त व्यक्तिले गर्नुपर्ने व्यवस्था छ ।[९] तर कुनै खास विषयमा यस परिच्छेद बमोजिम करार गर्न असक्षम मानिएको व्यक्ति त्यस्तो विषयमा निज अन्य कानून बमोजिम करार गर्न सक्ने व्यवस्था भएमा त्यस्तो विषयमा त्यस्तो व्यक्ति करार गर्न सक्षम भएको मानिन्छ ।[१०]

३.१ करारको कार्यान्वयनता (Enforceability of Contract)

व्यक्तिहरू बीच कुनै कार्य गर्न वा नगर्नका लागि कुनै करार हुँदैमा कार्यान्वयन योग्य हुँदैन । करारको कार्यान्वयन हुन सक्ने र हुन नसक्ने सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४ मा गरिएको व्यवस्था अनुसार यहाँ कार्यान्वयनयोग्य करार र कार्यान्वयन नहुने करारलाई अलग अलग उल्लेख गरिएको छ :

६. मुलुकी देवानी संहिता, २०७४ को दफा ५०६ को उपदफा (१) ।

७.मुलुकी देवानी संहिता, २०७४ को दफा ३३ मा असक्षम व्यक्ति भन्नाले "दश वर्ष उमेर पूरा नभएको वा त्यस्तो उमेर पुगेको भए पनि होस ठेगानमा नरहेको कारण आफ्नो हक र हित संरक्षण गर्न नसक्ने व्यक्ति कानूनी रूपमा असक्षम मानिनेछ" भनी स्पष्ट पारेको छ ।

८. मुलुकी देवानी संहिता, २०७४ को दफा ३४ मा अर्धसक्षम व्यक्ति भन्नाले "दश वर्ष पूरा भई अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति अर्धसक्षम मानिनेछ" भनी स्पष्ट पारेको छ ।

९. मुलुकी देवानी संहिता, २०७४ को दफा ५०६ को उपदफा (४) ।

१०. मुलुकी देवानी संहिता, २०७४ को दफा ५०६ को उपदफा (५) ।

३.१.१ कार्यान्वयन हुने करार (Enforceable Contract)

करार कार्यान्वयन हुनका लागि करार गर्न सकिने विषय वस्तुमा करार गर्न सक्षम व्यक्तिले कानूनी प्रक्रिया बमोजिम गरेको हुनु पर्दछ । देहायका शर्तहरू पूरा गरी सम्पन्न भएको करार कानून बमोजिम कार्यान्वयन हुन सक्ने गरी करार भएको मानिने कानूनी व्यवस्था छ :११

(क) करार गर्ने व्यक्तिले आफूलाई बन्धनकारी बनाउन व्यक्त गरेको सहमति,

(ख) करार गर्ने व्यक्तिको करार गर्न सक्ने सक्षमता वा योग्यता,

(ग) दायित्व सिर्जना गर्ने निश्चित विषय,

(घ) कानून सम्मत दायित्व ।

३.१.२ कार्यान्वयन नहुने करार (Unenforceable Contract)

करार हुँदैमा ती करार कार्यान्वयन हुन सक्दैनन् । अदालतबाट कार्यान्वयन गराउन नसकिने करारलाई कार्यान्वयन नहुने करार मानिन्छ । रीत पुऱ्याई करार सम्पन्न भएको भए तापनि देहायको करार अदालतबाट कार्यान्वयन हुन सक्ने छैन :-१२

(क) कानून बमोजिम लिखित रूपमा हुनु पर्ने करार लिखित रूपमा नभएकोमा,

(ख) कानून बमोजिम कुनै खास औपचारिकता, कार्यविधि पूरा गरी गर्नु पर्ने वा कुनै निकायमा दर्ता गर्नु पर्ने व्यवस्था भएको करार त्यस्तो औपचारिकता, कार्यविधि पूरा नभई भएको वा दर्ता नभएकोमा,

(ग) अर्को व्यक्तिको तर्फबाट करार भएकोमा त्यस्तो व्यक्तिले अख्तियारी नदिएको विषयमा वा दिएको अख्तियारी नाघी करार गरेकोमा ।

३.२ करारको वैद्यता (Validity of Contract)

करारको विषय र करार गर्ने पक्षको अवस्था तथा निजको स्वतन्त्र सहमतिका आधारमा करारलाई बदर हुने करार र बदर गराउन सकिने करार गरी वर्गीकरण गर्न सकिन्छ । बदर हुने करार स्वतः बदर हुन्छ । यसको कुनै कानूनी मान्यता हुँदैन । यो करार प्रारम्भदेखि नै अमान्य हुनेछ र यसबाट कुनै कानूनी परिणाम र पक्षहरूको हक र दायित्व सृजना हुँदैन । बदर गराउन सकिने करारमा पक्षले सो करार बदर गराउन सक्दछ । सो

११. मुलुकी देवानी संहिता, २०७४ को दफा ५०५ .

१२. मुलुकी देवानी संहिता, २०७४ को दफा ५१९को उपदफा (२) .

करारबाट मर्का पर्ने पक्षले करार बदरका लागि अदालतमा निवेदन गर्ने र बदर हुने करार रहेछ भने अदालतले बदर घोषित गर्दछ । यदि अदालतबाट बदर घोषित नभएको अवस्थामा करारको अस्तित्व रहिरहेको हुन्छ । बदर गराउन सकिने करार बदर नगराएको अवस्थामा करार बमोजिम कार्य गर्नु पर्दछ । मुलुकी देवानी संहिता, २०७४ मा यस सम्बन्धमा गरिएको कानूनी व्यवस्थाका आधारमा यी करारका बारेमा अलग अलग उल्लेख गरिएको छ :

३.२.१ बदर हुने करार (Void contract)

बदर हुने करार : (१) कानून बमोजिम मान्य नहुने करारलाई बदर हुने करार मानिनेछ ।[१३]

(२) देहाय बमोजिमका करार बदर हुनेछ :-

(क) कानूनले निषेध नगरेको पेशा, व्यापार वा व्यवसाय गर्नबाट कसैलाई रोक लगाइएको करार,

(ख) कानूनले निषेध गरेको विवाह बाहेक अन्य विवाहमा रोक लगाइएको करार,

(ग) सर्वसाधारणले उपभोग गरिरहेको सुविधा कसैलाई उपभोग गर्नबाट रोक लगाइएको करार,

(घ) कसैले पाएको कानूनी अधिकार कुनै अदालतबाट प्रचलन गराई पाउनबाट रोक लगाइएको करार,

(ङ) कानूनको विरूद्धमा भएको वा प्रचलित कानूनले निषेध गरेको कुरामा भएको करार,

(च) अनैतिक उद्देश्यको लागि वा सार्वजनिक व्यवस्था (पब्लिक अर्डर) वा हितको विरूद्धमा भएको करार,

(छ) करार भएको विषयवस्तु करार गर्ने पक्षहरूलाई स्पष्ट रूपमा यकिन वा थाहा नभएबाट पूरा गर्न नसकिने अवस्थामा भएको करार,

(ज) करार गर्दाकै अवस्थामा पूरा गर्न असम्भव भएको करार वा काल्पनिक करार,

(झ) करारको विषयवस्तुको मनासिब अर्थ दिन नसक्ने भई अस्पष्ट रहेको करार,

(ञ) करार गर्न अयोग्य व्यक्तिबाट भएको करार,

(ट) गैरकानूनी उद्देश्य भएको करार,

(ठ) करारको अत्यावश्यक तथ्यको विषयमा करार गर्दाका बखत करारका दुबै पक्षहरूको भूलबाट भएको करार ।

३.२.२ बदर गराउन सकिने करार

१३. मुलुकी देवानी संहिता, २०७४ को दफा ५१७

(Voidable contract)

बदर गराउन सकिने करारः[१४] (१) करारका पक्षको प्रयासमा अदालतबाट बदर घोषित गराउन सकिने करारलाई बदर गर्न सकिने करार मानिनेछ ।

(२) देहाय बमोजिम भएको करार त्यस्तो करारबाट मर्का पर्ने व्यक्तिले अदालतबाट बदर गराउन सक्नेछः-

(क) करकापबाट भएको करार,

स्पष्टीकरण :

कुनै व्यक्तिलाई निजको इच्छा विरूद्ध कुनै करार गराउने मनसायले निजको सम्पत्ति रोक्का राखेको वा राख्न धम्की दिएको वा निजको जीउ, ज्यान वा इज्जतमा धक्का पुऱ्याउने धम्की दिएको वा कानून विपरीत अन्य कुनै काम गरेको वा गर्न धम्की दिएको भए करकाप गरेको सम्झनु पर्छ ।

(ख) अनुचित प्रभावबाट भएको करार,

स्पष्टीकरण :

(१) आफ्नो प्रभावमा रहेको र आफ्नो इच्छानुसार काम गराउन सकिने व्यक्तिबाट आफ्नो हित वा स्वार्थका लागि कुनै अनुचित लाभ उठाउने मनसायले त्यस्तो व्यक्ति उपर पारेको प्रभावलाई अनुचित प्रभाव सम्झनु पर्छ ।

(२) खण्ड (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी देहायका व्यक्तिलाई आफ्नो प्रभावमा रहेका र आफ्नो इच्छानुसार काम गराउन सकिने व्यक्ति सम्झनु पर्छः-

(क) आफ्नो संरक्षकत्व, माथवरी वा जिम्मामा रहेको व्यक्ति,

(ख) वृद्धावस्था, बिरामी अवस्था वा शारीरिक वा मानसिक दुर्बलताले गर्दा केही समय वा सदाका लागि आफ्नो हितको विचार गर्न नसक्ने व्यक्ति,

(ग) आफूले आर्थिक वा पदीय दवाब पार्न सकिने व्यक्ति ।

(घ) जालसाजबाट भएको करार,

स्पष्टीकरण :

करार गर्ने पक्ष वा निजको प्रतिनिधिले अर्को पक्ष वा निजको प्रतिनिधिलाई धोका दिने नियतबाट कुनै कुरा सत्य होइन भन्ने जानकारी हुँदा हुँदै त्यस्तो कुरा सत्य हो भनी विश्वास दिलाएको वा विश्वास पर्न सक्ने कुनै काम कारबाही गरेको वा कुनै तथ्यका बारेमा जानकारी हुँदा हुँदै त्यस्तो तथ्य जानीजानी लुकाएको वा कानून बमोजिम जालसाज हुने अन्य कुनै काम गरेको भए जालसाज गरेको सम्झनु पर्छ ।

(घ) भुक्याई गराएको करार ।

स्पष्टीकरण :

देहाय बमोजिमको कामलाई भुक्याएको

१४. मुलुकी देवानी संहिता, २०७४ को दफा ५१८ ।

सम्झनु पर्छ :-

(१) मनासिब आधार बिना कुनै कुराको झुट्टा विवरण वा तथ्य दिएको,

(२) कुनै पक्षलाई मर्का पर्ने गरी बहकाएको,

(३) करारको विषयवस्तुमा गल्ती गराएको,

(४) एक विषयमा करार भएको विश्वास दिलाई अर्को विषयमा करार गराएको । ♦♦

कविता

रचना झरीमा

✍ **डा. बमबहादुर थापा 'जिताली'**

म खोज्छु कोइली स्वरको सुसेली
म रोज्छु नौली उपमा उजेली ।
म दिन्छु स्वच्छ दिलको उमेर
उपेन्द्रवज्रा उरमा उनेर ।।

झरी परेको रसमा सुसाई
त्रिशक्तिदेवी सरिता समाई-
म शान्तिधारा युगको बहन्छु
र सृष्टि चर्खा ऋतुमा कहन्छु ।।

छ भाव बर्खा मनमा पवित्र
बनाउने सुन्दर रङ्ग चित्र ।
विचित्र नौलो मनमा छ धोको
खडा भएको सपना छ पोको ।।

छरी उज्यालो, सुरिलो तरङ्ग
हट्यो तुवाँलो, भरियो उमङ्ग ।
झरी झरेको ध्वनि-ताल छोप्छु
यही झरीमा विरूवा म रोप्छु ।।

म खेत-बारीतिरको विहारी
कला बिहानी-पखको विचारी-
सुधा सुकिलो बहने घरीमा
म रच्छु नौलो रचना झरीमा ।।

- रानीवन, काठमाडौं ।

ब्रह्म, अविद्या र ब्रह्मविद्या

✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

ब्रह्म ज्ञानस्वरूप छ । ज्ञानस्वरूप त्यसलाई भन्दछन् जो अरूलाई जानोस । तर अर्को छँदै छैन भन्ने ब्रह्मले कसलाई जाने ? आफूले आफैलाई ? किन्तु ब्रह्म अनन्त छ । यदि उसले आफूलाई पूर्णतः जान्यो भने उसले आफ्नो अन्त भेटाउनेछ । ब्रह्मको स्वभाव हो जान्नु अनि अनन्तको स्वभाव हो ज्ञानमा नआउनु । जस्तो आँखाको स्वभाव हो हेर्नु, फलस्वरूप आकाशमा निलोमा क्षितिज देख्न थाल्छ । यस्तै ब्रह्मको देख्नु स्वभाव हो, ज्ञान स्वभाव हो र दृश्य हुनु पनि स्वभाव हो । ज्ञानस्वरूप हुनाले यो (ब्रह्म) ज्ञेय हुँदैन तर मन देखि छोड्दैन । स्वरूपको ग्रहण हुँदैन तर आकाशको निलिमाको झैं अन्यथा ग्रहण हुन्छ । यसप्रकार आफूले आफूलाई देख्न नपाउने हुँदा त्यसले एक अपरिच्छिद चेतनालाई नै अनेक र परिच्छिन्न जडको रूपमा देख्न थाल्छ । आफूलाई नै अन्य रूपमा देख्दछ । यो परमात्माको स्वभाव हो । परमात्मा (ब्रह्म) ले यस्तो देख्नु कुनै अन्यथा होइन । ज्ञान अज्ञानको विरोधी छ तर भ्रम (Illusion) छैन । यसैले प्रकृति र प्राकृतिक प्रपञ्च, जसलाई साङ्ख्य र योग नित्य मान्दछन्, रहन्छन् । अर्थात त्यसको प्रतीति त रहन्छ, केवल यसमा जुन सत्यत्वको भ्रान्ति छ, आत्मादेखि भिन्न यसलाई सत्य वस्तुमा जो मानिरहेका छौं, त्यो भेटिन्छ । प्रपञ्चलाई भ्रान्ति भन्नको कारण हो ज्ञानमा जहाँ ब्रह्म आउनु-जानु मान्यो, त्यो भ्रान्ति (confusion) भयो । ज्ञान अन्तस्करणको (conscience) प्रमाण वृत्तिमा अरूढ भई प्रमेय (hypothesis) देशमा जान्छ भनि मान्यो कि भ्रम भइहाल्यो । भ्रमण नै भ्रान्ति हो किन कि ज्ञान देश परिच्छिन्नु (space-confined) छैन । अर्थात एक देशबाट अर्कोमा जानु जरूरी छैन । ज्ञान काल-परिच्छिन्न (time limited) पनि छैन । ज्ञान विषयमा रहेर इदम (this) र देहमा रहेर अहम्

(ego) बन्ने पनि होइन । जहाँ ज्ञानको आउनु जानु मान्यो, उही भ्रम भयो । जसरी नेत्रवृत्ति गएर पदार्थसँग ठोकिएर फर्के पछि यस पदार्थको ज्ञान हुन्छ । ऐना (पदार्थ) मा नेत्रवृत्ति ठोकिएपछि आफ्नो मुख देखिन्छ । यदि ऐनामा केही नलगाएको भए नेत्रवृत्ति सिसालाई छेडेर (नाघेर) गएको भए मुख देखिने थिएन । त्यसरी नै ज्ञान वृत्यारूड (like wave) भएर कहीँ जाओस् र केहीमा पनि ठोकिएर नफर्कियोस् त बुद्धिमा ज्ञेयको उपस्थिति नै हुने छैन । ज्ञेयसँग ठोकिएर फर्केपछि नै बुद्धिमा ज्ञेयको उपस्थिति हुन्छ । यो ठक्कर खाएर फर्केको ज्ञान विपरीत ज्ञान भयो । विपरीत ज्ञानको अर्थ हो हामी जे दख्छौं, ज्ञानको विपरीत देख्छौं । यो नै भ्रान्तिज्ञान हो । "द्वैतप्रपञ्चस्य अविद्याया कृतत्वात्" अर्थात यो द्वैत-प्रपञ्च अविद्याबाट बनेको छ । र सत्य प्रतीत हुन्छ । त्यसो भए के अद्वैत ज्ञान हुँदा यो प्रपञ्च हराउँछ ? होईन, यो संसार यी कलकारखाना, यो घरद्वार, स्त्री-पुत्र सब जस्ताको त्यस्तै रहन्छन् । यो प्रपञ्च अविद्याद्वारा बनेको हो । अतः विद्याद्वारा मेटिन्छ, "विद्याया तदपराम स्यात । वस्तुबाट बनेको वस्तु कर्मद्वारा मेटिन्छ । अज्ञानबाट भएको वस्तु ज्ञानद्वारा नै मेटिन्छ, कर्मद्वारा होइन ।

व्रह्मदविद्याको अर्थ हो अनन्त विषयक विद्या (Infinity Related Knowledge) अन्नतको ज्ञान नहुनाले प्रपञ्च ठोस सत् प्रतीत हुन्छ । अनन्तको ज्ञान भए त थाहा हुन्थ्यो, कुनै पनि वस्तु परिच्छिन्न (Limited of Confined) छैन, करोडौं उत्पत्ति वा नाश पनि छैन । "नाअसतो विद्यते भावो नाअभावो विद्यते सतस " (गीता : २-१६) । जुन वस्तु विद्यमान छ, त्यसको कहिल्यै नाश (अभाव) हुँदैन । अनि जुन छैन, त्यो कहिल्यै उत्पन्न हुँदैन । यसप्रकार जन्म मृत्यु दुवैको निषेध गरियो । न सतबाट सतको उत्पत्ति हुन्छ, न असतबाट असतको । केही पनि यो उत्पत्ति-नाश देखिन्छ, किनभने यो अनिर्वचनीय (indescribable) छ । हामी यसलाई अविद्याले (अविद्याद्वारा) सत्य मान्दछौं । यस अविद्यालाई हटाउन स्वरूप ज्ञान (Self Knowledge) आवश्यक छ । अतः स्वरूप भूत व्रहमज्ञान प्रकाशित गर्नु नै सबै शास्त्रछको प्रयोजन हो । अज्ञानबाट जुन वस्तु देखिन्छ त्यो वस्तुतः छँदै छैन । उदाहरणको लागि सुकेको-काटिएको रूखको ठुटामा चोर, प्रेत वा अरू केही देखिन्छ । त्यो केही पनि होइन, केवल देखिन्छ मात्र ।

अज्ञानमा कुनै एउटा कुरा वास्तविकता भन्दा सर्वथा भिन्न देखिन्छ । जति भेदज्ञान (Different Knowledge), सारा औपाधिक (Deceitful) हो । जो नजिकै बसेर आफ्नो गुण अरूमा राख्छ, त्यसको नाम हो उपाधि (Title of Name) । जस्तो दर्पण वा स्फटिक छेउ रातो फूल राखी दिने हो भने दर्पण वा स्फटिक पनि रातो देखिन्छ । यो रातो फूल जसले स्फटिकलाई रातो देखाइरहेको छ, उपाधि भयो । स्फटिकमा यो रोग आयो, उपाधिको व्याधि (रोगी) भयो । त्यसो भए समाधि के हो ? कार्यलाई कारणमा लिन गर्नु । शरीर (कार्य) माटोले बनेको थियो, अतः माटोमा (कारण) गाडियो भन्ने देह (शरीर) को समाधि (Settlement) हुन्छ ।

हामीलाई थाहा छ, एउटै वस्तुलाई आँखाले रातो भन्छ, नाकले सुगन्धित भन्छ । जिब्रोले टर्रो भन्छ, छालाले कमलो भन्छ । हाम्रा इन्द्रियहरू रहेनन् भने त्यस वस्तुलाई कसरी थाहा पाउने ? इन्द्रियहरू छन् र प्रतीति (Being) पनि भइरहेको छ । तर 'यी सबैमा एक चैतन्य वस्तु नै इन्द्रिय करण (Tool) तथा वस्तु (Subject) रूपमा भाषित (Addressed) भइरहेको छ भने देख्ने अभिमान (Pride) कसरी हुन्छ ? यसप्रकार अनेक श्रुतिहरूबाट यो तत्व बुझ्नु पर्दछ । जसरी भूमिमा धन गाडिएको छ, हामी त्यसमाथि हिँडिरहेका छौं, तर हाम्रो पैतालामुनी धन छ भन्ने थाहा छैन । त्यसैले आफूलाई दरिद्र मानिरहेका छौं । दरिद्रताको दुःख भोगिरहेका छौं । कसैले बताई दियो भने मात्र हामी धनी हुन्छौं । त्यसरी नै श्रुति र गुरूले नित्य प्राप्त आत्मब्रह्म र जुन अप्राप्तिको भ्रान्ति छ, त्यसलाई हटाई दिन्छन् ।

जसले प्रर्याप्त समयसम्म धर्मानुष्ठान गऱ्यो, उपासना गऱ्यो, स्वाध्याय गऱ्यो, सत्सङ् गऱ्यो, उसले भैँ सामान्य श्रोताले झड वेदान्तको विषय बुझ्ने भन्ने आशा गर्न सकिंदैन । सामान्य श्रोतालाई त्यो बुझ्न अवश्य समय लाग्छ । अर्को कुरा के हो भने सामान्य जुन मानिस धेरै समय आफ्नो व्यवहारका कार्यर चिन्तनमा लगाउँछन् अनि वेदान्तको चिन्तन अवणमा थोरै समय दिन भ्याउँछन् । समस्त व्यवहार भेदमुलक (Different Type) छ । त्यसैले बुद्धिमा भेदज्ञान (Different Knowledge) रहेको छ । अद्वैत (Singularity) ज्ञान बुद्धिमा मुस्किलले स्थिर हुन पाउँछ । तर सत्य वस्तु प्रकाशित गर्नु र त्यसको श्रवण गर्नु अत्यन्त आवश्यक छ । त्यसबाट केही संस्कार त चित्तमा पर्छ नै । सत्यको संस्कार

पऱ्यो भने त्यसलाई प्राप्त गर्ने इच्छा हुन्छ । सच्चा जिज्ञासा (Curiosity) नभए पनि इच्छा त हुन्छ नै । जो मानिस संसारमा दुःखानुभाव गरिरहेको छ, उसको मनमा जिज्ञासा तथामुमुभ्ता जाग्रत भइ छाड्दछ । ऊ पाप-तापको बन्धनबाट मुक्त हुन बुझ्ने प्रयत्न गर्दछ । जो ज्ञानी जीवनमुक्त छन्, तिनीलाई सुन्दा आनन्द आउँछ । तिनीहरूलाई बुझ्नु त छैन, तर सुन्नु राम्रो लाग्दछ । श्रवणले जिज्ञासुको ग्रन्थीभेद खुकुलो हुँदै जान्छ । अर्थात जहाँ बुझ्न सकिएको थिएन, जहाँ केही संशय थियो त्यो हटेर जान्छ । जसको चित्त (Mind) मा जिज्ञासा छैन, तिनमा जिज्ञासाको उदय हुन्छ । सामान्य श्रोता ढिलो बुझ्छन् भनेर श्रवण मनन बन्द गर्नु हुँदैन, गरिरहनु पर्दछ । ♦♦♦

गजल

✍ चिरञ्जीवी लामिछाने

कहिले ढुङ्गा जस्तो कहिले रूवा जस्तो
यो मन कहिले नदी कहिले कुवा जस्तो

एउटै चालमा मनलाई हिँडाउछु भन्दा
कहिले खरायो त कहिले कछुवा जस्तो

एउटै विन्दु समाई अडिऊँ कि भन्दा
ठोकुवा गर्न खोज्यो हुन्छ हचुवा जस्तो

मनले दिने रहेछ स्वाद भिन्न भिन्न
कहिले निमपत्ता कहिले खुवा जस्तो

यस्तो यस्तो आभाष दिएको छ मनले
चिट्ठा पऱ्यो भन्दा हुन्छ जुवा जस्तो

बुटवल तालिम केन्द्रमा सिर्जनात्मक प्रयास

✍ **पूर्व प्र.व.उ.डा. गणेश रेग्मी**

पंतिकार गत वर्ष २०७६ भाद्र १८ गते प्रहरी प्रधान कार्यालयबाट लुम्विनी प्रदेश प्रहरी तालिम केन्द्रमा सरूवा भई २३ गते हाजिर भएँ र २०७७।०८।१० गते सम्म कार्यरत रहें । प्रदेश सरकारको २०७७।०६।१९ को निर्णयले तत्कालिन "५ नं. प्रदेश तालिम केन्द्र" हाल "लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र" भएको हो । पंतिकार नयाँ नामाकरण भए पछिको यस तालिम केन्द्रको पहिलो र हाल सम्मकोमा ४२ औं समादेशक हुँ । आफू खटिएको स्थानमा यथासम्भव सुधार गर्ने चाहना रहनु स्वाभाविकै हो । यसैको लागि हाजिर भएको दोस्रो दिनमा सबै सिनियर प्रहरी अधिकृत, सुवेदार मेजर, क्वाटर मास्टर, क्यान्टिन मास्टर, हवल्दार मेजर, रमन कमाण्डर लगायतका सबैसँग लिखित रूपमा नै राय सुझाव माग गरियो । उत्कृष्ट दिनेलाई सोही अनुसारको मूल्याङ्कन हुने कुरा थियो । "मोटिभेसनल फ्याक्टर"। अन्ततः सबैले सामर्थ्य अनुसारका राय दिए । प्राप्त राय सुझावहरू अत्यन्त उपयोगी भए । यीनै राय सुझावको आधारमा हामीले देहायबमोजिम यथासम्भव सिर्जनात्मक कार्य गऱ्यौ । यी प्रयासहरू तालिम केन्द्रका सम्बद्ध सबै प्रहरी कर्मचारीका सामूहिक प्रयत्नबाट भएका हुन् ।

१. स्थापना दिवसको सम्बन्धमा

सदर प्रहरी तालिम केन्द्र २०१३ सालमा काठमाडौंमा स्थापना गरियो । क्षेत्रीय प्रहरी तालिम केन्द्र तत्कालिन पूर्वाञ्चलको धरान र पश्चिमाञ्चलको नेपालगंजमा २०२४ सालमा र बुटवलमा २०३३ सालमा स्थापना गरियो भन्ने व्यहोरा पढ्दै आइएको हो । प्रहरी प्रधान कार्यालयद्वारा प्रकाशित "नेपाल प्रहरीको इतिहास" भन्ने पुस्तक लगायत विभिन्न "लिटरेचर" मा यही छ । तर केन्द्रले भने आफ्नो स्थापना दिवस २०३४ मंसिर २८ गते मानेको रहेछ । स्पष्ट हुनका लागि प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना निर्देशनालय, कर्मचारी

प्रशासन शाखा र प्रशासन शाखाहरूबाट यथार्थ विवरण प्राप्त गर्ने कोसिस गरियो । अन्ततः अन्वेषण योजना निर्देशनालयको च.नं.५९,मिति २०७७।०५।०२ को पत्रद्वारा यस केन्द्रमा मिति २०३३ साल मंसिर २४ गते एक प्र.ना.उ.को कमाण्डमा १ सय ९९ जनाको दरवन्दी प्राप्त भई स्थापना भएको कुरा आयो ।

अर्कोतर्फ के कारणबाट स्थापना मिति २०३४ मंसिर २८ गते कायम गरिएको भन्ने बारेमा अनुसन्धान गर्दा यस केन्द्रको मूल भवनको उद्घाटन हुँदा अनावरण गरिएको t fd|kqdf **ब्जनमुखी प्रहरीको विकासमूलक गौरव पूर्ण पृष्ठभूमिमा प.क्षे.प्र.ता.के. बुटवलको नव निर्मित भवनको प्रहरी महानिरीक्षक श्री खड्गजित वरालज्यूबाट समुद्घाटन** ; ¦ Dk0g ." २०३४ मंसिर २८ गते। भन्ने व्यहोरा उल्लेख छ । यसैलाई आधार मानी स्थापना दिवस २०३४ मंसिर २८ गते मानिएको भन्ने खुल्यो ।

यसै बारेमा तत्कालीन पूर्व महानिरीक्षक खड्गजित वरालज्यूसँग सम्पर्क गऱ्यौ । उहाँले तत्कालीन राजा विरेन्द्रलाई अनुरोध गरी यो जग्गा तत्काल सेनाको भैरहवा ब्रिगेडबाट प्राप्त गरेको, "सरकार बस्तिको बिचमा प्रहरीलाई राख्नुपर्छ, सेनालाई होइन" भन्दा केही दरबारिया रिसाएर नबोलेको, जग्गा प्राप्त भए पश्चात २०३३ सालमा नै केन्द्र स्थापना गरिएको, पहिलो समादेशकको रूपमा तत्कालीन प्र.नि कृष्णमान श्रेष्ठलाई निमित्त बनाई खटाइएको, समादेशक बस्ने ठाउँ हाल बुटवल चौराहा स्थित "सपिङ कम्प्लेक्स"को स्थानमा रहेको, २०३३ सालमा नै करिब रू. १७ हजार बजेट पठाएर केन्द्रको मूल प्रशासनिक भवन बनाउन लगाएको, सोही साल नै प्रहरी जवानको छनौट गरी पहिलो प्रहरी जवान आधारभूत तालिम सञ्चालन गरिएको, करिब एक वर्ष पछि वहाँले नै उक्त प्रशासनिक भवन उद्घाटन र प्रमुख अतिथी भई तालिमको दिक्षान्त समारोह सम्पन्न गरेको आदि धेरै कुरा उहाँबाट खुल्न आयो।

जे होस्, उहाँका अनुसार यस केन्द्र २०३३ मंसिर २४ गते नयाँ स्थापना भएको बुझियो । केन्द्र स्थापना भई करिब एक वर्षमा बनेको मूख्य भवनको उद्घाटन गर्दा अनावरण गरिएको ताम्रपत्रमा उल्लिखित मितिलाई स्थापना मिति मान्दा त्रुटि भएको खुल्न आयो ।

२.समग्र "मास्टर प्लान" सम्बन्धमा

यस केन्द्रका भौतिक संरचनाहरू अव्यवस्थित र अपूर्ण छन् । यी सबै विषयवस्तु समेट्नको लागि

एक गुरू योजना (Master Plan) जरूरी थियो । हाल तयार भएको छ । यसको लागि २०७६।०५।२९ मा प्रहरी प्रधान कार्यालय प्राविधिक निर्देशनालयलाई सिलसिलेवार अनुरोध गरियो । निर्देशनालय प्रमुख प्रहरी नायब महानिरीक्षक ई. लोकेश चन्द्र सिंहज्यूको विशेष सद्भाव रह्यो । तालुक कार्यालयबाट आएका प्रहरी उपरीक्षक ई. राम कुमार चौधरी, प्रहरी निरीक्षक ई. सुमन दाहाल, प्रहरी निरीक्षक ई. सुन्दर लाखे, प्रहरी नायब निरीक्षक प्रविण मचामसी समेतको तीन टोलीले पटक पटक स्थलगत अध्ययन, नाप जाँच गरी विस्तृत "गुरू योजना" (Master Plan) तयार गरेको छ । समग्र भौतिक पूर्वाधार, प्राज्ञिक आवश्यकता (Academic Base) र अन्य संरचनाको पहिचान, निर्माण क्षेत्र र 'ले आउट' किटान गरिएको छ । भित्री पेरिमिटर, आन्तरिक सडक, ब्यारेक, प्रशासनिक भवन, प्रशिक्षण कक्ष, पिउने पानी, खेलकुद स्थल, पौडी पोखरी, जिम हल, आवास गृह, पाहुना कक्ष, अन्य सेवा स्थानहरू, चौर, बाटो, प्रवेशद्वार लगायतका सबै आवश्यकताको विश्लेषण गरिएको छ । अबको निर्माण, पुनर्निमाण र व्यवस्थापन यसै योजना बमोजिम भइरहेको र हुनेछ ।

३.प्रशिक्षण तर्फको प्रयास

केन्द्रको मुख्य कार्य आन्तरिक नै प्रशिक्षण हो । यसको लागि हामीले सम्भव भए सम्मका प्रयास गऱ्यौ। त्यस मध्येका स्पष्ट देखिने (Perceivable) केही कार्य यहाँ उल्लेख गरिएको छ ।

♦ केन्द्रमा तत्काल कार्यरत ४ प्रहरी निरीक्षक (प्र.नि) मध्ये २ जनाले Training for Trainers (TfT वा ToT) गरेको देखिएको थिएन । यसको लागि हामीले तत्कालै आन्तरिक रूपमा नै 'TfT' सञ्चालन गऱ्यौ। यसमा थप सबै प्रशिक्षण संस्थाहरूमा कार्यरत सिनियर प्रहरी अधिकृत मध्ये 'TfT' नगरेकाको लागि एउटा अलग्गै विशेष प्रशिक्षण कार्य सञ्चालन गर्न प्रहरी प्रधान कार्यालय तालिम निर्देशनालय मार्फत सिलसिलेवाररूपमा तालुक राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान (रा.प्र.प्र.प्र.) मा मिति २०७६।०५।२६ लेखापढी गरियो । शायद, यसैको कारण रा.प्र.प्र.प्र.ले एउटा नयाँ 'TfT' सञ्चालन गऱ्यो जसमा हाम्रो केन्द्रका २ जना प्रहरी निरीक्षकले तालिम प्राप्त गरे ।

♦ केन्द्रको समग्र वातावरण प्रशिक्षार्थी मैत्री (Trainees Friendly) बनाउन हरसम्भव प्रयास गरियो । यसमा बोली, भाषा, व्यवहारमा ध्यान दिंदै तालिमको पाठ्यक्रम र मापदण्डको औचित्य विश्लेषण सहित हुबहु पालना, प्रशिक्षक,

स्टाफको 'leading by Example' भूमिका आदिमा विशेष जोड दिइयो ।

♦ तुलनात्मक रूपमा कम कार्यभार (Work Load) भएका अवस्थामा केन्द्रका 'सि.प्र.अ.' बाटै आ-आफूमा क्रमशः 'सेसन' सञ्चालन र परीक्षण गरियो। सामूहिक मूल्याङ्कन गरियो । राम्रा पक्ष र सुधार्नु पर्ने पक्षको विश्लेषण र लागू गरियो ।

♦ प्रशिक्षकलाई कक्षा कोठामा जानु अघि 'पाठयोजना' तयार गर्नुपर्ने र गरे नगरेको कुरा समादेशकबाट जाच्ने गरियो ।

♦ प्रशिक्षण स्तरको 'फिडब्याक' को विश्लेषण गरी सम्बन्धित प्रशिक्षकले आफै सुधार गर्ने व्यवस्था मिलाइयो ।

♦ इच्छुक कर्मचारी र प्रशिक्षार्थीलाई अतिरिक्त समयमा कम्प्युटर प्रशिक्षण व्यवस्था प्रदान गरियो । यसको लागि केन्द्रका भण्डार शाखामा 'स्टक' राखिएका ल्यापटपलाई समेत 'कम्प्युटर कक्ष' मा स्थापित गरी उपयोग गरियो ।

साथै, समय समयमा प्रहरीसँग सम्बन्धित विभिन्न विषयका विज्ञबाट केन्द्रका प्रशिक्षक तथा प्रशिक्षार्थीहरूलाई प्रशिक्षण प्रदान गर्ने गरियो जुन अन्य तालिम केन्द्रमा पनि सफल कार्यान्वयन भएको छ आदि ।

४.प्रशिक्षार्थी प्रहरी जवानको लागि विशेष व्यवस्था

यस केन्द्रको मूल काम प्रशिक्षार्थी प्रहरी जवान (प्र.प्र.ज.) को तालिम सफलतापूर्वक सम्पन्न गर्नु हो । प्रहरी जवान आधारभूत तालिम, ८-१०९टोलीको 'कन्फाइनमेन्ट पिरियड' सकिए पछि तनाव व्यवस्थापनको लागि केही विशेष व्यवस्था गऱ्यौ ।

♦ प्रशिक्षार्थीहरूको गुनासो व्यवस्थापन गर्ने उद्देश्यले विगत देखिको प्रचलनलाई निरन्तरता दिई थप प्रभावकारी बनाउन प्रशिक्षार्थीको ब्यारेक लगायत तालिम केन्द्रको परिसर भित्र ठाउँ ठाउँमा गुनासो, राय, सुझाव पेटिका राखी प्रत्येक आइतबार समादेशकबाट आफैं खोली गोप्यताको पूर्ण प्रत्याभूति दिँदै प्राप्त गुनासा तथा सुझावको सम्बोधन गरियो ।

♦ प्रत्येक हप्ताको विहिबार प्रशिक्षार्थीहरूको बिचमा हाजिरी जवाफ, वादविवाद, वक्तृत्व कला, निबन्ध लेखन, स्वस्फुर्त संबोधन (Ex-tempore) लगायतका अतिरिक्त क्रियाकलापहरू प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गरियो ।

♦ सबैभन्दा धेरै संख्याका कार्यक्रमहरूमा तालिमे टोली बिच प्रतिस्पर्धात्मक 'सांस्कृतिक कार्यक्रम'गरियो ।

♦ हरेक महिनाको अन्तिम विहीबार

'समादेशक साँझ' गरी महिना भरिका उत्कृष्ट नाँच गान पुनः प्रदर्शन गरिने र उत्कृष्ट कलाकारलाई पुरस्कार वितरण गरियो । महिनाभरिका कार्यक्रममा छनौटमा परेका २४ जना (प्रत्येक हप्ताका पहिलो दोस्रो र तेस्रो गरी करिब १२ जना, प्रत्येक आइतबारे निरीक्षण (Inspection) का सर्वोत्कृष्ट स्टाफ, तालिमे पुरूष र तालिमे महिला गरी ३ जना गरी १२ जना) लाई पुरस्कार वितरण गरियो ।

♦ प्रशिक्षार्थीबाट प्रदर्शन गरिएका कार्यक्रमहरूलाई फोटोग्राफी शाखाबाट रेकर्ड गर्ने व्यवस्था गरी तत् पश्चातको सोमबार सोही कार्यक्रमको रेकर्ड पुनः स्क्रिन (Screen) मा हेर्ने र थप एउटा ज्ञानबर्धक चलचित्र/वृत्तचित्रको पनि हेर्ने व्यवस्था गरियो ।

♦ २०७६।०७।१८ गते बुटवलमा भएको प्रादेशिक सुरक्षा सम्मेलनमा सहभागी हुन आउनु भएका माननीय गृहमन्त्रीज्यू, माननीय प्रदेश मुख्य मन्त्रीज्यू, प्रदेश आन्तरिक मामला तथा कानून मन्त्रीज्यू, श्रीमान् सचिवज्यू, श्रीमान प्रहरी महानिरीक्षकज्यूलाई प्रदर्शन गर्ने अवसर मिल्यो । सबै श्रद्धेय व्यक्तिहरूको प्रशंसाले हामी पुलकित भएका थियौ ।

♦ सांस्कृतिक कार्यक्रममा सहभागी र पुरस्कार विजेता कलाकार प्रशिक्षार्थी लाई 'डायरी, बुट पोलिस, ब्रस' पुरस्कारका अतिरिक्त क्रमशः ३, २ र १ रातको डिउटी माफ र क्रमशः ४, ३ र २ दिन एरिया सफाइ डिउटी माफ दिइ हौसला प्रदान गरियो । यस प्रकारका कार्यबाट केही राष्ट्रिय स्तरका नाच, गान, बजानका कलाकार, हास्य कलाकार (Comedian) उत्पादन भएका थिए । यसैलाई मध्येनजर गर्दै हामीले विशेष क्षमता अनुसारको दरबन्दी मिलान गर्न पनि सि.नं. ४१८, मिति २०७७।०४।१९ को पत्रद्वारा सिलसिलेवार रूपमा जाहेर पनि गरेका थियौं।

५. भौतिक पूर्वाधार तर्फका पहल

♦ २०३३ सालदेखिको केन्द्रको आफ्नो जग्गाको हालसम्म पनि लालपुर्जा बनेको छैन । यद्यपि विभिन्न समयमा विभिन्न प्रयास नभएका होइनन् । हामीले च.नं.६२२, मिति २०७६।०९।०९ को पत्रले प्र.नि. कृष्ण प्रसाद घिमिरेको अध्यक्षतामा एउटा समिति गठन गरेर लालपूर्जा बनाउने थप प्रयास गऱ्यौ। जिल्ला वन कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय, नगरपालिका समेतबाट एउटाले अर्कोलाई देखाउने र काम नहुने अवस्थामा यी सबैलाई एकै ठाउँमा राखी सामूहिक समाधान निकाल्नको लागि जिल्ला प्रशासन

कार्यालयलाई च.न. ९१३, मिति २०७६।११।१९ को पत्रद्वारा अनुरोध गरियो । सोही अनुसार प्रशासन कार्यालयमा पनि मिटिङ गरी कानूनी र व्यवहारिक समाधान पनि निकालियो तर, कोभिडको प्रकोपले गर्दा पनि हाम्रो त्यो प्रयास सफल हुन सकेको छैन । जे होस्, हालसम्म फिल्ड बुकमा तालिम केन्द्रको नाम अंकन र तालिम केन्द्रको हक भोगको जग्गा छुट्टयाउने कार्य भइसकेको छ ।

♦ प्रदेश सरकार, आन्तरिक मामला तथा कानून मन्त्रालयबाट मिति २०७६।०८।०४ गते रू. १ करोड ५० लाख बजेट प्राप्त गरी ४ वटा प्रशिक्षण हल भएको एउटा भवन निर्माण सम्पन्न भएको छ । नियमित बजेट बाहेकको उक्त रकम प्राप्त भएको भोलिपल्टै पत्रिकामा टेन्डर आह्वान गरी कोरोना बन्दमा पनि युद्ध स्तरमा काम गरी तोकिएकै समयमा काम सम्पन्न भयो ।

♦ केन्द्रमा आफ्नै 'मिनि मिनरल वाटर प्लाण्ट' (Mini Mineral Water Plant) स्थापना गरियो । प्रदेश सरकारको वार्षिक योजनामा नै नभएको रकम प्राप्त गर्न सफल भइयो । यो प्लान्टको उद्घाटन २०७७।०४।०१ मा गरियो । केन्द्रमा आउने जाने भिआइपी, पाहुना, प्रशिक्षक र प्रशिक्षार्थी सबैले यही पानी पिउने गरिन्छ । 'गुणस्तर जाँच रिपोर्ट' अनुसार यो पानी निर्विवाद सुरक्षित छ ।

♦ केन्द्रको ठूलो ग्राउण्ड अगाडिको विगत देखिको मञ्चको पुनर्निर्माण र स्तरवृद्धि गरियो । बुटवल उप-महानगरपालिकाको सहयोगमा गरिएको पुनर्निर्माण पछि मञ्चको क्षमता दुगुना भएको छ । नयाँ छानो, 'फल्स सिलिङ', चौतर्फी बिजुली बत्ती, पंखा, रेलिङ आकर्षक बनाइएको छ ।

♦ सोही पुनर्निर्मित मञ्चको सँगै उत्तर, दक्षिणका खाली भागमा दुई वटा प्यारापिट निर्माण गरियो । यसका तीन स्टेपमा करिब ५ सय जना अट्ने छन् । यसको उद्घाटन पनि २०७७।०४।०१ मा गरियो । नियमित बजेट बिनाको यो निर्माणमा केही रकम स्थानीय निकायबाट प्राप्त भएको हो ।

♦ यस केन्द्रमा लुम्बिनी प्रदेश प्रमुख ज्यूको निवास निर्माण भईसकेको अवस्थामा सो निवास र नेपाली सेनाको बीचमा सामान्य तारबारको स्थानमा बलियो पर्खाल निर्माण गरी त्यस माथि काँडेतार र 'कन्सरटिना वायर' लगाउने काम गरियो ।

♦ केन्द्रको प्रशिक्षक र प्रशिक्षार्थीको सामूहिक मेस अगाडि उवड खावड थियो । अहिले त्यहाँ 'पोर्टेवल व्याडमिन्टन कोर्ट' रहने गरी ढलान

गरिएको छ । यसको लागि पनि प्रदेश सरकारबाट बजेट प्राप्त भएको हो । यो ढलान सँगसँगै जुनियर प्रहरी अधिकृत (जु.प्र.अ.) क्वाटरबाट मेशमा आउने बाटो पनि ढलान गरिएको छ । यी दुबै ढलानसँगै 'मिनि बगैचा' बनाइयो ।

♦ यिनै विभिन्न निर्माण र आन्तरिक व्यवस्थापनले नै केन्द्रको मूल बाटो (उत्तर दक्षिण) बाट 'फेमिली क्वाटर' हुँदै महिला ब्यारेक सम्म जाने बाटो ढलान गरियो । समादेशक क्वाटरको उत्तर, पश्चिम र दक्षिणतर्फ ढलान गरियो । महिला ब्यारेकबाट मेशसम्म जाने बाटो ढलान गरियो ।

♦ विभिन्न समयमा बनेका चर्पीका 'सेफ्टि ट्याङ्की' हरू महिना दिन भित्रैमा भरिएर दुर्गन्ध आइरहने समस्या समाधान गर्न सबै प्रशिक्षार्थीको चर्पी, क्वाटर गार्डको चर्पी र 'एम.आइ.रूम' को चर्पीमा स्काभेटरको सहयोगले ठुला-ठुला खाल्टो पारी त्यसलाई ढलान गरेर 'सेफ्टि ट्याङ्की' बनाइयो ।

♦ मञ्चको ठिक अगाडि चौरको बाहिर पट्टी एउटा 'श्रम शान्त शिविर' तयार गरिएको छ । चारतिर फूल बिरूवा रोपिएको यस स्थानमा तालिममा सहभागी गुरूबाहरूलाई अल्पकालिन आराम गर्न मिल्छ । तत्कालको घाम पानीबाट बच्न र केही समय सुस्ताउन त्यस क्षेत्रमा नयाँ स्थान बनाइएको हो ।

♦ यसैगरी केन्द्रमा ३ वटा पक्की डिउटी पोष्ट र अरू प्रशस्त कच्ची डिउटी पोष्ट तयार गरिएको छ ।

♦ केन्द्रको आन्तरिक व्यवस्थापनबाट थप दुई वटा 'फेमिली क्वाटर' बनाइयो । प्र.ह/प्र.ज र कार्यालय सहयोगीको थप दुई परिवार २०७७ सालको तिहारदेखि त्यहाँ बसिरहेका छन् आदि ।

६.फलफूल रोपणतर्फ

♦ अग्रजले रोपेका करिब २० कटहर, १५ आँप र १० लिचीका फल हामीले खान पायौ । हामीले रोपेका अनुजले पाउने छन् । 'पास इट अन' (Pass it On) को यही सिद्धान्त लाई अंगिकार गर्दै केन्द्रमा कुनै पनि अनावश्यक खाली ठाँउ नराख्ने र त्यहाँ फलफूल लगाउने अभियान नै सञ्चालन गरियो । पटक पटक गरी १ हजार ८० वटा नयाँ बिरूवाहरू रोपियो ।

♦ कागती, अमला, आँप, अम्बा, कटहर, लिची, अभोकाडो रोपियो । कोभिड १९ कारण कागती र अमलामा जोड दिइयो । करिब ३/३ सय कागती र अमला मात्र छन् ।

♦ रोपण गरिएका १ हजार ८० बिरूवा मध्ये ५० वटा मेवा कमाण्डेन्ट क्वाटर कम्पाउण्ट भित्र र वरपर

छन् । प्र.ना.उ. निवास, प्र.नि. निवास र जुनियर अधिकृतको क्वाटर नजिकै अरू करिब ३० बोट मेवा रोपिएका छन् । हर मौसममा खान पाइने र तलदेखि माथि सम्म फल लाग्ने भनिएका 'हाइब्रिड' मेवाका विरूवामा फल लागि सकेका छन् । यसैगरी केही आँप, अम्बामा पनि फल लागिसकेको फोटो केन्द्रको फेसबुकमा राखिएका छन् ।

♦ कोभिड संक्रमणमा देखिएको गुर्जोको महत्वलाई मध्यनजर गर्दै केन्द्रको पूर्वतर्फ सेनासँगको सिमानाको करिब ५ सय मिटर तारबार भरी फैलने गरी १ सय गुर्जोको बिरूवा (१०८० फलफूल वाहके) रोपण गरियो ।

♦ फलफूल रोप्ने क्रममा अरू खाली जमिन नभएकोमा केवल हरियालीका लागि रोपिएका रूखहरूको स्थानमा फलफूलले स्थानान्तरण गर्ने व्यवस्था मिलाइयो।

नयाँ रोपिएका बिरूवा मर्न नदिई हुर्कने सुनिश्चितताका लागि रोपण गरिएको स्थानलाई तीन वटा अलग बगैंचा भनि छुट्याइयो । तालिम केन्द्रमा कार्यरत तीन प्रहरी निरीक्षकलाई आफूले गर्ने नियमित कामका अतिरिक्त यी तीन स्थानका बिरूवा हुर्काउने थप जिम्मेवारी दिइयो । बिरूवा मरेमा नयाँ बिरूवा ल्याउने काम केन्द्रको र बचाउन र हुर्काउन मूल जिम्मेवार प्रहरी निरीक्षकहरूलाई बनाइयो । च. नं. ५००, मितिको २०७६।०८।०२ को पत्र अनुसार बगैंचा नं. १,२ र ३ मा क्रमशः प्र.नि कमल परियार, कृष्ण बहादुर खत्री र बिष्णु प्रसाद श्रेष्ठलाई जिम्मेवारी दिइयो । सरूवा भई गएमा नयाँ आएकोले जिम्मेवारी पाउने गराइयो । तीन प्र.नि.ले सुबेदार मेजर (सुमे), हवल्दार मेजर (हमे), रमन कमान्डरको सहयोग लिई आफ्नो क्षेत्रमा बिरूवा हुर्काउनै पर्ने गरियो । जेहोस् लगभग सबै हुर्किरहेका छन् । यी बिरूवाहरू मध्ये २० वटा अभोकाडो हेटौडाबाट सशुल्क प्राप्त भएको हो । अन्य सबै जिल्ला वन कार्यालय भैरहवा, गुप्ता नर्सरी शंकरनगर, वन बाटिका नर्सरी, वन बाटिका तथा ग्रिन नर्सरी, अर्घाखाँचीबाट निःशुल्क प्राप्त भएका हुन् ।

७ मल्टिपर्पस हल

नेपाल प्रहरीको लागि विभिन्न भौतिक संरचना बनाएको 'UNOPS' को केही रकम बचेको र त्यो रकमले 'मल्टिपरपस हल' बनाउन चर्चा भए सँगै हामीले प्राप्तिको प्रयास गऱ्यौ। अन्ततः अवसर मिल्यो । नयाँ बन्दै गरेका अन्य तालिम केन्द्रमा जाने बलियो सुभावनाका बाबजुद बुटवल

छनौट भयो । यसमा तत्कालीन महानिरीक्षक सर्वेन्द्र खनाल र प्र.प्र.का., भौतिक योजना निर्देशनालयका प्र.ना.म.नि. ई. लोकेश सिंहज्यूको विशेष सद्भाव रह्यो। यसैगरी UNOPS मा कार्यरत पूर्व प्र.ना.म.नि. कुमार कोइराला, पूर्व प्र.व.उ. इन्द्र न्यौपाने ज्यूको ठुलो योगदान छ । विविध सैद्धान्तिक, व्यवहारिक र प्रशासनिक व्यवधानका वावजुद ७ करोड, ११ लाखको हल केन्द्रको उत्तर पूर्व कुनामा बन्दै छ ।

अष्टकोणस्वरूपको यो हलमा दुई वटा 'व्याडमिन्टन कोर्ट' सहित खुल्ला स्थान तथा 'जिम हल' रहनेछ । आकर्षक मञ्च सहितको हलमा ५०० जना सम्म मानिस बस्न मिल्नेछ । 'एट्याच ट्वाइलेट' सहितका दुई वटा 'रेष्टरूम', दुई वटा' चेञ्जिङ रूम', उत्कृष्ट 'साउण्ड सिस्टम', भित्री बाहिरी कम्पाउण्ड, प्रदेशको विशेषता देखिने चार वटा 'डिस्प्ले वाल', आफ्नै पानी प्लान्ट, व्यवस्थित पार्किङ, बगैंचा र पर्याप्त ट्वाइलेट आदि छन् । आवश्यक परे 'थप मद्धत टोली'पनि राख्न मिल्नेछ । नियन्त्रणमा राख्न पर्ने ठुलो संख्याका मानिसलाई पनि राख्न सकिन्छ । UNOPS ले तयार गरी उपलब्ध गराउने हलमा 'एसी' को व्यवस्था भने छुट भएको देखियो । यसैलाई सम्बोधन गर्न सिलसिलेवार रूपमा च नं. ३३३ मिति २०७७।०७।२४ को पत्रद्वारा UNOPS लिखित अनुरोध भई गएको छ । यसलाई समेट्ने वचन प्राप्त भएको छ ।

यो हल "नेपाल पुलिस क्लब" भृकुटीमण्डपकै जस्तो गरी प्रहरी, पूर्व प्रहरी, सन्तति, अमर प्रहरी परिवारलाई निःशुल्क र अन्यलाई सशुल्क प्रयोग गर्न दिन सकिनेछ । यो प्रदेश सरकारकै लागि पनि उपयोगी हुनेछ । कल्याण कोषलाई सहयोग हुनेछ । यो हलको सिलन्यास गर्ने सुअवसर पंतिकारलाई मिल्यो जुन एक महत्वपूर्ण उपलब्धि मानेको छु ।

८. निःशुल्क अंग्रेजी कक्षा

केन्द्रमा निःशुल्क अंगेजी कक्षाको व्यवस्था गरियो । रोलकल पश्चातको १ देखि डेढ घण्टासम्म समय तोकियो । अंगेजी पढाउने उपयुक्त प्रशिक्षकलाई म आफैले 'इन्टरभ्यू' लिए । आफ्नै अंग्रजी कक्षा सञ्चालन गर्ने 'इन्टिच्यूट' मालिक र अन्य ३ वटा 'इन्स्टिच्यूट' मा अध्यापन गर्ने खुम बहादुर पालुंगे सरलाई नियुक्त गरियो । उहाँको कक्षा पनि जाँचे । मूलतः 'यु एन मिशन' को लागि केन्द्रित गरेर यो कक्षा सञ्चालन गरिएको थियो। यस कक्षाका लागि प्रशिक्षार्थीहरू पनि इच्छुक थिए। आधारभूत तालिमका

सहभागीहरूलाई समावेश गर्न सम्भव थिएन तर उन्नत तालिमका ५/ ५ जनालाई पनि समावेश गरियो । अंग्रेजी कक्षामा निरन्तर चलिरह्यो ।

म समय समयमा अनुगमनमा जान्थे । सुरूमा ६० जनासम्म रहेकोमा तेस्रो महिनाको अन्तमा भने जम्मा १२ जना मात्र कक्षामा थिए। अधिकांश कर्मचारीहरू रोलकल पछि घर परिवारमा छिट्टो पुग्नको लागि कक्षा छोडेको फेला पऱ्यो । यहाँ निर हामीले वास्तविक अभिभावकको भूमिका खेल्ने प्रयास गऱ्यौ । 'एसएलसी' पास गरेका सबैलाई सामेल गरेर अंग्रेजीको महत्वमा ब्रिफिङ गरियो । आफ्नो हितको लागि पनि अध्ययन गर्न अल्छि गर्ने आफ्ना उत्पादन (अर्थात चेला) को हितमा प्रतिबद्ध हुन सक्दैन भन्ने चुनौती दिँदै कक्षा लिन दबाब दिइयो । काम परे 'आउट गए' जस्तो जाने अन्यथा अनिवार्य रूपमा अंग्रेजी कक्षा लिनुपर्ने व्यवस्था गऱ्यौ । बाहिर दरवन्दी भएकोले नपढेमा रमाना गर्ने भनियो । निकै उपलब्धपूर्ण यो कार्य कोरोनाको कारण चार महिना पछि भने बाध्यतासाथ रोक्नु पऱ्यो।

९. अन्य विविध

♦ हरेक महिना दुई जना योग्य प्रशिक्षकलाई पुरस्कार प्रदान गरिने प्रचलन सुरू गरियो। यसको लागि च.नं. ४९४ मिति २०७६।०८।०१ को पत्रले प्र.ना.उ.को समितिले जेष्ठता बापत ५, सुमे/हमेको मूल्याङ्कन ५, कार्य सम्पादन स्तर १०, अनुशासन/ आचरण/व्यवहार १०, सिर्जनसिलता १० र समितिको मूल्याङ्कन १० गरी जम्मा ५० मा प्राप्ताङ्क सहित जसले धेरै नम्बर प्राप्त गर्छ उसले रेकर्डमा जनिने गरी नगद पुरस्कार पाउने व्यवस्था मिलाइयो ।

♦ गत वर्षको वर्षा पछि बुटवलमा डेंगु रोगको महामारी चलेकोले नियन्त्रणको लागि लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट 'फ्युमिङ मेसिन' सहित औषधी प्राप्त गरी समय समयमा छर्कने व्यवस्था मिलाइयो ।

♦ बुटवल उप-महानगरपालिकाबाट यस केन्द्रको 'एम आई रूम' एउटा नगरपालिका भित्रको एक स्वास्थ्य चौकी सरहको मान्यता दिने व्यवस्थालाई सोही अनुसार निःशुल्क औषधी प्राप्त हुने व्यवस्था गरियो । तथापि, यो एक पटक मात्र भयो ।

♦ केन्द्रमा रहेको 'एमआइ रूप' को स्तर वृद्धि गरियो । नियमित बजेट तथा आन्तरिक व्यवस्थापनबाट बेड संख्या थपेर केही नयाँ उपकरण जोडियो ।

♦ अग्रजहरूले सुरू गरेका तालिम लिन आउने १ सय २५ जना तालिमेको लागि

ओढ्ने-ओच्छ्याउने कपडा ल्याउन नपर्ने गरी तालिम केन्द्रमा नै रहने व्यवस्थाको निरन्तरताको लागि पुरानाका स्थानमा केही नयाँ व्यवस्था मिलाइयो ।

♦जनता र प्रहरी सम्बन्ध लगायत "Idea Sharing with Future Pillars on Conceptual Clarity of Youth" विषयमा बुटवल स्थित विभिन्न चर्चित शैक्षिक संस्थाहरू, दिपज्योती बोर्डिङ्ग स्कुल, अक्सफोर्ड बोर्डिङ्ग स्कुल, एभरेष्ट ईङ्गलिस् बोर्डिङ्ग स्कुल, कालिका मानव ज्ञान उच्च माध्यामिक विद्यालय, लुम्बिनी इन्जिनियरिङ कलेज भलवारी, सञ्जिवनी मेडिकल साइन्स कलेज कालिकानगर लगायतमा शैक्षिक संस्थामा प्रहरीप्रति सकारात्मक धारणा सिर्जना गराउन र समन्वयात्मक अन्तक्रिया तथा मोटिभेसनल कक्षा (Motivational Class) सञ्चालन गरियो । कोरोना महामारी पश्चात भने यो कार्यक्रम रोकियो आदि।

१०. हुन नसकेको कार्यहरू

♦ बुँदा नं. ५ को पहिलो खण्डमा उल्लेख गरिए बमोजिम यस तालिम केन्द्रको जग्गाको जग्गा धनी प्रमाणपूर्जा हालसम्म बन्न सकेको छैन ।

♦ माननीय लुम्बिनी प्रदेश मुख्य मन्त्रीज्यू र आन्तरिक मामला मन्त्रीज्यूलाई यस तालिम केन्द्रको सम्पूर्ण 'मास्टर प्लान' को बारेमा जाहेर गर्दा पाँच वर्षसम्म प्रति वर्ष २० करोडको दरले रू. १ अरब उपलब्ध भएमा सम्पूर्ण भौतिक संरचना तयार हुने कुरा जाहेर गरिएको थियो । यसमा उहाँहरूबाट सकारात्मक व्यवहार (सैद्धान्तिक सहमति) प्रदान भएको थियो । कोरोना र राजधानी सरेको कारणले यो विषय छायाँमा परेको छ ।

♦ प्रशासनिक भवन, कमाण्डेन्ट क्वाटर लगायत ब्यारेकहरू अधिकांश जीर्ण भएका छन् । 'वायरिङ' अत्यन्त पुरानो छ । कतिपय भवनका सिलिङबाट प्लाष्टर उप्किन्छ, खस्छ । ढलान चर्केका छन् । नयाँ बनाउन वा पर्याप्त मर्मत गर्न सकिएन ।

♦ तालिम केन्द्र भित्र हाल करिब ३० वटा सुकेका हटाउनु पर्ने रूखहरू छन् । यी रूखहरूको व्यवस्थापनको लागि च.नं. ५०३, मिति २०७६।०८।०२ को पत्रद्वारा प्र.नि कृष्ण बहादुर खत्रीको अध्यक्षतामा सुमे, हमे, आरपी समेतको समिति गठन गरिएको थियो तथापि यसको सम्पूर्ण प्रक्रिया अझै हुन बाँकी छ ।

♦ केन्द्रको उत्तर पश्चिम कुनामा प्रयोग बिहिन अवस्थामा जग्गा छ । यसको उपयोग गर्दै प्रहरी कल्याणको

आम्दानी बनाउने उपाय खोजेका थियौ । मिति २०७६।०७।१७ मा सह-समादेशक प्र.ना.उ. राम बहादुर के.सीको अध्यक्षतामा टोली गठन गरी अध्ययन गरियो । जुन कानूनको प्रक्रिया पुऱ्याएर पालना गर्न सकिन्छ । तीन विकल्प छन्, पहिलो-कल्याण कोषको लगानी गरी 'सपिङ कम्प्लेक्स' बनाउने र भाडामा दिने । दोस्रो, BOOT - Build, Own, Operate and Transfer_ System अनुसार जस्ता पाताको छानाको 'सपिङ कम्पेक्स' बनाउन लगाई करिब ६ वर्ष प्रयोग गर्न दिई फिर्ता लिने। तेस्रो, कंक्रिट छाना भएको 'कम्पेक्स' बनाउन लगाई करिब १२ वर्षसम्म प्रयोग गर्न दिई फिर्ता लिने । पछिल्ला दुई विकल्पमा संगठनका लगानी गर्न पर्दैन तर निकास पाइएन ।

♦ बुटवल उपमहानगरपालिकाले MI Room लाई एक पटक दिइ सकेको एक स्वास्थ्य केन्द्रको स्तर र सुविधा पुनः लिन सकिएन ।

♦ केन्द्रको मुख्य प्रवेशद्वार (मूल गेट) नयाँ र आकर्षक बनाउनको लागि आन्तरिक मामला मन्त्रीज्यूले बजेट उपलब्ध गराउनै लागेकोमा कोरोनाले रोक्यो । काम हुन सकेको छैन ।

♦ गत वर्ष प्रदेश सरकारले दिएको बजेटबाट ४ वटा प्रशिक्षण कक्ष सहितको भवन निर्माण भयो । तर हाल त्यहाँ प्रशिक्षार्थी बस्ने कुर्ची छैनन् । नयाँ कक्षमा पनि प्रशिक्षार्थीहरू विगतमा चौरमा जस्तो चकटीमा बसेका छन् । ४ सय वटा कुर्चीको लागि बजेट मागिएकोमा बजेट प्राप्त भएको छैन ।

♦ नयाँ बनाएको प्यारा पिटमा छत निर्माण गर्न सकिएको छैन ।

♦UNOPS बनाइ दिने 'मल्टिपरपस हल' मा एसी छुटेकोले राख्नको लागि औपचारिक र अनौपचारिक प्रयास भएको छ । काम हुन बाँकी छ ।

♦ गत वर्ष २ वटा थप 'फेमिली क्वाटर' बनाइयो । अरू केही थप्न सके तल्लो दर्जाका स्टाफ कर्मचारीलाई ठुलो राहत हुने थियो ।

♦ विगतका तालिम केन्द्र दिवसमा एक जना पूर्व समादेशकलाई सम्मान गर्ने कार्य हुने गरेको रहेछ । गत वर्ष भएन । हामीलाई उक्त कुरा कार्यक्रम सम्पन्न भई सकेपछि मात्र जानकारी भयो । एक हिसाबको पश्चाताप छ । एउटा संगठित संस्थाले अग्रजलाई सम्मान गर्नु अनुचित हुँदैन ।

उपसंहार

प्रदेशका मातहत दर्जा प्रहरी कर्मचारीको छनौट र तिनीहरूको आधारभूत तालिम संचालन गर्ने

एकमात्र निकाय प्रदेश तालिम केन्द्र नै हो । यो केन्द्र सक्षम र प्रभावकारी हुन सके मात्र सम्बद्ध प्रदेशमा योग्य प्रहरी छनौट हुने र सुशिक्षित प्रहरी कर्मचारीको उत्पादन हुने तथ्य निर्विवाद छ । मुलुकमा प्रहरी समायोजन ऐन, २०७६ र प्रहरी सञ्चालन, सुपरिवेक्षण तथा समन्वय ऐन, २०७६ जारी भइसकेको अवस्थामा अब प्रदेश तालिम केन्द्रहरू 'प्रदेश सरकार' को आफ्नो तालिम केन्द्र हुन् । यो कुरा बुझ्ने र बुझाउने तर्फ थप प्रयास हुनु जरूरी छ ।

हरेक प्रदेश तालिम केन्द्रको श्रीवृद्धिको लागि सम्बद्ध प्रदेश सरकारले अपनत्व लिनु आजको आवश्यकता हो । यहाँ उल्लेख भएका कुराहरू करिब १५ महिना कार्यरत निवर्तमान समादेशक आफैले बुझेका, भोगेका, सिकेका र सिकाएका सत्य तथ्यहरू हुन । यी कुराहरू प्रदेश तालिम केन्द्रलाई उपयोगी हुन सक्छन् । यी कुराहरूले सम्बद्ध निकाय र पदाधिकारीलाई केही सहयोग पुऱ्याउन सकेको अवस्थामा पंतिकारलाई आत्म सन्तुष्टी मिल्ने थियो ।

साथै, सामान्यतः हरेक शैक्षिक संस्थाले प्रति वर्ष स्मारिका प्रकाशन गर्ने गर्दछ । स्मारिका भनेको 'घटना, समारोह वा प्रसिद्ध व्यक्तिसँग सम्बन्धित स्मृति सुरक्षित रहने गरी राखिने वर्णात्मक र विवरणात्मक सचित्र पुस्तिका' हो । यो एक किसिमको सांगठनिक स्मरण (Institutional Memory) पनि हो । स्मारिकामा मूलतः हरेक वर्ष प्रकाशन हुनुपर्ने हो तर कतिपय केन्द्रहरू यो गरेको देखिदैन । सम्बद्ध समादेशकज्यूहरूले यसमा पनि ध्यान पुऱ्याउन उचित देखिन्छ । ♦

कविता

माया

मनिष प्रयत्न

अब तस्बिर पुरानो हुने होला,
अब याद बिरानी हुने होला
समय सँगै फेरियौ तिमी,
ती पलहरू कहानी हुने होला ।।

म सँगका ती दिनहरू
कालो रातभै लाग्थो तिमीलाई
रोजेकोसँग जादाँ हरेक बिहानी
सुखद बिहानी हुने होला ।।

म हिजो जे थिए आज नि
त्यहीं नै त छु नि माया
तिमी त उहीं प्रियको नै
दिलकी रानी हुने होला ।।

हाँसो खुशी जिन्दगानी
तिमीले बाच्दैं जानु सधैं
अनतरमनको जलनले त,
मै खरानी हुने होला ।।

निबन्ध

किन कर्णाली धमिलो ?

✍ **युवराज नयाँघरे**

पुगौं-पुगौं भो मन !

थकाइ भुल्न पसारिएका थियौं । तर यांगर पुग्ने रहरमा सुतिरहन मन मानेन । फेरि थकाइ, हैरानी र दिग्दारी सम्झिनै भएको छैन मैले ।

यांगर हिमालसँग आँखा जुधाउन पुगेथ्यो घाम । बादल धुम्मिएर हिमालका कुनातिर पसेर कानेखुसी गर्न लाग्दै थियो ।

'बेलैमा जाऊँ, बेलैमा फर्कौं !'

मेरा कुरा माने कन्जोकले ।

त्यसपछि हामी आधारबाट बाहिरियौं । घाम र बादलले अँगालिरहेको यालबाडसँग हावा पनि सिर्सिराइ रहेथ्यो । दक्षिणतिरका डाँडाहरूमा हिउँ परूँ-परूँ भइरहेको लाग्थ्यो । तल कर्णालीका छाल उर्लिरहेको खबर हावाको फिर्फिराइमा देखिन्थ्यो ।

३२ जेठको डुब्दो घाम ।

महाबौद्ध विद्यालयबाट स-सानो झाडी भएर मूलबाटो पुग्यौं हामी । उत्तर र पूर्वी कुनाको गुम्बाका लुङ्ता हावामा फिर्फिराइरहेथे ।

बाटोमुनि सरकारी विद्यालय । बाटो मास्तिर भव्य गुम्बा ।

यी दुवैमा पठन-पाठन हुन्थ्यो । दुवैको शैलीमा थियो अलग पारा । तर पुग्ने निश्चित बिन्दु एकै थियो । हिँडाइ र सिकाइको ढङ्ग भने भिन्न-भिन्न ।

स्कुलमा थुप्रै केटाकेटी थिए । गुम्बा नि उत्ति नै देखेथें । 'हरेक घरबाट गुम्बामा गएकै हुन्छन् !'

कन्जोकले भने ।

परम्परागत शिक्षा भएकाले यसको छुट्टै महत्व र छाप लामा समुदायमा रहेछ । प्रचार धर्मको भए पनि नीति, सिद्धान्त र व्यवहारका सरल रूप पनि गुम्बाले सिकाउने गर्छ नै ।

यांगर गइरहेका छौं ।

हावा बेस्सरी चलेको छ । बाटोको धुलोले भन्दा पनि हावाको तिखो लहरले अनुहार छेडिरहेको छ, ताछिरहेको छ, पखालिइरहेको छ ।

काने टोपी तानेको तानेकै छु म ।

काँडे पोथ्रा छन् । पश्चिम

बेगिएको बाटोको उत्तरतिर हिउँले कञ्चाककुरूक पारेको पहाड छ । ढुङ्गाको थाक छ भने नि हुने । अनौठा रूपका चट्टानमा अनौंठा रङको चमक थुप्रिएको देख्छु ।

पहिला-पहिला यताका मान्छे ज्ञानगुन सिक्न तिब्बत जान्थे । गाउँतिर गुम्बाको चलनै रहेनछ ।

दलाई लामा भागेर यता आएपछि दलाईका अनुयायीहरू नि हुम्लातिरै पसेर ज्ञानगुन सिकाउन थालेछन् । अवतारी लामा र रेखी लामा गरी दुई खालका लामाले हुम्लाको लामा समाजमा गहिरो योगदान पुगेको रहेछ ।

सामाजिक काम, प्रवचन, नीति, कर्मको मूल्य आदि बारे अवतारी लामाले सिकाउने प्रचलन रहेछ । त्यस्तै जन्म, मृत्यु, विवाह र अन्य लोक मान्यताको सिकाइमा अवतारी लामाले ज्ञान दिंदा रहेछन् ।

रेखी लामाले गाउँमा चाडपर्व, मूल्य र महत्वबारे प्रकाश पारी जीवन सहज र सरलीकरण गराउँदा रहेछन् । गुफामा बसेर अथाह ज्ञान बटुलेका रेखी लामाको चिन्तन पनि अपार हुँदोरहेछ ।

दलाई लामाले तिब्बत छोडेसँगै धेरै लामाहरू भारत पसे । कतिले हुम्लामै बसेर आफूलाई ज्ञान, चिन्तनमा डुबाए । कति खम्पाहरू यतै बसेर चीनसँग लडिरहे ।

त्यो बेला नेपाली र खम्पा बीच पनि पटक-पटक द्वन्द्व भएछ । त्यसका धेरै अवशेष म यालबाङतिर नि देखिरहेको थिएँ ।

बाटो कटनीसँग तिब्बत, दलाई र खम्पाबारे कुरामा कुरा गाँसिएर आए । यालबाङको गुम्बा देखिउन्जेलमा निकै कुरा भए कन्जोक र मेरा ।

बाटोमा भेटिएको छोर्तेन नाघेर हामीले निकै तेर्छो पार गर्यौं । झरूँ-झरूँ भएका डरलाग्दा चट्टान थिए । खसेर हामीलाई धुलोपीठो पारूँला भएका देखिन्थे । खस्नै आँटेका अरिमट्ठे र जर्खरिएका ढुङ्गाका थाक हेर्दै गइरहेको छु म ।

चिनियाँ सहयोगमा यतातिर गुम्बा, छात्रावास, विद्यालय बनेका रहेछन् निकै नै । बाटो उत्तर एउटा छात्रावास देखियो चीनकै सहयोगको ।

'हाम्रा गाउँमा चौंरी बाँडे ताक्लाकोटेले !'

हिजो बुरामसेलीका छिरिङ लामा र मुचुका कुन्दुई लामाले भनेथे । यारीकै वाङ्ग्याल, गथोक र ताक्पार लामाले नि थपेथे 'चिनियाँहरू यता चौंरी, जोप्क्यो किनिदिएर धर्म गर्छन् !'

खासगरी चिनियाँ सरकारले कृषि, पशुपालनमा राम्रै लगानी गरेको रहेछ तिब्बती समुदायमा । निश्चित

चौंरी पाल्नुपर्ने भएकाले बढी भएका चौंरी हुम्लाका गाउँ-गाउँमा दिएको अनुमान नि मैले यालबाङतिरै सुनेथें । 'चौंरी दान निकै हुने गरेको छ चिनियाँबाट !'

कन्जोकले भनेको सुनिरहेको छु । तेर्पे मोडिएर गयो हिल्सातिरै । मैले अब त्यो बाटोलाई हात हल्लाएर विदा गरें ।

'यता झरौं यता !'

छात्रावास कटे लगत्तै घुम्ती पछिको सानो गोरेटोतिर कन्जोक लागे ।

म पनि उनलाई पछ्याउन लागें । बाटो ओरालो, भिरालो र गिर्खे ढुङ्गाको छापोले भरिएथ्यो । जिउ थेग्यो, खुट्टा नअडिने । खुट्टातिर हेर्न थाल्यो ज्यान हुत्तिने । यस्तै तिरिमिरी झ्याइँमा ओर्लिरहें म ।

समात्ने बुटा परें काँडैकाँडा । सुलुत्त-सुलुत्त चिप्लिने गिर्खे भीर । सुलुलु पुगुँ-पुगुँ भइरहेको छु ।

अलिक तल पुगेपछि कन्जोक आफैं आए, डोऱ्याउन मलाई ।

यस्तो अत्यास लाग्दो बाटोमा नि म उत्तर र दक्षिणका सेता हिउँचुली हेरेर थाकेको छैन, गलेको छैन, सुस्ताएको छैन । जीवनमा उज्यालो र अँध्यारो एकैचोटी आए पनि उज्यालोले धुकधुकीलाई एक सर्को हेरिदिंदा नि लाख हुँदो रै'छ । यस्तै सम्झिन्छु म यतिबेला ।

सेता बादलको उज्यालोले अकास खुलेको छ ।

'किन कर्णाली यति धमिलो ?'

'हिउँ पग्लेर बग्यो होला नि !'

कन्जोक बोले ।

हामी तलै झरेछौं ।

'ओहो, गजब देखियो यांगर !'

'अब पुगियो !'

कर्णालीसँग टाँसिएर बसेको यांगर गाउँ हेरेर मग्न छु म । गाउँ पश्चिमको पहाडी भित्तामा थियो आनी गुम्बा । पेमा रिक्साल लामाकै पसिनाले बनेको रहेछ यो गुम्बा पनि ।

ओरालोमा थिग्री-थिग्री तल सजिलो बाटोमा पुगियो । मेरा पाखुरामा थपक्क समातेका छन् लामाले । कुइनेटाबाट मज्जैले देखियो यांगर ।

उत्तरी कुनाबाट छहरे खोला छङछङाएर बगिरहेथ्यो । पूर्वतिर हरियालीले छपक्कै ढाकेथ्यो आलु, केराउ, उवा, गहुँको हरियै लहलह ।

तल्तिर गाउँ, माथि गुम्बा थियो । अझ मास्तिर थिए गुफा ।

यांगर-जति गइरहेको छु नजिकै । सुन्दर, झुरूप्प र अँगालोमा कसिएको गाउँ लागिरहेको छ । लुङ्ताको फरफर छ हरेक घरका छाना र आँगनमा ।

२८ घरधुरी रहेछन्- यांगरमा ।

'यो गाउँमा अन्तका केटी आएका छन् ?'

मैले सोधें ।

'अँहँ, छैनन् । माथिका केटी तल जानु हुँदैन भन्ने विश्वास छ ।'

'त्यै भएर यांगरका केटी सिमिकोटतिर बढी बिहे भएका छन् । सिमिकोटका केटी यांगरमा आएका छैनन् ।'

कन्जोकले बताए ।

'सकेसम्म लामा गाउँमा आफ्नै गाउँका केटी भित्र्याउने चलन छ ।'

गाउँकै केटी ल्याउँदा धेरै बलियो नाता जोडिने विश्वास लामा समाजको हुँदोरहेछ । खर्क जान, घर चलाउन, गाउँकै केटी भित्र्याउने गरिँदो रहेछ । सकेसम्म गाउँ बाहिरको केटी बिहे गरी नल्याउने परम्परा अहिलेसम्म यालबाङ; यांगर लगायतका गाउँमा रहेछ ।

आमापट्टि रगत नाता र बुबातिर हाडनाताको चलन रहेछ यता पनि । कुल नाता चैं खलकलाई मानिन्छ । आफ्नै गाउँका केटीसँग बिहे हुँदा व्यवहार, विधि र संगतमा सघाउ पुग्ने मान्यता रहेछ यांगरमा ।

घर-ज्वाइँ ल्याउँदा उसको घरपूजा छोरीकै हुँदोरहेछ- तर वंश र हाडनाता चै ज्वाइँकै मानिने चलन रहेछ यांगरमा ।

२२ घर ढुङ्गा माटो र काठका टाँडे घर थिए । सबै घरका अगाडि ह्वाङ्ग मटान थियो । ६ वटा घरमा छाना थिए नीला- जस्ताका ।

'पुरानोलाई जित्दै गएको हो कि ?'

मैले सोधेँ ।

'जस्तापाता ल्याउन नि सजिलो । छिटोछरितो । हुनेले पुरानोभन्दा नि नयाँतिर ढल्कन थाले ।'

कन्जोग बोले ।

खोल्सो तरेर गाउँ छिर्यौं हामी ।

एकसय साठीको वरपरमा जनसंख्या रहेछ यांगरमा । झुरूप्प थिए घरहरू । सानो गोरेटो भएर गाउँ पस्दा मान्छेहरू फाट्टफुट्ट हसिँया जस्तो धार नभएको हतियार बोकेर घर हिँडिरहेथे ।

'कँमा हो यो !'

'खन्ने र खोम्रिन सजिलो हुने रहेछ ।' कन्जोगले नाम चिनाएपछि मैले हँसिया जस्तो हतियार यसो चलाएँ ।

हरेक घरका आँगनमा दाउराका चाङ थिए । बाटैभरि घोडा, खच्चड, झोपा, जुमाको मलले भरिभराउ थियो । आराले चिरेका काठको रास घरभरि थियो ।

नाक फुट्ला जस्तो भयो मलाई त । लिदी गनाएर अत्तालिएँ म ।

'के खान्छन् त यहाँकाले ?'

'फलेको केही नि म देख्दिनँ ?'

मैले रोकिई-रोकिई खसखस पोखेँ ।

'जडीबुटी खोज्छन् । कामका

लागि वर्षको एकचोटि ताक्लाकोट जान्छन् ।'

हामी बस्ती पसेर यताउता हेर्न थाल्यौं । रित्ता थिए घरहरू । चकमन्न घरमा बेला-बेला लुड्ता हल्लिएर सुनसान भत्काउँछ फरफर... फरफर... ।

पूर्वपट्टि खेतमा गरैगरा छन् । कर्णालीको सेता लहरसँग यांगरका आइमाई, केटाकेटी सबै नङ्ग्रा खियाइरहेका छन् ।

हरियो सागको भारी अँगालोभरि टिपेर आएकी थिइन् छेलिङ लामा ।

'बोर्डिङमा नि हालें । गुम्बा र सरकारी स्कुलमा नि हालें ।'

छोराछोरी सबैतिर हालेको अनुभव छेलिङले सुनाइन् ।

म हाँसें ।

'सबैलाई भाग पुऱ्याएकी रे छरछार गरेर !'

कन्जोगले भनेपछि अरू नि हाँसे ।

छेउमा थिइन्-छपाल लामा ।

गाउँ छोडेर कतै नगएकाहरू निकै भेटिए यांगरमा ।

'खोलापारि वनमा । कि त वारि गाउँमै !'

छिरिङ डोमाले भनेकी थिइन् ।

'मैले दुई आँगन टेकें । तीन घर पर म जन्मेको आँगन छ, तीन घर यता मैले छोरी जन्माएको आँगन ।'

लोप्साङ छिमीले भन्दा मभित्र हजार खुल्दुली उम्रिए । मैले धारामा पानी थापिरहेकाहरू सँग निकै कुरा गरें । दुःख, अभाव र गरीबीका कहालीलाग्दा भड्खारा यांगरमा थिए । ती भड्खारामा भासिएर बाहिरिन खोज्नेहरूका आँखासँग आँखा जुधाउन मलाई गाह्रो परिरहेथ्यो ।

'एक पटक पुगेको म । सुर्खेत कि सिमिकोट । थाहा छैन ।'

छेलिङले पनि थपिन् ।

नसकी-नसकी नि सुनें मैले ।

'ह-ह !'

लामाले यसो भन्दै अगाडि बाटो तताए ।

'हुन्छ, छुटौं त !'

संकेत यही रहेछ कन्जोगको भनाइको ।

गएकै गोरेटो भएर हामी खोल्सोमा आयौं । लिदीले गाउँ गनाएको थियो । त्यही गन्धपुरीमा यांगरको संसार बिहान, दिउँसो र रात भएर कटिरहेथ्यो ।

एक जना वृद्ध भेटिए ।

घरका छतमा ३-४ जना केटाकेटी हेरिरहेथे उनी । ती केटाकेटी सबै झिँगाले छोपिएका थिए । मौरीका बथान जस्तो झिँगाले केटाकेटीका मुख, नाक, आँखा र ओठका कुनाकाप्चा छोपिएथे छपक्कै । वृद्धले सिँगान

पुछेका औंलामा नि भिँगाले पुरै निलिसकेथे ।

पाल दोर्जेबाट हामी पूर्व लाग्यौं ।

अघि झरेको ओरालीले बोलाइरहेथ्यो । तर हामीले उसलाई नै विदा गऱ्यौं ।

'नयाँ बस्ती भएर जाऊँ ।'

कन्जोग लागे बाटो ।

बाटोमा ३ वटा छोर्तेन थिए । त्यसलाई मनैले फन्को माऱ्यौं । खुट्टाभन्दा नि मन नै पवित्र हुन्छ । त्यै भएर हामीले वरैबाट श्रद्धा बोलेका थियौं ।

यांगरमा अघि-अघि बहुपति प्रथा थियो । हिजोआज हरायो रे ।

'कम भयो । भित्रभित्रै भए नि, कम बाहिरिन्छन् ।'

कन्जोगले भने ।

'धेरैले भन्दैनन् ।'

उनले थपे ।

बस्तीतिर छिरिरहेका छौं । टुप्लुकिइरहेका छन् सुकिला घर ।

दक्षिणतिरको फाँट र खेतबाट आइमाईहरू कँमा लिएर आइरहेका छन् । अनुहारमा दुःखभन्दा नि आशाको रेखा भेटिन्छ ।

'गोडेर आएका छौं । फल लाग्ला नि त ।'

डोमाले भनिन् ।

अलिक अगाडि पुग्दा घरबाट धुवाँ पुत्पुताइरहेको देखियो । घरभित्र चिहाए कन्जोगले ।

'पसौं न !'

भित्रबाट बोलाइरहेपछि हामी छिऱ्यौं घरमा ।

खच्चड खेदेर अहिले भिँगा धपाउँदै लर्बरिइरहेका भेटिए-जगबीर र हिरालाल सार्की ।

'खच्चड किन्न आएको । भाउ मिलेन बड्डा ।'

हिरालालले भने ।

सार्कीहरूसँग अरू कुरा नि भए । किताबभन्दा खच्चड खेद्न रमाइलो भएको उनीहरूले भनिरहे । मैले किताब अझै खेदे नि हुन्छ भनिरहें ।

घोडामर्चा चिया पाकिसकेछ । खायौं दुईटैले ।

हिँड्ने बेलामा चौरीको छुर्पी हातमा नि दिइन् । एक पोको नि पारिदिइन् कुन्साङ लामाले । मैले कुटुक्क टोक्दै २-४ पैसा दिन खोजें ।

'हुँदैन, नाइँ ।'

'एक्लै आया भए लिन्थें । आफन्तीसँग आयाका छौं ।'

कुन्साङले मानिनन् ।

साँझ घर्किन थाल्यो । अनि यालबाङ लाग्दा माथिबाट तल हुम्ला कर्णालीको मलिलो तीर देखिन्थ्यो-हरियो, पहेंलो, कालो, नीलो ।

औंधी रमाइलो लागिरहेथ्यो । पहाड, हिउँ, खेत र खोलाको तह-तहमा आँखा ओछ्याइएर म पाइला घिसारि रहेथें ।

हिल्सा जाने बाटो बटारिँदै-बटारिँदै गइरहेथ्यो । त्यसलाई पछाडि पारेर हामी पूर्व हानिइरहेथ्यौं ।

यांगर- कति सुन्दर । यांगर- कति लोभलाग्दो । यांगर- कति मोहक । यांगर- कति शान्त ।

पहाडको चेपमा बसेको सौम्य बस्ती- यांगर ।

शान्त र चकमन्नको संसारले घेरेको छ यांगरलाई । वन, पहाड र हरियालीले अँगालेको छ यांगरलाई ।

मैले झम्टी-झम्टी हेरें यांगरलाई । मैले घोरिँदै-घोरिँदै हेरें-यांगरलाई । मैले घरी-घरी हेरें यांगरलाई । मैले फर्की-फर्की हेरें-यांगरलाई ।

यांगरका सबै मान्छे तल फाँटमा थिए । खेत र गरामा थिए । आली र बालीमा थिए ।

बाटोमा फाट्टफुट्ट भेटिन्थे कँमा बोकेर फर्किरहेका । बूढाबूढी थिए ती सबै । धेरै चाउरी परेका बूढीहरू थिए ।

मैले बाटो काटिरहँदा यांगर हिमाल, हुम्ला कर्णाली र यालबाङको चौरसँग मन गाँसिरहेको थिएँ । पुया खोलाको गोरेटो र याला जाने ठाडै उकाली नि निहालिरहेकै थिएँ ।

जीवनसँग यी सबै गाँसिएका छन् ।

माथि-माथिका खर्कहरू हेरिरहेको छु । बुकी फुल्ने पाटनहरू नि निहालिरहेकै छु । कर्णालीले पखालेका सुकिला ढुङ्गामा लहलहाएका लहरामा जीवनका खँदिला शब्दहरू जोरजाम गरिरहेको छु ।

त्यतातिर एउटा विश्वास रहेछ- धर्तीबारे ।

'सबसे माथि आकाश । आकाशमुनि हिमाल । हिमालमुनि बुकी फूल । बुकी फूलमुनि चट्टान । चट्टान मुन्तिर जङ्गल । जङ्गलमुनि बस्ती । बस्तीमुनि नदी ।'

यो विश्वासलाई जोडेर हुम्लीहरू गीत पनि गाउँदा रहेछन् ।

यसरी नै प्रकृति मिलेमा राम्रो मानिन्छ । यो राम्रोभित्र धर्तीको सबै कुरा उत्तम हुन्छ । त्यो उत्तमले जीवनको हरेक क्षण सत्यम् पार्छ, शिवम् तुल्याउँछ र सुन्दरम् बनाउँछ ।

यालबाङ पुग्दा नाङ्ले जून टहटहाइरहेथ्यो पूर्वतिर । छातीमा त्योभन्दा ठूलो चन्द्रमा हाँसिरहेथ्यो खित्काएर- यांगरको जून ।

कहिले लेखिएका यांगरको साँचो कथा ? ♦♦♦

विकासमा कृषिको रूपान्तरण सन्दर्भमा अर्थशास्त्री शुल्जको सिद्धान्तको महत्व

✍ गम्भीरबहादुर हाडा

परिचय

सामान्यतया प्रतिव्यक्ति आम्दानी र उपभोगमा वृद्धि हुनुलाई विकास भनेर भन्ने गरिन्छ । तर आर्थिक विकासको निमित्त प्रतिव्यक्ति आम्दानीमा वृद्धि हुनु नै पर्याप्त शर्त भने होइन । किनभने आर्थिक विकास भनेको एउटा जटिल तथा दीर्घकालीन प्रक्रिया हो । आर्थिक विकासको निमित्त प्रतिव्यक्ति आम्दानीमा वृद्धिको साथै सामाजिक, संस्थागत र संरचनात्मक कुराहरूमा पनि परिवर्तन हुनु आवश्यक हुन्छ । आर्थिक विकास मानिसले मानिसकै लागि गर्ने भएकोले यो मानव कल्याणसँग सम्बन्धित हुनुपर्दछ । प्रतिव्यक्ति आम्दानीका साथै जनताहरूको जीवनस्तरमा भएको वृद्धि, उत्पादनको संरचना तथा साधनहरूको वितरणमा संरचनागत परिवर्तनहरू, बचत र पूँजी निर्माणको दरमा भएको वृद्धि, देशमा उपलब्ध स्रोत साधनहरूको समूचित विकास र प्रयोग, विज्ञान र प्रविधिमा हुने विकास आदि जस्ता महत्वपूर्ण विषयहरू पनि आर्थिक विकासको मापदण्ड र सूचकहरू हुन् । यसको साथसाथै गरिबी निवारण, रोजगारीको अवसरहरूमा वृद्धि, समाजमा आय तथा धन सम्पत्तिको न्यायोचित वितरण, मानिसका आधारभूत आवश्यकताहरूको पूर्ति, मानव जीवनको भौतिक गुण, परिसूचकहरूमा हुने सुधार, मानव विकास परिसूचक र मानव गरिबी सूचकमा भएको सुधार आदि आर्थिक विकासका राम्रा परिसूचकहरू हुन् । आर्थिक विकासका परिसूचकहरूलाई आम्दानी परिसूचक र गैर आम्दानी परिसूचक गरी विभाजन गरी अध्ययन गर्न पनि सकिन्छ ।

नेपालको अर्थतन्त्र मूलतः कृषिमा आधारित छ । नेपालका अधिकांश मानिसहरू कृषिमा आश्रित छन् । कृषि नै एकमात्र व्यवसाय भएका कारण ग्रामीण विकासका सन्दर्भमा चर्चा गर्दा कृषिको चर्चा गर्नु अनिवार्य हुन्छ । वास्तवमा भन्ने हो भने नेपालका सन्दर्भमा ग्रामीण विकास भन्नु नै कृषि क्षेत्रको विकास हो । मानिसहरूको

निरन्तर संलग्नता, रोजगारीका अन्य विकल्पहरूको अभाव, औद्योगिकीकरणको अभाव आदिको कारणले कृषिको महत्वपूर्ण तथा सर्वोपरी स्थान रहेको छ । ग्रामीण क्षेत्रमा ८५ प्रतिशत मानिसहरू बसोबास गर्दछन् । अधिकांश ग्रामीण क्षेत्रका मानिसहरू कृषि व्यवसायमा आश्रित रहेका सन्दर्भमा ग्रामीण विकास तथा ग्रामीण क्षेत्रका बासिन्दाको उन्नति कृषि क्षेत्रको उन्नति तथा समुन्नतिमा निर्भर छ । कृषि नेपालीको आर्थिक आधारमात्र नभई सामाजिक संरचनाको निर्धारक समेत रहेको छ । नेपालको कृषि मूलतः निर्वाहमुखी छ । यसमा मूलतः खाद्यवस्तुको उत्पादनलाई बढी जोड दिइन्छ । उत्पादन प्रक्रिया सामान्य र परम्परागत तरिकाको हुन्छ । नाफा कमाउनेभन्दा बढी जीविकोपार्जनका लागि गरिन्छ । कृषि उत्पादनका क्रियाकलापहरू सामान्यतः श्रम प्रधान हुन्छन् । यसका विपरित व्यावसायिक खेती प्रणाली ग्रामीण उत्पादनको विकसित रूपमा रहेको हुन्छ । उत्पादकहरू जीविकालाई भन्दा पनि नाफालाई प्रधानता दिन्छन् । कृषिलाई एउटा व्यवसायको रूपमा अपनाएर त्यसबाट पूँजी निर्माण गर्दछन् । उत्पादनका लागि आधुनिक उपकरण, मेसिन आदिको उपयोग गर्दछन् । यो मुनाफा केन्द्रित खेती प्रणाली हो । नेपालमा अधिकांश परम्परागत खेतिपाती गरिन्छ जसको कारणबाट ग्रामीण जनताको जीवन स्तरमा सुधार आउन सकेको छैन । त्यसकारण नेपालको ग्रामीण विकासको कुरा गर्दा कृषि क्षेत्रको आमूल परिवर्तन वा आधुनिकीकरण आवश्यक हुन्छ । ग्रामीण विकास र कृषि विकासको एक-आपसमा महत्वपूर्ण सम्बन्ध स्थापित भएको छ । कृषि विकास बिना ग्रामीण विकास परिकल्पना गर्न सकिँदैन । नेपालका ग्रामीण विकास तथा मानिसको समष्टिगत जीवन स्तरमा सुधार ल्याउनका लागि यसले ठुलो स्थान ओगट्ने कुरामा दुईमत छैन । फेरि कृषिसँग एकीकृत गरेर अन्य सामाजिक सुधारका कार्यक्रमहरू अघि बढाउन सकिने अवस्था पनि विद्यमान छ । यसैले हरेक विकास योजनामा कृषिलाई उच्च प्राथमिकता दिइनु जरूरी छ ।

नेपालका अधिकांश मानिस कृषि व्यवसायमा संलग्न भएको कुरा माथि चर्चा भइसकेको छ । कृषि विकासमा संस्कारले ठुलो लगानी गरिसकेको छ । कृषिको विकास बिना ग्रामीण क्षेत्र तथा समग्र विकास सम्भव छैन भन्ने कुरा आत्मसात गरेर पनि कृषि क्षेत्रले विकासको क्षेत्रमा आशातित सफलता हासिल गर्न सकेको छैन, फलस्वरूप नेपालको कृषि क्षेत्र थुप्रै

समस्याहरूबाट ग्रसित छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

(१)प्राकृतिक कारण (Natural Challenges)

- मनसुनमा निर्भरता (Dependence on monsoon),
- बालीनालीमा रोगको प्रकोप (Attack of crop-diseases),
- कम उब्जाउ जमिनमा खेती (Cultivation on low fertile land),
- भू-क्षय (Soil-erosion),
- बाढी-पहिरो (Land slides),
- खडेरी,
- मलिलो माटोको अभाव (Lack of fertile land),
- प्रतिकूल हावापानी (Unfavourable climate),

(२)प्राविधिक समस्या (Technological Challenges)

- सिँचाईको समस्या (Problem of irrigation),
- उन्नत बीउविजन तथा रासायनिक मलको अभाव (Lack of improved seeds, chemical fertilizer),
- अवैज्ञानिक उपकरणको उपयोग (Un-scientific methods of cultivation),
- यातायातको समस्या (Problems of Transportation),
- सूचना तथा कृषक तालिमको अभाव (Lack of information and farmers training),
- पर्याप्त नीति तथा कार्यक्रमको अभाव (Lack of policy),

(३)सङ्गठनात्मक समस्या (Organizational challenges)

- जमिनको खण्डीकरण (Fragmentation of land),
- अवैज्ञानिक/विभेदपूर्ण भूमि वितरण (Unscientific/Discromonation), पूँजीको अभाव (Lack of capital),
- किसानको गरिबी तथा ऋणग्रस्तता (Poverty and indebtedness of the farmer),
- कृषि बजारको अभाव (Problems of agricultural marketing),
- अशिक्षा (Illeteracy),
- अन्धविश्वास (Seperstition)
- परिवर्तन हुन नचाहने परिपाटी (Registence to change),
- भण्डारणको अभाव (Lack of storage),
- किसानहरूको कार्यक्षमताको कमी (Ineficiency of farmers) ।

कृषिको व्यवसायीकरणमा निजी क्षेत्रको लगानीलाई पर्याप्त रूपमा आकर्षित गर्न नसक्नु, रासायनिक मलको पर्याप्त व्यवस्था नहुनु, कृषि व्यवसायीकरणको निमित्त पकेट विकास आशानुरूप हुन नसक्नु र

निकासी केन्द्र बिन्दुहरूको विकास नहुनु, कृषि सडक निर्माणमा आवश्यक लगानी हुन नसक्नु, स्थानीय उत्पादनमा व्यावसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि नहुनु, व्यावसायिक पशुपालनले प्राथमिकता प्राप्त कृषि उद्योगको दर्जा नपाउनु चुनौती देखिएको छ । हुनत ग्रामीण विकास कृषिको औद्योगिकीकरणजस्ता भौतिक पक्षको मात्र प्रगति र प्रवर्द्धन मात्र होइन, सांस्कृतिक रूपान्तरण र उन्नति पनि हो । तर जति नै मात्रामा गैर भौतिक पक्षको विकास भए तापनि भौतिक विकास बिनाको विकासले वास्तविक रूपमा ग्रामीण जनताको जीवनस्तरमा रूपान्तरण र उन्नति हुन सक्दैन ।

शुल्जको परम्परागत कृषि रूपान्तरणको सिद्धान्त

शुल्जले परम्परागत कृषि रूपान्तरणको सिद्धान्त प्रतिपादन गरी विकासका विभिन्न सिद्धान्तहरूको विकासक्रममा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । यस सिद्धान्तको अझ बढी महत्व भने कृषि क्षेत्रमा नै देखा परेको छ । परम्परागत कृषिलाई आधुनिकतातर्फ रूपान्तरण गर्ने प्रक्रिया सजिलो त छैन तर पनि रूपान्तरण प्रक्रियाका विभिन्न सम्भावनालाई शुल्जले प्रस्ट्याउने प्रयास गरेका छन् । यदि पुरानो तथा परम्परागत उत्पादन तरिकाबाट कृषि उत्पादनलाई निरन्तरता दिने हो भने भूमि जतिसुकै उर्वर भए पनि जनशक्तिले अन्तिम प्रयास वा कडा परिश्रम गरे पनि उत्पादनमा वृद्धि हुन सक्दैन तर विज्ञान र प्रविधिलाई अवलम्वन गर्ने हो भने माटो उर्वर नभए पनि र मानिसहरू श्रमप्रति समर्पित नदेखिए पनि उत्पादनमा वृद्धि आउँछ भन्ने धारणा यस नमूनाले प्रस्तुत गरेको छ ।

वास्तवमा परम्परागत कृषि संरचनामा पुस्ताहरूले प्रयोग गर्दै आएको उत्पादन फर्म समावेश भएको हुन्छ । अनि परम्परागत कृषिमा आश्रित राज्यहरू गरिब हुन्छन् र तिनीहरूले आम्दानीको अधिकतम अंश खाद्यान्नका लागि खर्च गर्दछन् । जुन देशको कृषि क्षेत्र विकसित हुन्छ त्यहाँको कृषि उत्पादन तीव्र दरमा हुन्छ । जनताको आँत बलियो हुन्छ । आम्दानीको थोरै भागमात्र खाद्यान्नका लागि खर्च गरिन्छ । यसरी कमजोर, जर्जर वा मितव्ययी अवस्थामा रहेको परम्परागत कृषिलाई कसरी उच्च आर्थिक फाइदा प्राप्त हुने क्षेत्रमा परिणत गर्न सकिन्छ भन्ने कुरालाई यस मोडेलले प्रकाश पारेको छ । परम्परागत कृषि रूपान्तरणको आधारभूत समस्या भनेको लगानी समस्या हो । तर लगानीको आपूर्ति गम्भिर समस्याको रूपमा देखा परेको छैन कृषि लगानीको स्वरूपमा

निर्धारण गर्ने प्रक्रिया वास्तविक र केन्द्रिय समस्याका रूपमा देखा परेको छ । यसका साथै कतिपय राष्ट्रहरू कृषि क्षेत्रलाई तुलनात्मक रूपले ध्यान नदिइकनै औद्योगिक प्रणालीमा रूपान्तरण भए पनि आर्थिक वृद्धिमा आधुनिक कृषि क्षेत्रले खेल्ने भूमिकालाई सहजै नकार्न सकिँदैन ।

परम्परागत कृषिका विशेषताहरू

शुल्ज नमूनाले परम्परागत कृषिको वरिपरी रहेका किसानहरूको व्यवहारलाई प्रकाश पार्दछ र परम्परागत कृषिलाई लगानीको माध्यमबाट रूपान्तरण गर्नाले फाइदा प्राप्त हुने कुरा प्रकाश पार्दछ । परम्परागत उत्पादन प्रणालीलाई अवलम्बन गरेका किसानहरूले आर्थिक वृद्धिमा पर्याप्त योगदान पुऱ्याउन सक्दैनन् किनकी त्यहाँको एकाइ वा स्रोतहरूको विभाजनमा केही महत्वपूर्ण कमजोरीहरू रहेका हुन्छन् । परम्परागत किसानहरूको तत्कालीन उत्पादनमा वृद्धि गर्ने माध्यम लगानी हो जुन आर्थिक वृद्धिको महत्वपूर्ण स्रोतका रूपमा रहेको हुन्छ ।

परम्परागत कृषिका विशेषताहरू

१. फर्म जीवनको माध्यम हो जुन स्थापित परम्परामा आधारित हुन्छ । परम्परागत कृषिलाई जनताको जीवनयापन गर्ने माध्यमका रूपमा सांस्कृतिक चित्रण गरिएको हुन्छ ।

२. संस्थागत संरचनाले भूमिको कानूनी वैधताको स्वामित्व र कृषि उत्पादनमा घरायसी उपभोगको हिस्सालाई झल्काउँछ र वितरण गर्दछ ।

शुल्जले यी विशेषताहरूलाई खासै ध्यान दिएका छैनन् । यी विशेषताहरूलाई आर्थिक विशेषताका रूपमा लिन्छन् जसलाई विशेष किसिमको वा निश्चित सांस्कृतिक मूल्यहरूसँग सम्बन्धित कार्य, मितव्यीता र जीवनस्तमा सुधार गर्ने उत्प्रेरणा आदिका सन्दर्भमा व्याख्या गर्न सकिन्छ । वास्तवमा परम्परागत कृषिलाई सापेक्ष आर्थिक वृद्धिका रूपमा परिवर्तन गर्न सकिन्छ । यो विशेष किसिमको सन्तुलन हो जुन लामो समयपछि देखा पर्दछ । उत्पादनका नयाँ एकाइहरू पनि समावेश भएका हुन्छन् । यही समयमा उत्पादनका नयाँ साधन वा एकाइहरूले केही समस्याहरूको सामना गर्नु पर्दछ । तर यतिबेला उत्पादनमा वृद्धिभन्दा पनि ग्रामीण जनताका मूल्य मान्यताले उच्चस्थान लिएका हुन्छन् । जनता कडा परिश्रम विरलै गर्दछन् र अतिरिक्त कार्यबाट पनि प्रतिफल प्राप्त हुन्छ ।

यस प्रकार शुल्जकाअनुसार परम्परागत कृषिमा विशेष किसिमका सांस्कृतिक मूल्यहरू निहित हुन्छन् ।

उनको दृष्टि कार्य क्षेत्र, मितव्ययीता, उच्च जीवनस्तरका लागि उत्प्रेरणा भन्दा ठीक फरक रहेको छ । उनी तर्क गर्छन्, विशेष किसिमको काम, मितव्ययीता व्यवहारको व्याख्या गर्दा सांस्कृतिक फरकहरू झल्काउनु आवश्यक पर्दैन किनकी आर्थिक एकाइ वा तत्वहरूले नै सन्तोषजनक व्याख्या उपलब्ध गराउँछन् । उनीहरूमा निहीत कमजोरीलाई भन्दा कार्यलाई उत्प्रेरणा दिनु पर्दछ किनकी श्रमिकको सीमान्त उत्पादकत्व ज्यादै निम्न हुन्छ । उनीहरूले वचतलाई जोड दिनु पर्दछ किनकी पूँजीको सीमान्त उत्पादकत्व निम्न हुन्छ ।

नेपाली अर्थतन्त्रमा समग्र कृषि क्षेत्रले खेली आएको भूमिका प्रमुख रहेको छ । मुख्यतया ग्रामीणस्तरमा रहेका आम कृषक समुदायमा कृषि क्षेत्रबाट प्राप्त हुन गएको रोजगारीको अवसर, मुलुकलाई समष्टिगत रूपमा प्रदान हुने खाद्य सुरक्षाको कारण कृषि क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । खुला बजारको अन्तर्राष्ट्रिय परिवेशमा मुलुकको कृषि क्षेत्रलाई व्यावसायिकरण तथा विविधिकरण गरी तुलनात्मक लाभ एवं प्रतिस्पर्धाको माध्यमबाट सक्षम बनाउनु आजको अपरिहार्य आवश्यकता बनेको छ । उपलब्ध स्रोत र साधनको आधारमा विगतका आवधिक योजनाहरू मध्ये पाँचौ योजनादेखि नै कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिईएको छ । यस क्षेत्रको विकासका ल्याउन कृषि विकासका सम्पूर्ण कार्यक्रमहरू निर्देशित रहेका छन् । मुलुकको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइको हाराहारीमा रहेको छ भने करिब दुई तिहाई जनसंख्या यसै क्षेत्रमा आय आर्जनका लागि क्रियाशील रहेको अवस्था छ ।

वर्तमान पञ्च वर्षीय योजना (२०७६ (२०८१) मा कृषि तथा प्राकृतिक स्रोत कार्यक्रम

सोच

खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभूता सहितको दिगो प्रतिस्पर्धी एवं समृद्ध कृषि अर्थतन्त्र ।

लक्ष्य

प्रतिस्पर्धी जलवायु अनुकुल आत्मनिर्भर एव निर्यातमूखी उद्योगको रूपमा कृषि क्षेत्रलाई रूपान्तरण गर्दै समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने ।

उद्देश्य

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु ।

कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी तथा आम्दानी वृद्धि गर्नु ।

व्यवसायीकरण तथा

प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्नु ।

रणनीति

१. संघ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्यमा कृषिसम्बन्धी नीति, कानून तथा योजना निमार्ण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

२. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र पद्धतीलाई एकीकृत गर्दै प्रभावकारी बनाउने र गुणस्तरीय बनाउने र गुणस्तरीय सामग्री उत्पादन तथा सेवा उपलब्धताको सुनिश्चित गर्ने ।

३. कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सृजना गर्न नीति तथा संरचनागत सुधार र कार्यक्रम सहयोग तथा सहजीकरण गर्ने

४. कृषि पूर्वाधारको विकास, बजार सूचना प्रणालीको स्थापना, साना तथा मझौला कृषि उद्यमहरूको विकास, खाद्य स्वच्छता र गुणस्तर वृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने ।

५. स्थानीय सम्भाव्यताको आधारमा उत्पादनशील कृषकहरूको प्राविधिक, व्यावसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै उनीहरूको अधिकार सुनिश्चित गर्दै उत्पादन र बजारीकरणलाई नाफामूलक बनाउने ।

६. तुलनात्मक लाभ एवं उच्च मूल्य बाली तथा वस्तुको बजारीकरण गरी, निर्यात प्रर्वद्धन गर्ने ।

७. जलवायु परिवर्तन र प्रकोबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै जलवायु अनुकुलन तथा उत्थानशील, प्रारङ्गारिक लगायतका कृषि प्रविधिको विकास र विस्तार गर्ने ।

सरकारले परम्परागत कृषिको विकासबाट अन्य क्षेत्रतर्फ स्थानान्तरण गराउन निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छः-

♦ साना तथा घरेलु उद्योगमा हुने लगानी अधिकांश साना आकारका छन् । यस्ता स-साना कर्जा लगानी गर्दा बैंकको शिरोभार खर्च (Overhead Expenditure) बढी हुने र व्यवसायीहरूलाई पनि कर्जा लिन धेरै समय लाग्ने हुँदा बैंकहरूले धेरै साना-साना कर्जा लगानी गर्नुभन्दा ग्रामीण क्षेत्रका वित्तीय संस्था/सहकारी बैंकिङ्ग कार्य गर्न स्वीकृत प्राप्त गैरसरकारी संस्थालाई थोक कर्जा (Wholesale lending) प्रदान गरी र ती संस्था प्रत्यक्ष लगानी गर्ने व्यवस्था हुन आवश्यक छ ।

♦ लघु उद्योगहरू (Micro industries)को लागि विद्यमान धितोपत्र कर्जा लगानी प्रक्रियालाई सरलीकरण गरी कर्जा सीमा बढाउनु पर्ने । वित्तीय संस्थाहरूलाई लघु उद्यममा लगानी गर्न कम ब्याजदरमा पुनः कर्जा (Refinance) दिने व्यवस्था

गर्नुपर्ने साथै उत्पादनशील उद्योगमा गरिने लगानीमा विद्यमान चर्को ब्याजदरलाई कम गर्नु पर्ने । ग्रामीण क्षेत्रमा लगानी बढाउन कर्जा कार्यक्रमलाई स्थानीयस्तरमा पुऱ्याउने आवश्यक छ । यसका लागि स्थानीय सहकारी, वित्तिय संस्थालाई क्रियाशिल तुल्याउने गर्दछ ।

♦ भूमिसुधार कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गरी जमिन पुर्नवितरणलाई अगाडि बढाउने र कृषि क्षेत्रमा विद्यमान पुरातनवादी सामाजिक, आर्थिक प्रणालीको विघटन गरी नयाँ तथा प्रगतिशील संस्थागत व्यवस्था गर्नु आवश्यक छ ।

♦ कृषि क्षेत्रको विकासका खातिर सिंचाईको व्यवस्था गर्ने र नवीन प्रविधिको प्रयोग तथा लगानीको यथोचित प्रबन्ध गर्ने र बाली उत्पादनमा विविधिकरण गर्ने तथा नगदे बालीको उत्पादनमा जोड दिनुको साथै कृषि क्षेत्रमा संस्थागत ऋण प्रवाहको आवश्यक प्रबन्ध गर्नुपर्दछ ।

♦ नेपालको भौगोलिक बनावटलाई मध्यनजर गर्दा पशुपालन व्यवसायलाई प्राथमिकताका साथ अगाडि बढाउने र ग्रामीण उत्पादनलाई उपर्युक्त बजार व्यवस्थाको लागि ग्रामीण बजारको प्रवर्द्धन गर्नुको साथै कृषि सडकको स्थापनाको साथै चिस्यान केन्द्रहरूको समेत स्थापना गर्नुपर्दछ ।

♦ कृषकहरूको सोचाईमा गुणात्मक परिवर्तनको लागि आवश्यक शिक्षा तथा तालिमको व्यवस्था गर्ने र स्थानीय तहमा कृषि क्षेत्रलाई सहयोग पुग्ने गरी साना कृषि उद्योगको विकास गर्नुको साथै कृषिलाई जीवन निर्वाह प्रणालीबाट व्यावसायिक बनाउन र विकेन्द्रीत ग्रामीण योजना बनाई कार्यान्वयन गर्नु अति आवश्यक रहन आएको छ ।

♦ उत्पादनको वृद्धिका नाममा खाद्यान्न क्षेत्र वृद्धि गर्नका लागि अनावश्यक रूपमा जंगल फँडानी तथा कमजोर जमिन उपयोग गरिएमा त्यसले विभिन्न प्राकृतिक प्रकोप तथा वातावरणीय समस्यालाई समेत निम्त्याउने भएकाले त्यस सन्दर्भमा उचित उपाय अवलम्बन गर्नुपर्दछ ।

♦ सिँचाइ प्रणालीको विकास गर्दा तथा त्यसको कार्यान्वयन गर्दा माथिबाट सञ्चालन गर्ने तथा सरकारबाट सञ्चालित भएमा त्यसको कार्यान्वयन र रेखदेखमा बेवास्ता गरिन्छ । जसका कारण सिँचाइ प्रणाली प्रभावकारी हुँदैन । त्यसैले सिँचाइलाई जनताबाटै सञ्चालित गराएमा तीनमा अपनत्वको भावना जागृत भई प्रभावकारी ढंगले उपयोग गर्न सक्छन् ।

उत्पादनको वृद्धिका नाममा खाद्यान्न क्षेत्र वृद्धि गर्नका लागि

अनावश्यक रूपमा जंगल फँडानी तथा कमजोर जमिन उपयोग गरिएमा त्यसले विभिन्न प्राकृतिक प्रकोप तथा वातावरणीय समस्यालाई समेत निम्त्याउने भएकाले त्यस सन्दर्भमा उचित उपाय अवलम्बन गर्नुपर्दछ । सिँचाइ प्रणालीको विकास गर्दा तथा त्यसको कार्यान्वयन गर्दा माथिबाट सञ्चालन गर्ने तथा सरकारबाट सञ्चालित भएमा त्यसको कार्यान्वयन र रेखदेखमा बेवास्ता गरिन्छ जसका कारण सिँचाइ प्रणाली प्रभावकारी हुँदैन त्यसैले सिँचाइलाई जनताबाटै सञ्चालित गराएमा तिनमा अपनत्वको भावना जागृत भई प्रभावकारी ढङ्गले उपयोग गर्न सक्छन् । जसका खातिर जनसहभागितामा सामुदायिक सिँचाइ प्रणालीलाई प्रोत्साहित गर्नुपर्दछ । भूमिसुधार कार्यक्रम ग्रामीण विकासको पक्षमा सञ्चालित रहनुपर्दछ र यो सञ्चालन हुँदा विद्यमान राजनीतिक, आर्थिक तथा सामाजिक पक्षलाई ध्यान राख्नुपर्दछ । भूमिसुधार कार्यक्रममा लागि निश्चित दुरदर्शिता तथा कडा व्यवहारको समेत जरूरी पर्दछ । अन्यथा नीति मात्र बनाएर त्यसको प्रभावकारी कार्यान्वयन नगरिनुको कुनै अर्थ छैन । नवीन प्रविधि बिउबिजन तथा मल र किटनाशक औषधीको प्रयोग गर्दा समेत दिगो रूपले फाइदा पुग्ने तवरले गर्नुपर्दछ । उत्पादन बढाउने नाममा अन्धाधुन्ध रूपमा त्यस्ता चिजहरूको प्रयोग गरिनु हुन्न । जमिनको सहन सक्ने क्षमता (Carrying capacity) लाई आत्मसात गरिनुपर्दछ । साथै वातावरणीय सन्तुलनलाई ध्यानमा राख्न जरूरी हुन्छ । उत्पादन मात्र बढाइयो तथा कृषिलाई व्यापक रूपमा व्यावसायीकरण गरियो तर बजारको उपयुक्त प्रबन्ध नगरिएमा त्यसले किसानका लागि समस्या उत्पन्न गर्दछ । किनकी किसानले उत्पादन प्रणालीलाई व्यावसायीकरण गर्न तथा बढी उत्पादन गर्न धेरै लगानी गरिसकेका हुन्छन् । यसैले उत्पादन र बजारबीच सावधानीपूर्वक तालमेल गर्नुपर्दछ ।

सहायक ग्रन्थहरू

- नलिनी देवकोटा, हरित क्रान्तिः कृषि विकासको सम्भाव्यता, खाद्य गतिविधि (त्रैमासिक बुलेटिन), वर्ष ७, अंक २, २०४८ कार्तिक, मंसिर, पुस, नेपाल खाद्य संस्थान, योजना तथा कार्य मूल्यांकन विभाग, प्रधान कार्यालय, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, दिगो ग्रामीण विकास (Sustainable Rural Development), दिक्षान्त पुस्तक भण्डार, कीर्तिपुर, काठमाडौं, नेपाल, प्रथम संस्करण

२०६४ मंसिर ।

♦ धनबहादुर मगर, नयाँ नेपालको पहिलो आधार : कृषि क्रान्ति, कृषि जर्नल (Agriculture Journa), मासिक, २०६६ असार, वर्ष ३, अंक १, पेज नं. १(४ ।

♦ डा.किशोर शेरचन, Resource Conservation Technology : Emerging Paradigm for Sustainable Agricultural Development, कृषि जर्नल (Agriculture Journa), मासिक, २०६६ असार, वर्ष ३, अंक १, पेज नं. ५(१० ।

♦ Pradhan, Pushkar Kumar, Manual for Urban Rural Linkage and Rural Development Analysis, New Hira Books Enterprises Kirtipur, Kathmandu, Published in 2003.

♦ Singh, Katar, Rural Development- Principles, Policies and Management "Second Edition 1999, vistar Publications' New Delhi.

♦ तीन वर्षीय अन्तरिम योजना

(२०६४/६५/२०६६/६७), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, मंसिर २०६४ ।

♦ भोजराज ओझा, समकालीन विकास अर्थशास्त्र एवं नेपालको अर्थ व्यवस्था (Contemporary Development Economics and Nepalese Economics), तलेजु प्रकाशन, काठमाडौं, पहिलो संस्करण २०५९ ।

♦ सुरेश अधिकारी, राष्ट्रिय नीति (नीतिगत व्यवस्था कार्यान्वयन, समस्या र सुझावहरू, MIS, प्रथम पटक प्रकाशन, २०६१ पुस १ ।

♦ सिंहराज उप्रेती, दैवी प्रकोप तथा प्रकोप व्यवस्थापन, प्रथम संस्करण २०६२ ।

♦ चौथौ त्रिवर्षिय योजना (२०७३/ २०७४ (२०७५ /२०७६) , नेपाल सरकार, राष्ट्रिय योजना आयोग २०७३ असार । सिंहदरबार काठमाडौं ।

♦ वर्तमान पन्ध्रौं योजना (२०७६/ २०७७ (२०८० /२०८१), नेपाल सरकार , राष्ट्रिय योजना आयोग २०७६ असार । सिंहदरबार काठमाडौं ।

♦♦♦

अवैध प्रेम

✍ गोपाल चन्द्र भट्टराई

म आफ्नो एक वर्षे कार्यकाल सफलतालपूर्वक सम्पन्न गरेर नवलपरासीबाट काठमाडौं फर्कदै थिएँ । सन्तुष्टिले मन प्रफुल्ल र उल्लासमय भएको थियो । मेरो व्यक्तित्व र कार्यशैलीको जिल्लै भरी प्रशंसा भएको थियो, सहकर्मी सेवाग्राही तथा साथी संगतीहरू सबैले हार्दिकता पूर्वक मलाई बिदाइ गरेर पठाएका थिए ।

यो त मेरो सार्वजनिक जीवनको कुरा भयो तर यो बाहेक जिल्लामा मेरो एउटा छुट्टै छदम, गोप्य र निजी जीवन पनि थियो । मेरो निजी जिन्दगी पनि जिल्ला बसाइको अवधिभर अत्यन्त आनन्ददायक, रोमाञ्चक र सन्तुष्टिले भरिपूर्ण रह्यो । ती सम्बन्धहरूको समुचित व्यवस्थापन गर्न सफल भएकोले मेरो अन्तर मन एक किसिमको बिजयी भावले पूरै अवधिभर प्रफुल्ल रह्यो । यो कथा मेरो यही छद्म जीवनको एउटा आंशिक वृत्तान्त हो ।

त्रिशुली नदी हेर्दै र गाडीमा बजेको मन्द संगीतमा आफूलाई लहराउँदै म अर्धमुदित नयनले नारायणगढबाट मुग्लिन चढदैथें, मेरो मोबाइलमा मेसेज आएको नोटिफिकेसन बज्यो ।

मेसेज सुलेखाको थियो, मेसेजमा लतिका र मेरो बिचमा भएको मेसेज आदान प्रदानको स्क्रिनशट थियो ।

लतिकाः- समय नै भएन, सरलाई बाटो मै बिदाइ गरें, मनमा कति भन्ने कुरा थिए, केही बोल्नै सकिँन म त, शुभयात्रा सर ।

रमेशः-त्यो प्रेम र सद्भावको लागि धन्यवाद ।

मैले यो पढ्दा पढ्दै सुलेखाको अर्को मेसेज आयो ।

"प्रेम त गहिरै जस्तो छ नि ? जतातैबाट प्रेम प्राप्त गर्नेहरूको कुरै अलग !''

मलाई डर लागि सकेको थियो । लतिका र मेरो बिचको सम्पूर्ण गुह्य कथाको पर्दाफास भइसकेछ,

सुलेखाले हामी बिचको सबै मेसेजहरू पढ्न भ्याइछ भनेर । तर सुलेखाको भाषाले त्यती गम्भीर कुराको संकेत गरे जस्तो लागेन र मन केही ढुक्क भयो । लतिकाको लापरबाही प्रति भने रिस उठेर आयो 'कस्ती हुस्सु आइमाई रैछ, यस्तो गोप्य संवादहरू तुरून्तै डिलिट गर्नुपर्ने, डिलिट नगर्ने हो भने अरूको आँखाबाट बचाएर राख्नुपर्ने, पूरा सार्वजनिक प्रदर्शनकै लागि फसरल्लै फिँजाइछे कि के हो !' मैले मनमनै लतिकालाई गाली गरें।

मलाई तुरून्तै लतिकालाई फोन गरेर उसको लापरबाहीपन प्रति रिसाइदिन वा त्यो मेसेजहरू तुरून्त डिलिट गर्नलाई भनौं जस्तो लाग्यो । तर एउटीको फोनको मेसेज अर्कीले थाहा पाउनु भनेको उनीहरू अहिले सँगै हुन सक्थे । अझ लतिकाको फोन सुलेखासँगै पनि हुन सक्थ्यो । यस्तो बेलामा बाठो भएर केही गऱ्यो, भन्यो वा मेसेज पठायो भने त्यसले थप डढेलो लगाउने सम्भावना देखे । त्यसैले मैले हाँसेर कुरा टार्ने मनसायले छोटकरीमा सुलेखालाई मेसेज पठाएँ, "हा हा, त्यस्तो केही होइन, बिदाइको लागि धन्यवाद भन्न खोजेको मात्र हो ।''

मेरो मेसेज हेरियो तर निकै बेर कुर्दा पनि जवाफ आएन । मलाई शंका लाग्यो यो आँधी आउनु पूर्वको सन्नाटा हो । पक्कै केटीले पूरै मेसेजहरू पढ्न भ्याई । मनमा तुफान चल्यो 'किन जवाफ फर्काइन, रिसले आगो भइहोला, अब कसरी यसको सामना गर्ने होला, हाँसेर टार्नु कि, हाम्रो बिच केही पनि थिएन भनेर आफ्नो बचाउ गरिरहनु कि, गल्ति भयो अब लतिका सँग कुनै सम्बन्ध राख्दिन भन्नु कि.....!' म असरल्ल समस्याहरूका बिचमा फसे जस्तो भएँ ।

कारको पछिल्लो सिटमा छट्पटाइरहें म । आँखा, कान खुल्लै थिए तर न कार भित्र बजिरहेको संगीत सुनिरहेको थिएँ म न शिशा बाहिर पछाडि पट्टी दौडिरहेको रूख र बिजुलीका पोलहरू देखिरहेको थिएँ । म एउटा आन्तरिक रूपमा असहज परिस्थितिबाट गुज्रिरहेको थिएँ ।

लगभग दुई घण्टा पश्चात बल्ल अर्को मेसेज आएको संकेत आयो। हतारहतार खोलेर हेरें र हेरेको हेऱ्यै भएँ । मैले शंका गरे झैं भयंकर बिस्फोटनका साथ मेरो र लतिका बिचको वार्तालापको अर्को स्क्रिनशर्ट मेरो मोबाइलको स्क्रिमा थियो ।

लतिकाः-दुई वर्ष अघि श्रीमान् विदेश गए । यता सुकुमारी जस्तै भएर बसेकी म जस्ती नाजुक कलीले तपाईंजस्तो जवान मर्दको सामना गर्नु पऱ्यो, शरीर थिलथिलो भएर दुःखेको

छ । बाहिर जस्तो नरम मिजासको हुनुहुन्छ, वेडरूममा त्यसको ठिक विपरित खालको हुनुहुँदो रैछ ।

रमेशः– म सौन्दर्यको पुजारी हुँ, मैले माया गरेको सम्झेर पीडालाई पनि मिठासका साथ ग्रहण गर ।

लतिका र म बिच प्रथम पटक दैहिक संसर्ग भएको भोलिपल्टको संवाद थियो त्यो । स्क्रिनशटमा यती नै थियो । तर अनुमान सहजै लगाउन सकिन्थ्यो कि सुलेखाले यो भन्दा अगाडि र पछाडिका लतिका र मेरो बिचमा भएका अन्तरंग, गोप्य, उत्ताउला सबै प्रकारका वार्ताहरू अघोपान्त पढ्न भ्याइसकी ।

मलाई लतिकाको लापरबाही प्रति फेरि रिस उठेर कान नै राता भए । 'कस्तो मोबाइललाई पासवर्ड लक गरी राख्न पनि नसकेकी होला', म एक्लै बर्बराए । तर अब म लतिकासँग रिसाएर केही हुने वाला थिएन, प्याण्डोराको बाकस खुलिसकेको थियो । अब परिणाम भोग्नु बाहेक मसँग केही बाँकी थिएन ।

म अब अत्यन्त व्यग्रताका साथ सुलेखाको बिस्फोटक प्रतिक्रिया पर्खिरहेको थिएँ । हुन त उसले त्यो वार्ताको स्क्रिन शट पठाए पश्चात मैले नै प्रतिक्रिया दर्शाउनु पर्थ्यो होला । तर मैले आँट गर्न सकिन । म त्यसै छटपटाएँ, के गर्नु के गर्नु भएँ । न ड्राइभरलाई गाडी द्रुत गतीमा कुदाउन लगाउँदा यो समस्याबाट भाग्न सकिन्थ्यो न टन्न मदिरा पिएर नशामा लट्ठ हुँदा यो सत्य अन्यत्र मोडिन्थ्यो । रंगे हात पक्राउ परेको म जालमा परेको खरायो जस्तै निरीह भएँ ।

लगभग आधा घण्टा कुर्दा पनि न सुलेखाले फोन गरी, न उसको मेसेज आयो । मन उद्वेलित भइरहेको थियो । तर एक मनले सोच्यो, 'के पहाडै खस्यो भने जस्तो गरी पनि आत्तिनु, ठिकै छ हेरौंला जे हुन्छ ।'

यहीं कुरामा मात्र दिमागलाई केन्द्रित गर्नु भन्दा सोच दिशान्तर गर्नु उपयुक्त हुने ठानेर म मोबाइलमा फेसबुक हेर्न थाले। मेरा आँखा मोबाइलमा थिए तर फेसबुकले खासै मेरो ध्यान आकृष्ट गरिरहेको थिएन । मनमा सुलेखा नै तान्डव मच्चाइरहेकी थिई। तर अप्रत्याशित रूपमा फेसबुकमा सुलेखा नै देखिई । उसले आफ्नो वालमा ठूलो ठूलो अक्षरमा ब्यानर बनाएर भर्खरै आफ्नो स्ट्याटस राखेकी रहिछ मैले हतारिएर पढेंः–

मेरो विश्वासको जगमा खडा भएको मन मन्दिरको गजूर थियौं, विश्वास टुटेसँगै तिमी खस्यौं, स्खलीत भयौं, भुइँमै मिल्यौं । मैले ढुँदै गरेको रक्तका आँशुको कसम, तिमी अब मैले

सम्मान गर्ने त्यो मान्छे रहेनौँ जो अहिले सम्म थियौँ ।

सुलेखाले यो स्ट्याटस सार्वजनिक रूपमै राखेकी भए पनि स्ट्याटसले कुन मान्छेलाई इङ्गित गर्न खोजेको हो त्यो खुलाएकी थिइन । तर मलाई स्पष्ट थाहा भयो यो स्ट्याटस भर्खरैका घटनाक्रमबाट श्रृजित थियो र त्यसले मलाई नै इङ्गित गरिरहेको थियो ।

मैले एक दुई पटक त्यो स्ट्याटस दोहोऱ्याएर पढें । कता कता मलाई आफ्नो आत्मसम्मानमा चोट पुगेजस्तो, आफ्नो 'इगो हर्ट' भए जस्तो अनुभव भयो । भर्खरसम्म सुलेखासँग डर थियो मलाई, अचानक हल्का रिस उठ्न थाल्यो ऊ प्रति । म भित्रको पौरूष श्रेष्ठता जाग्दै गरेको बेला थियो त्यो । 'एउटी भ्याउरी केटीले मलाई अनादर गर्ने ? भुइँमै मिलिस् भन्ने ? त्यसले सम्मान नगर्दैमा म अपमानित हुने हो र ?' म अझै रिसाउँदै गएँ एक्लै । मान्छे त्यतीखेर बढी प्रतिक्रियात्मक र चाहिने भन्दा बढी रिसाउँछ जब आफू उपर उठाइएको कुनै सवालमा ऊ आफैं कमजोर र तर्कहिन अवस्थामा पुग्दछ । त्यस बाहेक प्रेम सम्बन्धमा कुनै महिलाले आफूलाई परित्याग वा 'डम्प' गरेको घोषण गरी भने पौरूष अहम् जाग्दछ । 'डम्प' गर्ने हैसियत त आफ्नो पो हो, महिलाले आफूलाई डम्प गरी भने त आफू नामर्दै भइहालियो 'नि' भन्ने पौरूष घमण्डको कारण यस्तो बेला ऊ अपमान बोधले तिल्मिलाउँछ । यतीखेर सायद म यस्तै अवस्थामा थिएँ ।

गाडी आफ्नै रफ्तारमा हुँइकिइरहेको थियो मेरो अन्तर मनको द्वन्द्व र असहजतासँग बेखबर । गाडीको चेपचापबाट प्रवेश गरेको चिसो हावाले जाडो भए जस्तो अनुभव भयो, भोक पनि लागिरहेको थियो । मैले ड्राइभरलाई नजिकको कुनै रेष्टुरेन्टमा गाडी रोक्न लगाएँ ।

न्यानो घाममा लगाइएको टेबुलमा म आफ्नो अर्डरको खाना पर्खिरहेको थिएँ, अचानक मोबाइलमा मेसेज आएको जनाउ पाएँ । मेसेज नहेरिकनै मलाई एक किसिमको राहत महसुस भयो । कमसेकम कुरा अगाडि त बढ्ने भो अब । एक अर्का बिचमा संवाद भयो भने स्थितीको गम्भीरता कति छ र अब कसरी अगाडि बढ्ने भन्ने एउटा बाटो त तय हुन्छ ।

मैले हतार हतार मेसेज हेरें, सुलेखाकै मेसेज थियो ।

"बोल्ती बन्द भयो ? बोल्ने कुनै ठाउँ राखेको भए पो बोल्नु ! तपाईंले जसरी मलाई धोका दिनुभो, जसरी मलाई अन्धकारमा राख्नु भो नि, त्यो सम्झँदा त म अब कसैलाई विश्वास गर्न सक्दिन

होला जस्तो लागिरहेको छ । म अहिले कति कमजोर भएको अनुभव गर्दैछु, कति पीडा महसुस गर्दैछु । कसैबाट पाएको धोका जस्तो पीडादायी केही नहुँदो रहेछ । तपाईं त सम्झेर हाँसि राख्नु भाको होला, बधाइ छ तपाईंलाई''।

म अरूलाई पीडा भएको देख्दा थाहा, पाउँदा खुसी हुने मान्छे त हैन तर सुलेखाले पीडा महसुस गरिरहेकी छ भन्ने थाहा पाउँदा अहिले चैं मलाई एक किसिमको राहत महसुस भयो । मेरो कारण उसलाई पीडा हुनु भनेको उसले मलाई अर्थहिन, मूल्यहिन व्यक्ति ठानेर सर्लक्कै छोडेको, बिर्सेको वा परीत्याग गरेको हैन भन्ने मलाई लाग्यो । मेरो पौरूष अहम् एक किसिमले सन्तुष्ट भयो ।

मलाई सजिलो के भयो भने उसले फोन गरिन, गरेकी भए मलाई कुरा कहाँबाट सुरू गर्ने, के भन्ने भएर अप्ठ्यारो हुने थियो । मेसेजमा त म फुकी फुकी पाइला चाल्न सक्थें, सोची विचारी जवाफ दिन सक्थें। अहिले पनि जवाफ दिन मैले हतार गरिन ।

न्यानो घाम र तातो खानाले शरीरमा आनन्दको संचार भयो भने सुलेखाको मेसेजले मनमा पनि अलिकति घाम लाग्यो । म हल्का उज्यालिएर गाडीमा बसें, गाडी पुनः हुँइकियो ।

मैले जवाफ पठाउनु भन्दा अगावै अर्को मेसेज आयो सुलेखाको, लेखिएको थियो ।

"तपाईं ढुंगाको मन भएको मान्छे, अर्कोलाई पर्ने चोट र पीडाको कुनै मतलब नगर्ने मान्छे । तपाईंसँग बिताएका हरेक पलहरू मेरो जीवनको अमूल्य सम्पत्ति जस्तो गरी मैले मनमा राखेकी थिएँ, अहिले ती हरेक पलको सम्झनाले मलाई पोलिरहेको छ, घोचिरहेको छ । तपाईंले मलाई दिएका उपहारहरू, मलाई गरेका सहयोगहरू सबै मेरो शरीर खरिद गर्नलाई तपाईंले तिरेको मूल्य रहेछ । मैले आफ्नै शरीर बेचे जस्तो, निम्न स्तरकी वेश्या भए जस्तो भाको छ अहिले मलाई फोहोरी अनुभव गरिरहेकी छु म आफैंलाई । तपाईंको शरीरको गन्ध अत्तर जस्तो लाग्थ्यो मलाई, अहिले मेरो शरीरमा टाँसिएको तपाईंको गन्धले वाक्वाकी लागिरहेको छ, कसरी मुक्ति पाउनु मैले यसबाट ?''

यो नारीजन्य गुनासो थियो । उसका शब्दहरूले घोचे पनि, उसको भनाई तित्त लागे पनि मैले चुपचाप ग्रहण गरें। तर केही त मैले पनि जवाफ पठाउनै पर्‍यो । हाम्रो सम्वाद वा सम्बन्धको लागि एउटा मार्ग त निश्चित गर्नै पर्‍यो । निर्लज्ज भएर पहिलो पटक मैले पनि मेसेज पठाएँ :

"यो तिम्रै गल्ती हो बुझ्यौं,

अर्काको मोबाइल हेर्ने बानी ठिक हैन भनेर मैले तिमीलाई नसम्झाको हो र ? त्यत्ती नहेरिदिएकी भए कति जाती हुन्थ्यो, हामी दुबै कति खुसी रहन्थ्यौं, एक अर्काको सन्झनाले मन कति प्रफुल्ल रहन्थ्यो । अहिले हेर त हामी कुन धरातलमा छौं ? मैले तिमीलाई कुनै दुर्व्यवहार गरेको छैन, नियतवश दुःख दिएको छैन, यो दुःख तिमीले नै निम्त्याएको हो ।''

एकैछिन पछि उसले जवाफ फर्काइ, "नबोल्नुस् तपाईं मसँग । ए उल्टो मेरो पो गल्ति ? दस दुनियाँसँग सुत्दै हिँड्नेले गरेको चैं ठिक, मैले मोबाइल हेरेको चैं गलत ? हैन, तपाईंलाई के पुगेको थिएन र जानुभो त्यो आइमाईंसँग ? भन्नुस् त ? म भन्दा राम्री छे त्यो ? दश पन्ध्र वर्षले जेठी छे म भन्दा । मलाई त मेरो बोइफ्रेण्डको कति धेरै माया लागिराको छ अहिले, उसले कति पटक मलाई भन्यो एक रात सगैं बसौं न भनेर, बिन्ती भाउ गऱ्यो तर ठाडै खाएँ मैले उसलाई । तँलाई मेरो माया हैन शरीर चाहिएको रैछ भनेर हप्काएँ । बिचरा हिजो आज केही भन्दैन माया मात्र गर्छ । तर जसलाई मैले मायाले शरीर सुम्पें, आफ्नो सतित्व सुम्पें, उसैले चै यसरी धोका दियो । धत्तेरिका, यत्तिका वर्षसम्म मैले जोगाएर राखेको मेरो बहुमूल्य 'भर्जिनिटी' कति सस्तो तरिकाले मैले कस्तो गलत मान्छेलाई सुम्पेछु ! सम्झिँदा पनि शरीर नै फतक्क गलेर आउँछ ।''

अब धमाधम हाम्रो मेसेजमै वार्ता हुन थाल्यो । ऊ कहाँ के गर्दैथी मैले सोधिन तर मेरो लागि भने गाडीमा बोर भएर बिताउनु पर्ने समय राम्रै सँग कटिरहेको थियो ।

"एउटा कुरा भनौं, तिमी आधारभूत रूपमै गलत छौं । तिमीले मलाई माया गर्ने नै होइन । माया त तिमी आफ्नो ब्वाइफ्रेण्डलाई गर न । मलाई त तिमीले प्रयोग गर्ने हो, आफ्नो शारीरिक सुखको लागि अधिकतम शोषण गर्ने हो ।''

हेर न बोल्न सकेको । एउटी केटीले जब कसैलाई शरीर सुम्पिन्छे, त्यो माया बिनै सम्भव छ ? पैसाको लागि शरीर बेच्ने वेश्याले मात्र निरपेक्ष भएर अर्कासँग सुत्न सक्छे, म वेश्या हुँ ? तपाईंको लागि त वेश्या भन्दा के फरक भएँ र म । जसरी तपाईं मेरो लागि एकमात्र पुरूष हुनुहुन्थ्यो, म ठान्थे म पनि तपाईंकी एक मात्र हुँ तर म त कैयौं विकल्पहरू मध्येकी एक रैछु । एक रात मसँग । अर्को रात अर्कैसँग छिः मलाई त सम्झेर ल्याउँदा आफैसँग घिन लागेर आउँछ, आफैलाई धिक्कार्न मन लाग्छ ।"

"यही कुरा मेरो श्रीमतीले म सँग भनिन् भने के हुन्छ ? हेर सुलेखा,

तिमीले मसँग वफादारिताको अपेक्षा गर्न सक्दिनौँ । संसारकी सबै भन्दा नजिककी, मैले सबै भन्दा बढी माया गर्ने मेरी श्रीमतीसँग त म बफादार रहन सकिँन भने तिमीसँग कसरी हुन सक्छु ? बफादारीताको लागि म मेरी श्रीमतीसँग मात्र जवाफदेही छु, म उनलाई मात्र प्रेम गर्छु । तिमी पनि तिम्रो ब्वाइफ्रेण्डलाई मात्र प्रेम गर, मलाई गर्नु पर्दैन । तिम्रो मेरो सम्बन्ध भनेको परस्पर दैहिक सुखको लागि हाम्रो एउटा गोप्य सहमती मात्र हो, यसलाई यसरी नै बुझ ।''

"मैले कहिले तपाईंलाई श्रीमतीलाई माया नगर्नु भनेकी छु र ? तपाईंकी श्रीमती प्रति मेरो अपार श्रद्धा छ । खराब त तपाईं पो हो त, अर्काको भावनासँग खेलबाट गर्ने, अर्कालाई धोका दिने, अर्काको माया नबुझ्ने, चार चौरास डुलुवा । पहाडतिर मान्छेले 'बिऊ रागो' पाल्छन् नि गाउँ भरिका भैंसीहरूलाई गर्भधान गराउनलाई, तपाई पनि त्यस्तै हो, निस्फिक्री, अरूप्रति बेमतलव आफूलाई मस्ती भए पुग्ने ।"

मेरो घरको गेटमा गाडी नरोकिए सम्म हाम्रो मेसेज वार्ता चली नै रह्यो यसरी नै । मोबाइलमा टाइप गर्दा गर्दा औंला नै थाके । एक किसिमको घमासान युद्ध जस्तै भयो मोबाइलमा । 'डिजिटल वार' नै भने पनि हुन्छ क्यारे यसलाई ।

उसले मलाई भन्नु नभन्नु भनी, मैले चुपचाप सहें । आफ्नो तर्क दिएँ । आफ्नो प्रतिरक्षा गरें र उसलाई कन्भिन्स गर्ने कोसिस गरें। उसले भएजति आफ्नो भँडास पोखी, तथानाम गाली गरी, रोई, अब उपरान्त मेरो अनुहारै हेर्दिन भनी, मलाई घृणा गर्छु भनी । मैले चाहीं उसका सबै प्रतिक्रियाहरूलाई सकारात्मक रूपमा लिएँ । उसले मसँग संवादै नगरेकी भए, मसँग पूर्ण रूपमा सम्पर्क विच्छेद गरेकी भए मलाई सकस हुने थियो । मेरो अहम्मा चोट पुग्ने थियो र म यो वा त्यो नकारात्मक कदम चल्ने अवस्थामा पुग्ने थिएँ । तर मसँग गुनासो गर्दै र मलाई गाली गर्दै भए पनि ऊ मेरो सम्पर्कमा रहिरहनु भनेको ऊ अझै सम्बन्धलाई निरन्तरता दिने पक्षमा छे भन्ने मैले ठाने । मैले बुझें ऊ बस हाम्रो बिचमा आएको यो बादल हटाउन चाहन्छे र सफा निलो आकाशमा पहिले झैं उन्मुक्त उडान भर्न चाहन्छे ।

मैले बुझेको ठिकै रहेछ । सुलेखा र म त्यसपछिका दिनहरूमा पनि निरन्तर सम्पर्कमै रह्यौं । उसले मलाई जितेरै छोडी र लतिकासँग पूर्ण रूपमा सम्पर्क विच्छेद गर्नलाई मलाई बाध्य पारी, मलाई उसको मात्र बनाई । कालान्तरमा कामको शिलशिलामा सुलेखा पनि काठमाडौं नै आई आफ्नो ब्वाईफ्रेण्डसँग बिहे गरी । छोराछोरी

पाई । सुलेखाको छोरीको अनुहार उसको लोग्नेसँग धेरै मिल्छ । तर सुलेखा लाडे पल्टेर लोग्नेलाई भन्छे, 'छोराको अनुहार त काटिकुट्टी तिमी जस्तै, बाउकै फोटोकपी ।' उसको लोग्ने मख्ख पर्छ । तर सुलेखा र मलाई मात्र थाहा छ उसको छोराको अनुहार मसँग मिल्छ । सुलेखाको घरमा मेरो छोरा सुख सयलसाथ हुर्किरहेको छ, म पनि मख्ख छु ।

सुलेखा र मेरो गोप्य सम्बन्ध स्थापित भएको १५ वर्ष भयो आज, अझै पनि यो स्थापित नै छ, गोप्य नै छ । ♦

कविता

भावना

✍ **बेनी बहादुर थापा**

कतै नजाउ घरै बस भन्छ कोरोनाले
यता नआउ परै बस भन्छ कोरोनाले
यता उता जान परे माक्स लाउ भन्छ
आएपछि हात धोउ भन्छ कोरोनाले

सावुन पानी सेनीटाइजर प्रयोग गर भन्छ
वरपर सफा गर भन्छ कोरोनाले
सफा लाउ शुद्ध खाउ यस्तो पनि भन्छ
सन्तोषले घरै बस भन्छ कोरोनाले

शारीरिक दूरी राख जहाँ गए पनि
खोजी खोजी म हिँड्दिन भन्छ कोरोनाले
लकडाउन राम्रोसँग पालन पनि गर
अन्धभक्त नबन है भन्छ कोरोनाले

व्यायाम गर ध्यान गर यस्तो पनि भन्छ
हाउगुजी नबन है भन्छ कोरोनाले
हात मिलाई अंकमाल गर्नुहुन्न अब
नमस्कार नमस्ते नै भन्छ कोरोनाले

-टोखा, काठमाडौं ।

अन्धविश्वास र विज्ञान

✍ पूर्व प्र.व.उ.विक्रम गुरुङ

यदि तपाईं शाब्दिक अर्थमा जानुहुन्छ भने, अन्धविश्वासको अर्थ हो- अन्धाधुन्ध विश्वास गर्नु वा नबुझीकन विश्वास गर्नु। यसको तात्पर्य कुनै विषयलाई नबुझीकन, विश्वास गर्नु- संक्षेपमा यसलाई अन्धविश्वास भनिन्छ। अंग्रेजीमा यसलाई 'ब्लाइन्ड फेथ' (Blind Faith)भनेर चिनिन्छ। पुरानो परम्परावादी विचारहरूमा प्रभावित भएर गरिने कार्य जसको कारण अज्ञात छ, त्यसलाई हामी अन्धविश्वास भन्छौं।

आदिमकालमा मनुष्य अनेक क्रियाहरू र घटनाहरूका कारणहरूलाई जान्न सक्दैनथे। अज्ञानतावश यी सबैको पछि कुनै अदृश्य शक्ति छ भन्ने उसको धारणा थियो । वर्षा, बिजुली, रोग, भूकम्प, विपत्ति आदि अज्ञात तथा अज्ञात दैवी शक्ति, भूत, प्रेत र पिशाचहरूद्वारा गरिएको प्रकोपको परिणाम मानिन्थ्यो। मानिसमा ज्ञानको प्रकाश भएर पनि यस्ता विचार हराएर गएनन्, मात्र यी अंधविश्वास मानिन थालिए। आदिकालमा मनुष्यको कार्यक्षेत्र संकुचित थियो, यस कारण अन्धविश्वासको संख्या पनि कम नै थियो । जब मनुष्यको क्रियाकलापको विस्तार भयो तब अन्धविश्वासको जाल पनि फैलिदै गयो र यिनका अनेक शाखा-प्रशाखा भए। विज्ञानको प्रकाशमा पनि यो लुकेर बस्छ। यसको कहिले पनि पूर्णरूपमा उन्मूलन हुँदैन।

विज्ञान त्यो व्यवस्थित ज्ञान अथवा विद्या हो जुन विचार, अवलोकन, अध्ययन, र प्रयोगले प्राप्त गर्न सकिन्छ, कुनै अध्ययनको विषयको प्रकृति वा सिद्धान्तहरू जान्नका लागि अध्ययन गरिन्छ। विज्ञान शब्दको प्रयोग ज्ञानको यस्तो शाखाको निम्ति पनि गरिन्छ, जो तथ्य, सिद्धान्त र तरिकाहरूलाई प्रयोग र परिकल्पनाद्वारा स्थापित अनि व्यवस्थित गरिन्छ। यसप्रकार भन्न सकिन्छ कि कुनै पनि विषयको क्रमबद्ध ज्ञानलाई विज्ञान भनिन्छ । कुनै विषय वा वस्तुको प्रयोग र अवलोकनमा आधारित क्रमिक अध्ययन ज्ञानलाई नै विज्ञान भनिन्छ। विज्ञान मानव सम्पदाको एक उल्लेखनीय

उपलब्धि हो । सत्यको खोजी नै विज्ञानको प्रमुख लक्ष्य हो । विज्ञानले असाधारण कुरालाई सम्भव बनाउँछ । विज्ञानमा वैज्ञानिकहरूले पहिला अवलोकन गर्छन् । अनि त्यो किन कसरी भयो भनी प्रश्न गर्छन् । त्यसपछि परिकल्पना गर्न शुरू गर्छन् । त्यो परिकल्पना अनुसार धेरै पटक प्रयोग वा परीक्षण गरेपछि अन्त्यमा गएर वैज्ञानिक सिद्धान्त बन्छ । हाम्रो पूर्वीय दर्शनले कल्पना धेरै गऱ्यो, तर त्यसको परीक्षण गर्ने उपकरणको विकास गर्न सकेन । यद्यपी हामीसँग बेदहरू भएता पनि विज्ञानको उचित विकास हुन सकेन ।

अन्धविश्वासको वर्गीकरण

अन्धविश्वासको सर्वसम्मत वर्गीकरण सम्भव छैन। यसको नामकरण गर्न पनि कठिन छ। पृथ्वी शेषनागमाथि छ, वर्षा, गर्जन र बिजुली इन्द्रका कामहरू हुन्, भूकम्पकी अधिष्टात्री एक देवी छे, रोगहरूका कारण प्रेत र पिशाच हुन्, यसप्रकारका अन्धविश्वासलाई प्राग्वैज्ञानिक वा धार्मिक अन्धविश्वास भनिन्छ। अन्धविश्वासको अर्को ठूलो वर्ग छ मन्त्र-तन्त्र। यस वर्गका पनि अनेक उपभेद छन्। मुख्य भेद हुन्, रोग निवारण, वशीकरण, उच्चाटन, मारण आदि। विविध उद्देश्यहरू पूरा गर्न मन्त्र प्रयोग प्राचीन तथा मध्यकालमा सर्वत्र प्रचलित थियो। मन्त्रद्वारा रोग निवारण गरिन्छ भन्ने अनेक मानिसहरूको व्यवसाय थियो। विरोधी र उदासीन व्यक्तिलाई आफ्नो वशमा गर्नु वा अर्काका वशमा गराउनु मन्त्रद्वारा सम्भव मानिन्थ्यो। उच्चाटन र मारण पनि मन्त्रका विषय थिए। मन्त्रको व्यवसाय गर्ने दुइ प्रकारका हुन्थे, मन्त्रमा विश्वास गर्ने, र अर्कालाई ठग्नका लागि मन्त्र प्रयोग गर्ने।

जादू-टुना

जादू-टुना, शकुन, मुहूर्त, मणि, ताबीज, जन्तर आदि अन्धविश्वासका सन्तान हुन्। यी सबका अन्तस्तलमा केही धार्मिक भाव छन्, परन्तु यी भावहरूको विश्लेषण हुन सक्तैन। यिनमा तर्कशून्य विश्वास छ। मध्य युगमा यो विश्वास प्रचलित थियो कि यस्तो कुनै काम छैन जो मंत्रद्वारा सिद्ध हुँदैन। असफलताहरूलाई अपवाद मानिन्थ्यो। यसकारण कृषि रक्षा, किल्लाको रक्षा, रोग निवारण, सन्तान लाभ, शत्रु विनाश, आयु वृद्धि आदिका निम्ति मन्त्र प्रयोग, जादू-टुना, मुहूर्त र मणिको पनि प्रयोग प्रचलित थियो। मणि धातु, काठ वा पातको बनाइन्छ र त्यसमा कुनै मन्त्र लेखेर गला वा पाखुरामा बाँधिन्छ। यसलाई मन्त्रले सिद्ध गरिन्छ र कहिले-कहिले यसलाई देवतालाई झैं गरिन्छ। यसको उद्देश्य हो आत्मरक्षा र अनिष्ट निवारण।

योगिनी, शाकिनी र डांकिनी

सम्बन्धी विश्वास पनि मन्त्र विश्वासको नै विस्तार हो। डांकिनीका विषयमा इंग्ल्याण्ड र यूरोपमा १७ औं शताब्दीसम्म कानून बनिसकेका थिए। योगिनी भूतयोनिमा मानिन्छ। यस्तो विश्वास छ कि यसलाई मन्त्रद्वारा वशमा गर्न सकिन्छ। मन्त्रद्वारा अनेक दुष्कर र विचित्र कार्य गराउन सक्छ। यही विश्वास प्रेतका विषयमा प्रचलित छ।

तर यदि अन्धविश्वासको अर्थ केही सोंच बिचार नगरी पूर्ण रूपमा विश्वास गर्नु हो र यसको विरूद्धमा कुनै अन्य तर्क वा प्रमाणहरू अस्वीकार गर्नु हो भने यो धर्म र परम्परामा मात्र सीमित छैन। हामी हाम्रो जीवनमा देख्छौं कि अन्धविश्वास वा अन्धविश्वास धेरै आधुनिक र 'धर्मनिरपेक्ष' चीजहरू वा व्यक्तिहरूतिर पनि देखा पर्न सक्छ। यदि कुनै कपटी बाबाको सम्मान गर्नु गलत हो भने फिल्मको अभिनेता वा खेलको खेलाडी वा नेता पनि अन्धभक्त हुनु एउटै कुरा हो। यस्तै प्रकारले व्यापारिक विज्ञापनले पनि हामीलाई अन्धा बनाउने व्यवसाय गर्दछ। करोडौं मानिसहरूले कसरी सेतो क्रिम प्रयोग गर्दछन् जब यो क्रिम बेकार हो भनेर प्रमाणित हुन्छ? हामी यो कसरी मान्दछौं कि एक जीन्सहरू जुन फिल्मस्टारले वा मोडलले लगाउछ वा गर्छ दाबी गर्छ, सब भन्दा राम्रो हो ? विज्ञापन निर्माताहरूले कसरी उनीहरू दाबी गर्छन् कि उनीहरूको टुथपेस्ट प्रयोग गर्दा दाँत चम्किन्छ वा तिनीहरूका चकलेट पेय पदार्थले बच्चाहरूलाई वास्तवमै अग्लो र बुद्धिमान बनाउँदछ? तिनीहरू दाबी गर्छन् कि यसका लागि वैज्ञानिक प्रमाणहरू छन् र कुनै कथित अनुसन्धानको कथित निष्कर्ष प्रस्तुत गर्दछन्।

यसले देखाउँदछ कि अन्धविश्वासहरू पनि विज्ञानको नाममा फैलिन्छ। यो विज्ञापनको दुनियाँमा मात्र होईन। वास्तवमा, विश्वका अधिकांश मानिसहरूले त्यति विज्ञानको अध्ययन गरेका हुँदैनन्, न त यो सम्भव छ कि सबैले प्रत्येक कथनको वैज्ञानिक सत्यता जाँच्न सक्छन्, विज्ञानको नाममा धेरै भ्रम फैलाउन सकिन्छ। हामीलाई बानी परेको छ, यदि अमेरिकी विश्वविद्यालयका वैज्ञानिकहरूले भनेको कुराहरू छ भने, हामी यसलाई कुनै हिचकिचाहट बिना स्वीकार्छौं। यो पनि वैज्ञानिक अन्धविश्वासको एक रूप हो।

हामी वैज्ञानिक अन्धविश्वासका दुई रूपहरू चिन्न सक्छौं। पहिलो यो विश्वास गर्नु हो कि विश्वका सबै चीजहरू विज्ञान मार्फत जान्न सकिन्छ। उन्नाइसौं शताब्दीमा यो विश्वास धेरै बलियो भएर आयो। विज्ञानको द्रुत प्रगतिसँगै धेरै वैज्ञानिकहरू र अन्य क्षेत्रका मानिसहरू विश्वस्त भए कि

अब यस ब्रह्माण्डका सबै नियमहरू पत्ता लगाइसकेको छ, त्यसैले विज्ञानमा त्यहाँ गर्नुपर्ने केहि बाँकी छैन, जानकारी एकत्रित गरेर ती नियमहरूको आधारमा जाँच गर्नु बाहेक । तर वास्तविकता यो थियो कि त्यसबेलासम्म परमाणुको संरचना थाहा थिएन। प्रायः विज्ञानमा विश्वास यति निश्चित हुन्छ कि जसले यसलाई विश्वास गर्दछ उसले त्यस्ता चीजहरूको अस्तित्वलाई इन्कार गर्दछन् जुन उनीहरूले व्याख्या गर्न सक्दैनन्।

विज्ञानले सबै कुरा जान्दछ र सबै समस्याहरूको समाधान गर्न सक्दछ भन्ने विज्ञानको अवधारणाले विज्ञानलाई नै हानी गरेको छ, किनकी विज्ञान भनेको जान्न नसकिएको कुराको खोज हो।

यो भन्दा पहिले पश्चिमी दर्शनमा एउटा विचारधारा थियो जुन प्रख्यात चिन्तक अगस्ट कोम्टेले १९औं शताब्दीको शुरूमा व्यवस्थित रूपमा दिएका थिए। यसलाई 'सकारात्मकता' भनिन्छ। यस विचारधाराको मूख्य स्रोतहरू केवल तर्क र बुद्धिले जुन चीजहरू बुझ्न सकिन्छ त्यो नै सत्य हो भन्ने थियो। भावना वा कल्पनाको कुनै अर्थ छैन। यस दर्शन अनुसार समाजलाई पनि मेशिन जस्तो प्रणालीको रूपमा पनि बुझ्न सकिन्छ। त्यसकारण सामाजिक विज्ञानहरू अर्थहीन छन्, सत्यमा पुग्न केवल प्राकृतिक विज्ञान आवश्यक छ। विज्ञानको प्रगतिले दर्शन शास्त्रको आवश्यकतालाई अन्त्य गरिदियो ।

बीसौं शताब्दीमा यस धारणाको ठुलो विरोध भयो। प्रख्यात चिन्तकहरू जस्तै म्याक्स वेबर र कार्ल पेपरले यसलाई इन्कार गरे। 'साइन्टिज्म' र 'पोजिटिविज्म' को कुनै प्रत्यक्ष वकिल छैन, तर यी प्रवृत्तिहरू कुनै न कुनै रूपमा अवस्थित छन्। यी प्रवृत्तिका कारण केही हानी भएको थियो । विज्ञानको अवस्थित र आधिकारिक ज्ञानलाई नै प्रमाणको रूपमा स्वीकार गरिएको थियो र सबै गैर-पश्चिमी समाजहरूको सबै परम्परागत ज्ञानलाई हेय र अवैज्ञानिक मानियो। त्यसमा केही हटाउन सकिने कुराहरू थिए तर पनि त्यहाँ धेरै वास्तविकता र त्यतिबेलाको पश्चिमी 'वैज्ञानिक' ज्ञान भन्दा धेरै वैज्ञानिक थियो ।

यसरी विज्ञानले सत्यको ठुलो अर्थमा खोजी गर्नुको सट्टा एउटा विशेष किसिमको प्रणालीको नाम बन्न गयो, यसमाथि कसैलाई प्रश्न उठाउने अधिकार थिएन। धेरै विद्वानहरूले भनेका छन् कि 'विज्ञानले सबै कुरा जान्दछ र हरेक समस्या समाधान गर्न सक्छ' भन्ने धारणाले विज्ञानलाई हानी पुऱ्याएको छ किनकी विज्ञानले नजानेको थाहा नभएको कुराको खोजी गर्नु हो। यदि

हामीले अज्ञात चीजको अस्तित्वलाई अस्वीकार गर्छौं भने हामी कसरी यसको सत्यतामा पुग्न सक्छौं ? जस्तै लामो समय सम्म, वातावरणीय चिन्ताहरू पिछडिएका व्यक्तिको गफको रूपमा वेवास्ता गरिएको थियो।

यसको सबैभन्दा व्यावहारिक उदाहरणहरू स्वास्थ्यको क्षेत्रमा पाइन्छ। जब हामी मेडिकल कलेजमा हामीलाई सिकाइन्छ कि बच्चाको स्वास्थ्यको लागि तीन महिना पछि मात्र ठोस खाना दिनु आवश्यक छ। त्यस समयमा त्यहाँ आधिकारिक प्रचार थियो कि गरिब र अशिक्षितले बच्चालाई छ महिनाको सम्म ठोस खाना दिदैनन् र बच्चाको स्वास्थ्यलाई हानी गर्दछन्। अब त्यही स्वास्थ्य प्रणालीले भन्छ कि बच्चालाई छ महिनाको लागि आमाको दुध बाहेक अरू केही दिन हुँदैन। बीचमा एक समय आयो जब डाक्टरहरू भन्थे कि कुनै पनि प्रकारको फ्याट शरीरको लागि हानिकारक हुन्छ। मानिसहरूलाई घ्यू तेल छोड्न भनियो। त्यसो पछि यो बिन्दुमा आइपुगे कि केही तेलहरू राम्रो छन्, तर ती परम्परागत खाद्य तेलहरू हुन्, जस्तो कि तोरी, बदाम आदि राम्रो छैन, जसलाई परिष्कृत गर्न सकिने खाद्य तेल, सूर्यमूखी आदि। घ्यूलाई त्यसपछि सेवन गर्न छोडिएको थियो। त्यसपछि यो बिन्दुमा आयो कि थोरै मात्रामा घीउ मख्खन स्वास्थ्यको लागि राम्रो हुन्छ, र परम्परागत खाद्य तेलहरू ज्यादा स्वास्थ्यवर्धक छन्।

प्रत्येक तानाशाही जस्तै विज्ञानको तानाशाहीले पनि बौद्धिकतालाई बन्द गर्न चाहन्छ। वास्तवमा वैज्ञानिक दृष्टिकोणको मतलब यो होइन कि सबै कुरा विज्ञानको नाममा मान्नै पर्छ र बाँकी चीजहरू या त गलत छन् वा अस्तित्वहिन छन्।

धेरै वर्षदेखि भनिन्थ्यो कि स्वास्थ्यको लागि अण्डाको सेतो भाग ठिक छ, तर यसको पहेलो भाग खतरनाक छ। त्यसपछि धनी धनी मानिसहरूले अन्डाको सेतो भागको मात्र अमलेट वा हाफफ्राई खाने गर्दथे । त्यसपछि अण्डाको सेतो भागको पनि फाइदाहरू हुन्छन् भन्ने ज्ञान आयो। यद्यपि, केही व्यक्तिहरू अझै पनि अण्डाको सेतो भाग मात्र खानको लागि उपदेश दिने भेटिन्छन् । धेरै डाक्टरहरूले मधुमेहका बिरामीहरूलाई आँप नखान सल्लाह दिन्छन, जबकी नयाँ ज्ञानले यस्तो सल्लाह दिदैन ।

इवान इलिच र डा. मनु कोठारी जस्ता धेरै विज्ञहरूले यसको कारणहरूको बारेमा धेरै लेखेका छन्। पहिलो कारण यो हो कि चिकित्सा प्रणाली एक विशाल बजार हो, उनीहरू सबै कुरा जान्दछौं भनेर दावी गर्दछन् ।

यदि तपाईंको डाक्टरले शिष्टताका साथ के रोग लागेको हो वा यसको उपचार के हो ? बताउन सक्छ भने वामलाई थाहा छैन भन्यो भने, त्यसो भए तपाईंले उसलाई मोटा शुल्कः किन दिनुहुन्छ? त्यसकारण यो प्रणालीले प्रायः आधा अपूर्ण ज्ञानलाई सत्यको रूपमा प्रचार गर्दछ, जुन अर्को अनुसन्धानले यसलाई गलत प्रमाणित नगरेसम्म जारी रहन्छ। दोस्रो, चिकित्सा अनुसन्धान एक धेरै गाह्रो र जटिल प्रक्रिया हो। त्यहाँ धेरै थाहा नभएका कारणहरू हुन्छन्, पूर्ण इमानदारीताका साथ काम गर्दा गर्दै पनि गलत निष्कर्षमा पुग्न सकिन्छ। आजकल हरेक अखबारले स्वास्थ्यसम्बन्धी समाचारहरू प्रकाशित गरिरहेका हुन्छन्। जसमा विदेशी संस्थाको अनुसन्धानले गरेको प्रगती भनिएको हुन्छ । दुई दिनपछि, समाचारहरू प्रकाशित हुन्छ कि यी चीजहरू बेकम्मा छन्।

यी अनुसन्धानहरू प्रायः तथ्यांकमा आधारित हुन्छन्, अर्थात कुनै स्वास्थ्य प्रणालीको तथ्यांकबाट निष्कर्ष निकाल्ने प्रयास गरिएको हुन्छ । त्यो तथ्यांक शतप्रतिशत नहुन सक्छ । कहिलेकाहीं वैज्ञानिकहरू सनसनीखेज समाचारहरू बनाउने र प्रचार गर्ने इच्छा पनि गर्न सक्दछन्। आखिर तिनीहरू पनि मानव हुन्, र यसबाट उनीहरूलाई अनुसन्धानको लागि आर्थिक श्रोत जुटाउन सजिलो हुन्छ। यसैले प्रायः जसो समाचारमा रोगको उपचार गर्न वा नयाँ औषधी फेला पारिएको प्रायः दावी गरेको पाइन्छन् जुन देखा पर्दैन।

यो सबैको मतलब यो होइन कि विज्ञानमा विश्वास गर्नुहुन्न। यसको मतलब विज्ञानमा अन्धविश्वास पनि हुनु हुँदैन। विश्व रहस्यमय छ, त्यसैले विश्व रोचक छ र तिनीहरूलाई खोज्नु पनि अर्थपूर्ण छ। साइन्टिजम भनेको आँखा, कान र दिमाग खुला राख्नु हो। त्यस्तै गरी, डाक्टरलाई पनि विश्वास गर्नुपर्छ, तर ऊ मानव हो, भगवान होइन भनेर । समाचारपत्र र इन्टरनेटमा प्रकाशित स्वास्थ्य दावीहरूलाई अन्धविश्वास नगर्नुहोस्।

अन्धविश्वासका केही धारणाहरू

यात्रुले भरिएको बस सुनसान सडकमा गुडिरहेको थियो । अचानक सडकको एक छेउबाट स्यालले बाटो काट्यो । बस चालकले एक्कासी ब्रेक लगायो । सवार यात्रीहरूले प्रश्न गर्न लागे "बस किन रोक्नु भएको ?" बसको खलासीले जवाफ दियो "सडकमा स्यालले बाटो काट्यो त्यसैले बस रोकेको ।"

सबै यात्रुहरू एक आपसमा गुनगुन गर्न थाले । केहीले बस चालकको होशियारी प्रति प्रंशसा गर्न लागे । त्यस अध्यारो रातमा जब सम्म अर्को सवारी साधन अगाडि गएन

त्यतिन्जेल त्यो बस अगाडी बढेन । तर यो अन्धविश्वास हो भनेर त्यसबेला कसैले भनेनन् । यसले केही हुँदैन, सडक हो कुनै पनि जीवजन्तु यता उता आवत जावत गर्न सक्छन् । यो सामान्य कुरा हो बस रोक्नै पर्छ भन्ने छैन । कतिपय यात्रुहरू अब के अप्रिय घटना हुने हो भनेर त्रशित भइरहेका थिए । बाटोमा कुकुर, बिरालो विभिन्न जनावरले बाटो काटिरहेको हुन्छ । यसलाई अन्धविश्वास सँग जोड्नु उपयुक्त हुँदैन । यी कुराहरूलाई लिएर हामीले कुनै अप्रिय घटना होलाकी भनेर डर मान्नु हुँदैन ।

कपाल काट्ने सैलुन हप्ताको सातै दिन खुल्ला हुन्छ तर ग्राहकको भीड हप्ताको केवल चार दिन मात्र हुने गरेको पाईन्छ । अन्य तीन दिन प्रायः खाली खालीनै देखिन्छ । अधिकांश हिन्दू धर्मावालम्बीहरूले मंगलबार, विहिबार र शनिबारको र जन्मबारको दिनमा कपाल काट्दैनन् । यी दिनहरूमा अन्य धर्मावालम्बीहरूले बार्ने गरेको देखिदैन ।

सोचमा परिवर्तन

हामी २१ औं शताब्दीको वैज्ञानिक युगमा बाँचिरहेका छौं तर अझै पनि हाम्रो सोचाई १८ औं शताब्दीको जस्तो छ । एक जना हार्डवेयर व्यापारीले सोमबारको दिनमा कपाल दाढी काट्दैनन् । यस सम्बन्धमा जानकारी लिन खोज्दा उनले भने "घरमा एउटा मात्र छोरा हुनेले सोमबार कपाल काट्नु हुँदैन, यसको कारण थाहा छैन यो पहिले देखि चलिआएको चलन भएर हो ।"

ग्रामिण क्षेत्रमा आज पनि भूत, प्रेत, बोक्सी झारफुकको बारेमा खुब कुरा गर्दछन् । आज पनि मानिसहरू गाउँमा बोक्सी तन्त्र मन्त्रको विश्वास गर्दछन् । कतिपय मानिसहरू घरको कुनै सदस्य अस्वस्थ हुँदा अस्वस्थताको कारण अरू केही नभई बोक्सी, तन्त्र मन्त्रको कारणले भएको विश्वासमा अस्पताल नलगी झारफुक गराईरहेका हुन्छन् । अझै पनि गाउँघरको कतिपय स्थानमा विषालु सर्पले डस्दा समेत घरका सदस्यहरूले झारफुकमा समय खेर फाल्ने गर्दछन् । गम्भिर अवस्थामा पुगे पछि मात्र अस्पताल पुऱ्याउँछन् त्यतीबेरसम्म धेरै ढिलो भइसकेको हुन्छ । जबकी विभिन्न स्थानमा शर्पदंस उपचार केन्द्र स्थापना भएका छन् । शर्पले टोकेको अवस्थामा झारफुक नगरी छिटो अस्पताल वा शर्पदंस उपचार केन्द्रमा पुऱ्याउनु भनेर प्रचारप्रसार समेत गरिएको छ । यद्यपी मानिसहरू अन्धविश्वासको कारणले झारफूकमा नै विश्वास गर्ने गर्दछन् । अस्पतालमा लगेर उपचार गराउनुको सट्टा झारफुक गराउनुनै उचित ठान्दछन् ।

अन्धविश्वास प्रति विश्वास

आज पनि मानिसहरूले

झारफूक, तन्त्रमन्त्र, धामीझाक्रीमा विश्वास गर्नाले अकालमा जीवन गुमाउनु परिरहेको छ । झारफूक गर्नाले मात्र केही हुँदैन भनेर बुझ्न सकिरहेका छैनन् । यदि सर्पले टोकेको व्यक्तिलाई समयमा अस्पताल पुऱ्याउन सकियो भने जीवन बचाउन सकिन्छ ।

शहर बजारमा पसलेहरूले आफ्नो पसलको अगाडि कागती खुर्सानी झुण्ड्याउँछन् । कागती र खुर्सानी धागोमा उनेर पसल अगाडि झुण्ड्याईयो भने कसैको नराम्रो नजरबाट बच्न सकिन्छ भन्ने मान्यता राख्दछन् । एकातर्फ गरिबहरूले कागती र खुर्सानी किन्न सकिरहेका हुँदैनन् भने अर्को तर्फ कागती र खुर्सानी झुण्डाएर अनावश्यक खर्च गरिएको छ । यो कुनै धर्मगुरू, पंडित, पुजारी, मौलवीले गर्नु पर्छ भनेर गरिएको पाईदैन, वास्तवमा यो देखासिकी अन्धविश्वासको नक्कल मात्र हो । यस्ता कुराहरू पहिला पहिला पाखंडी ब्राह्मण, पुजारीले फैलाएको भएर मानिसहरू विश्वास गर्दछन् ।

कुनै एक व्यक्ति परीक्षा दिन पैदल गईरहेको थियो । परीक्षा केन्द्रमा पुग्न गल्लीको छोटो बाटो प्रयोग गरे । परीक्षा केन्द्रमा पुग्न अझै टाढा थियो त्यतिनै बेला एउटा बिरालोले बाटो काट्यो । धेरै बेरसम्म कोही मान्छे त्यो बाटोमा हिंड्ला र जाउँला भनेर पर्खियो तर कोही आएन । परीक्षा छुट्छ की भन्ने हतारमा त्यही बाटो भएर परीक्षा केन्द्रमा पुग्यो । उसको मनका एक प्रकारको आशंका उत्पन्न भईरहेको थियो, परीक्षामा केही गडबडी हुने हो की । त्यस्तो केही पनि भएन बरू परीक्षा सोचेको भन्दा राम्रो भयो । त्यस दिन देखि त्यो व्यक्तिले यस प्रकारको अन्धविश्वासलाई पत्याउन छाड्यो ।

वैज्ञानिक सोचको आवश्यकता

वास्तवमा, बाल्यकालदेखि नै, घरका मानिसहरूले हामीलाई यो बुझाइएको हुन्छ कि शताब्दीयौं देखि चल्दै आएको ब्राह्मण, पंडित, साधु, धार्मिक नेताहरूले दिएको शिक्षा हामीले पनि यसलाई मान्नु पर्दछ। बाल्यकालदेखि नै बालबालिकाहरूलाई धर्मसँग जोडेर यी सबै कुरा बताइएको हुन्छ । यसरी विज्ञान भन्दा पनि अन्धविश्वासप्रति तिनीहरूको विश्वास बलियो बनेको हुन्छ । यही कारणले आज पनि मानिसहरूले अन्धविश्वास बोकी रहेका छन्।यहाँ विज्ञान विकसित भएको छैन, तर अन्धविश्वास फस्टाउँदै छ । यसको जरा यति बलियो छ कि कसैले यसलाई काट्न सक्दैन। यहाँ मानिसहरूले वातावरण, रूख बोटबिरूवाको जोगाउनुको सट्टा अन्धविश्वासको रक्षा गरिरहेको पाइन्छ । यसैलाई बढ्न दिईयो भने स्वाभाविक रूपमा अन्धविश्वासले मलजल पाउनेछ ।

जब देशमा केही नयाँ कुरा गर्दा र उच्च पदस्थ व्यक्तिले नारिवल फोडेर र पूजा गरेको मिडिया मार्फत देखाइन्छ, साधारण मानिसमा त्यहाँ एउटा सन्देश प्रवाह हुन्छ कि विशिष्ट व्यक्तिहरूले पनि अन्धविश्वासलाई प्रोत्सहान दिइरहेका छन् । जबकी यो कोरोनाको समयमा देशभरिको मन्दिर, मस्जिद र गुरूद्वारहरू बन्द छन् । मानिसहरूले भगवानको अस्तित्वको बारेमा बुझ्न थालेका छन्, त्यसैले मानिसहरू विश्वस्त हुन थालेका छन् कि यो रोग ईश्वरको दयाले निको हुँदैन, यो त जब वैज्ञानिकहरूद्वारा औषधि बनाइने छ तब मात्र निको हुनेछ ।

मानिसहरूमा परमेश्वर, ईश्वर, अल्लाहप्रति आस्था कम हुँदै गएको छ । अर्कोतर्फ, भारतका प्रधानमन्त्रीले राम मन्दिरमा लम्पसार परेर सबै कुरा परमेश्वर हुनुहुन्छ भन्ने सन्देश दिन खोज्छन्। त्यस समयमा मिडियाको एक समूहले प्रधानमन्त्री कतिन्जेल लम्पसार परेर प्रणाम गर्न सक्छन् भनेर देखाउने कोसिस गरिरहेको थियो । एउटा टिभी च्यानलले त त्यस समयमा उनले कति पटक 'राम' नाम लिएको समेत प्रमुखताका साथ देखायो। त्यसकारण भारतको केही भागहरूमा कोरोना जस्तो महामारीलाई सामान्य रोग मानियो । यसलाई दैवि प्रकोपको रूपमा बुझ्नु गल्ती थियो। यती मात्र होइन, देशका केही भागहरूमा यसलाई पूजापाठ गरेर हटाउने प्रयासहरू पनि गरियो।

यस्तो अवस्थामा आमाबाबुले आफ्ना बच्चाहरूलाई विज्ञान बारे सचेत गराउनु पर्दछ । तिनीहरूलाई शुरू देखि नै विज्ञानको माध्यमले परिवर्तन गर्न सकिन्छ भनेर सम्झाउनु पर्दछ। विज्ञानले हाम्रो आवश्यकताहरू पूरा गरिरहेको छ । यसरी हामीले सबै प्रकारको अन्धविश्वासलाई हटाउन सक्छौं। यदि हामीले देश र समाजलाई अगाडि बढाउन चाहन्छौं भने विज्ञानको महत्वलाई स्वीकार्नु पर्दछ। त्यसो भएमा मात्र हामीले अन्धविश्वास माथि विजय हासिल गर्नेछौं ।

एक पटक अन्धविश्वासलाई तोड्ने प्रयास गर्नुहोस्। जब त्यहाँ कुनै घाटा हुँदैन भने, आत्मविश्वास बढ्नेछ। जब ईश्वरमा विश्वास घट्छ, तब आत्मविश्वास हराउँछ। यसको अन्तमा, धेरै अन्धविश्वासहरू, जुन व्यक्तिले जीवनको एक हिस्सा मान्दछ, त्यो पनि हटाइदिन्छ। तसर्थ, ईश्वरमा बलियो विश्वास र साँचो विश्वास भएका व्यक्तिहरू आत्मविश्वासी हुन्छन्, अन्धविश्वासी होइनन्। आत्मविश्वास जगाउनुहोस्, अन्धविश्वास हटाउनुहोस्। भयमुक्त जीवनको आनन्द लिनुहोस् ।

♦♦♦

कथा

चुल्हो

✍ डा. रुपेन्द्र जोशी

उमेरले भर्खरै २८ वर्षमा टेकेकी बिमला दुई छोरीकी आमा भइसकेकी थिईन् । सिन्धुपाल्चोकको चौताराबाट काठमाडौं झरेको हिजो जस्तै लाग्छ उनलाई । तर समय बितेको पत्तै नहुँदो रहेछ । पाँच वर्ष बितिसकेछ । दुई छोरी र श्रीमान सहित जीवन र यौवनका अनेकौं सपना बुनी काठमाडौं छिरेकी उनी र उनको परिवारको सपना पूरा हुन अझै कति समय लाग्ने हो ? कुनै ठेगान नै छैन । आज सम्म पनि कामकै खोजीमा भौंतारिन परिरहेको छ उनलाई यो भीडमा । त्यतिखेर काठमाडौं झर्दा साथी सहेलीहरूले जिस्काउँदै अहो ! यो बिमली पनि अब काठमाडौं जाने रे ! मोज गर्ने भई यसले ! राम्रो लाउने, मिठो खाने, ठाउँ-ठाउँमा घुमेर मज्जा लिने रहर पूरा गर्ने भई यसले । ल साथीहरू हो म त लागे है ! बेला बेलामा तिमीहरूसँग भेट्न त आई हाल्छु नि ! अहिले हतार छ, किनमेल गर्न पनि बाँकी नै छ । पछि भेटमा कुरा गरौंला नि है भनेर बिदावारी गरेको हिजो जस्तै लाग्छ उनलाई । झलझली सम्झिन्छिन् उनी । गाउँ जान नपाएको, साथीसंगी र परिवारसँग भेट नभएको पनि आज पाँच-पाँच वर्ष भइसकेछ । समय पनि कति छिटो बित्दो रहेछ । अहो ! सुस्केरा हाल्दै जारको पानी किन्न हतार हतार पसलतिर कुद्छिन् ।

पहिलो पटक काठमाडौं आएका उनको सुरूका २/३ महिना राम्रैसँग घुमफिर मै बितेको थियो । कहिले गोदावरी, कहिले स्वयम्भू त कहिले दक्षिणकाली । यसरी धेरै नयाँ नयाँ ठाउँ हेरेर र घुमेर रमाईलोसँग दिन बितेको थियो । तर यहाँको अव्यवस्थित सहरीकरण देख्दा भने उनलाई गाउँको स्वच्छ हावापानीको खुब याद आउने गर्थ्यो । काठमाडौंको घना बस्तीमा स-सानो दुईवटा कोठामा महिनाको सात हजार भाडा तिरी बसेको थियो उनको परिवार । खाने पानीको समस्या उस्तै, पिउनको लागि जारको पानी

किन्नु पर्ने । यो देख्दा गाउँघरमा सितैंमा पाईने पानीको पनि खुब याद गर्थे बेलाबेलामा । याद मात्र गरेर के गर्ने ? आखिर किनेर पिउनै पर्ने बाध्यता त छँदै थियो । आफूले नपढेर दुःख पाएको सम्झि छोरीहरूलाई चाहीं जसरी भए पनि राम्रो स्कूलमा पढाउन तम्सिएर छोरीहरूलाई बोर्डिङ्गमा पढाउन रहर पलाएको थियो उनको मनमा । स्कुलतिर गएर फि बुझ्दा त उनी छानाबाट खसेझैं भईन् र मनका रहरहरूलाई स्मृतिका पानामा लुकाउन बाध्य भईन।

बोर्डिङ्गमा पढाउने रहर आफ्नो काबु भन्दा बाहिरको देखेपछि उनले छोरीहरूलाई नजिकैको सामुदायिक विद्यालयमा भर्ना गरिदिईन् । भन्ने मात्र निःशुल्क रहेछ, सामुदायिक विद्यालय पनि । त्यहाँ पनि उनले भर्ना गर्न रकम तिर्नै पऱ्यो । श्रीमान त्यति पढे लेखेका नभएका कारण ज्यामी काम गर्ने गर्थे । ज्यामी काम कहिले हुने र कहिले नहुने हुँदा कामको भर नै हुँदैनथ्यो । परिवार पाल्न कठीन भएपछि उनीसँगको सल्लाह अनुसार नै ऋणको जोहो गरी कामको लागि साउदी जाने निर्णयमा पुगे बिमलाको श्रीमान। श्रीमान साउदी गएपछि बिमलाले पनि काम खोज्न थालिन् । कहिले घर सफा गर्ने, कहिले लुगा धुने त कहिले भाँडा माँझ्ने काम गर्न थालिन् । यो बाहेकका काम पाउन उनलाई मुस्किल पर्थ्यो । यसबाट मात्र गुजारा नचलेपछि कालिमाटीबाट मकैका घोगा किनेर ल्याई ठेलामा मकै पोल्ने काम पनि गरिन् उनले । यो काम गर्नमा पनि उनलाई नगरपालिकाले हैरान पार्थ्यो । ज्यादै दुःख दिन थालेपछि यो काम गर्न पनि बाध्य भएर उनले छोडिदिइन् । समाजमा गरिब भएर बाँच्न ज्यादै गाह्रो रहेको उनलाई अनुभूत हुँदै थियो । जताबाट पनि गरिब नै पिल्सनु पर्ने । कस्तो बिडम्वना हाम्रो ।

कामकै खोजीमा रहँदा पहिलेदेखि नै चिनजानमा रहेको राम दाईले रंग लगाउने काममा लगाइदिए । राम दाईसँगै कहिले कता त कहिले कता रंग लगाउने काममा जान पर्थ्यो । काम राम्रैसँग अगाडि बढिरहेको थियो । जेनतेन गुजारा चलेकै थियो बिमलाको । तर खै कुन चाहीं पापीको आँखा लागेछ र नाना थरीको आरोप उनी माथि आईपऱ्यो । खै कसले हो कुन्नी ? राम दाईसँग सल्केको भन्ने कुरा राम दाईको श्रीमतीलाई अर्थात भाउजूलाई लगाई दिएछन् । भाउजूले पनि कुरै नबुझी मेरो सौता हुन आएकी तँ ? ल घर हिंड मलाई श्रीमान चाहिँदैन तँ यसकै श्रीमती भएर बस सम्म भनिन् । सँगै काम गर्दा मेरो के दोष थियो र ? मैले राम दाईलाई दाई सरह नै मान्ने गर्थे । मैले त्यस्तो नजरले कहिल्यै हेरेकी थिइन् । म आफ्नो घर

बनाउनतिर लागेको मान्छे अरूको घर बिगार्ने काम गर्नै सक्दिनथे । मेरो कल्पना भन्दा बाहिरको कुरा भाउजूले भन्दा म त्यसदिन धेरै निराश भएँ । कुरा सुन्नेले भन्दा पनि कुरा सुनाउनेले नै सबै बिगार्दो रहेछ । मेरो मनमा त्यस्तो कुरा कदापी थिदै थिएन । राम दाईले मलाई बहिनीलाई जस्तै गरी माया चाहीं गर्नु हुन्थ्यो । आईमाइको शत्रु आईमाइ भन्ने त उखानै छ नि ! बडो बिलौना गर्थिन् बिमला । मेरो नाबालक छोरीहरूको कसम भन्दा पनि केही सिप नचलेपछि बिमलाले राम दाईसँग काम गर्न नै छोडी दिईन् ।

केही गर्दा पनि आफूले भनेको जस्तो काम नपाए पछि बिमलाले आफूले अलि बढी जानेको र सीप भएको भान्साको काम गर्ने निधो गरिन् । काममा लगाई दिन र काम खोजी गरी दिन धेरै जनालाई भनिन् तर बल्ल बल्ल एउटा स्कूलमा भान्छेको काम गर्ने मौका पाएर काम गर्न थालिन् । नाबालक छोरीहरू हुर्काउन जानेको काम भनेकै यही थियो उनको ।

अरूको पेट भर्न र अरूकै चुल्हो बाल्न हतार हतार एका बिहानै भिसमिसेमा सानी छोरी आकान्छुलाई ठूली छोरी शीतलको जिम्मा लगाएर दौडनु उनको जिन्दगीको दैनिकी जस्तै भएको थियो । कहिले काँही त आकान्छुलाई काखी च्याप्दै काममा दौडनु पर्थ्यो । यो सम्झिदा बिमलालाई लाग्थ्यो हामी गरिबको चुल्हो बाल्न कस्तो विवशता हो यो । आफ्नो घरको चुल्हो बाल्न, अरूको घरको चुल्हो बाल्न हतारिनु पर्ने कस्तो विवशता ! त्यो पनि राम्रोसँग बले त मन सन्तोष गर्ने ठाउँ हुन्थ्यो । दिनभरको कामबाट बेलुका घर आउँदा कहिले त आफ्नै कोठाको चुल्होसमेत बल्दैन थियो । कहिले ग्याँस सकिएको हुन्थ्यो त कहिले गोजीमा दाम नै हुँदैनथ्यो । त्यही फुक्का चिउरा, दालमोठ र पानी कै सहारामा रात बिताउनु पर्थ्यो बिमलालाई । मम्मी भोक लाग्यो भनेर छोरीहरूले भन्दा आँखा अनायसै रसाएर आउँथ्यो उनको ।

खर्च अभावले गर्दा उनले आफ्नो चुल्हो बाल्न आफन्त, साथीभाइ देखी चिने जानेका हर व्यक्तिसँग नगद पैंचो लिन कसैसँग छुटाएकी थिइनन् । अब त माग्ने ठाउँसमेत छैन भन्दै बिलौना गरिरहन्थिइन् । उनीसँग त्यहीं भान्से भएर काम गर्नु बाहेकको अन्य कुनै विकल्प थिएन । ऋण र सापटीको कारण न रातमा राम्रो निन्द्रा लाग्छ, न त दिनमा भोक नै लाग्छ भनेर गला अवरूद्ध हुने गरी मनका बह सुनाउने गर्थिन् उनी । हरेक भातको गाँस पिच्छे ऋण तिर्न बाँकी छ भन्ने यादले मात्र सताईरहन्छ भन्ने गर्थिन् । होईन, मानिसलाई चुल्हो बाल्न साह्रै गाह्रो हुने

रहेछ भन्दै साथी संगी माझ गफमा आफूलाई समय-समयमा भूलाउने कोसिस गर्थिन् उनी ।

उमेरमा पढ्न नसक्दा र बा-आमाले सानै उमेरमा हतार गरेर विवाह गरिदिएको परिणामको प्रतिफल ठान्छिन् उनी यस दुःखलाई । अरूको घर जाने जात त हो, किन धेरै पढ्नु पर्‍यो ? भान्छाको काममा बढी ध्यान दे भनेर आमा सधैं भन्ने गर्नुहुन्थ्यो । बा-आमा पनि सधैं सही हुँदैनन् भन्ने ज्वलन्त उदाहरण हो मैलै भोगेको अहिलेको दुःख भन्ने गर्छिन् बिमला । नारी भएर नारीको दुःख बुझ्न नसक्नुको पीडा थियो यो । छोरीलाई पनि सक्षम बनाउनु पर्छ, चुलो चौकाको परिधिमा मात्र सीमित गर्न हुन्न भन्ने चेतनाको कमी र सोच नआउनु उहाँहरूको कमजोरी थियो तर अब दोष दिएर के गर्नु ? त्यतिबेला आफूले पनि प्रतिवाद गर्न सकिएन भन्दै आफ्नो दुःखेसो पोख्थिन् । श्रीमान् विदेश जानु भएको पनि आज पाँच वर्ष भईसक्यो । श्रीमान्ले पठाएको पैसा त कोठा भाडा तिर्न र अरू सानो तिनो खर्चमा नै सकिन्छ । अरू आवश्यकता कसरी पुरा गर्ने ? उनी दुःखेसो पोख्ने गर्थिन् । यसरी जिन्दगी कसरी चल्छ ? नपढेर धेरै दुख पाईयो । छोरीहरूतिर हेर्दै विमला भन्थिन् । त्यसैले यिनीहरूलाई राम्रोसँग पढ् भनेको । अहिले पढ्नमा जति दुःख गऱ्यो पछि भविष्य त्यसरी नै उज्यालो हुने हो क्यार ! बिमलाकी ठूली छोरी भर्खर पाँच कक्षामा पढ्ने भएकी छिन् । सानै भएपनि आमाको दुःख बुझेकी उनी पढाईमा भने अब्बलनै छिन् । कक्षामा सधैं प्रथम नै हुने गरेकी उनी सधैं मम्मीलाई भन्ने गर्छिन् । म राम्रोसँग पढेर, राम्रो काम गरेर मम्मीलाई राम्रोसँग र सुखसँग राख्छु । यसमा ढुक्क हुनुहोस् न मम्मी । एउटा अबोध बालिकाले यसो भनिरहँदा बिमला भने गहभरि हर्षका आँसु बगाईरहेकी थिईन् । ♦♦

गजल

✍ **सोम निरौला**

फुल्नेलाई विश्व उद्यान जस्तै
खेल्नेलाई खेल मैदान जस्तै

मायाको आकार कस्तो छ सोधौं
आमालाई लाग्छ सन्तान जस्तै

प्यासीलाई विश्व पीयूष गंगा
डुब्नेलाई शान्त दोभान जस्तै

चम्काऔं यो जिन्दगी नत्र सड्छ
चुस्दाचुस्दै सिद्धिने पान जस्तै

पैसालाई विश्वले साध्य ठान्छ
मान्छेलाई एक सामान जस्तै

आफैंलाई बुझ्न गाह्रो छ साथी
मान्छे हुन्छन् ज्ञान विज्ञान जस्तै

बैकिङ्ग कसूर मुद्धाको अनुसन्धानमा देखिएका समस्या र समाधानका उपायहरू

✍ प्र.ना.उ. मोहन कुमार थापा

परिचयः

बैंकिङ्ग कसूरलाई बैंक तथा वित्तिय कारोबारका आर्थिक गतिविधिसँग सम्बन्धित एक गम्भीर आर्थिक अपराधको रूपमा लिइन्छ । सामान्य अर्थमा बैंक तथा वित्तिय संस्थालाई हानिनोक्सानी पुऱ्याउने तथा उक्त संस्थाले प्रदान गर्ने सेवालाई दुरूपयोग गरी गरिने कसूरलाई बैंकिङ्ग कसूर मानिन्छ । विश्वव्यापी रूपमा बैंकिङ्ग कसूरका मूख्य आयामहरूमा निक्षेप तथा ऋणमा हुने अपचलन, ठगी, चेकको दुरूपयोग, खाताको दुरूपयोग, अनधिकृत रूपमा हुने रकम रकमान्तर, अनधिकृत भुक्तानी, सम्पत्तिको दुरूपयोग, चेक अनादार आदि समेत बैंकिङ्ग कसूरको परिभाषा भित्र पर्दछन् । नेपालमा बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ ले बैंक तथा वित्तिय कारोबारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैंक तथा वित्तिय प्रणालीमा असर र जोखिमलाई न्यूनिकरण गर्न बैंकिङ्ग कसूरजन्य विभिन्न अपराधलाई समेटी यस अपराधलाई सरकारवादी फौजदारी अपराधको रूपमा समावेश गरेको छ । नेपालमा बैंकिङ्ग कसूर खासगरी बैंक तथा वित्तिय संस्थाका पदाधिकारी र कर्मचारी वा तेस्रो पक्ष वा संस्थाका पदाधिकारी र कर्मचारीले तेस्रो पक्षको मिलेमतोमा गर्ने गरिएको देखिन्छ ।

वर्तमान समयमा बैंकिङ्ग कारोबार तथा सेवा प्रविधिमैत्री भएको छ । आर्थिक कारोबारको लागि सुविधा सम्पन्न र सुरक्षित मानिने बैंकिङ्ग प्रणालीको प्रयोगमा भएको वृद्धिसँगै बैंकिङ्ग अपराध पनि जटिल तवरले वृद्धि हुदै गएको छ । सूचना प्रविधिको अधिक उपयोग मार्फत राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय रूपमै संजाल तयार भई बैंकिङ्ग कसूरको प्रभाव विश्वव्यापी रूपमा हुने गरेकोले नेपालमा संगठित प्रकृतिको बैंकिङ्ग अपराध हुन थालेको छ । बैंकिङ्ग अपराधमा उच्च बौद्धिक वर्ग र संगठित आपराधिक समूहको समेत संलग्नता

रहने गरेकोले अनुसन्धानमा विभिन्न जटिलता एंव समस्याहरूको सामना गर्नु परेको छ ।

नेपालमा बैंकिङ्ग कसूरका स्वरूपहरूः

नेपालमा बैंक तथा वित्तिय संस्थासँग सम्बन्धित विभिन्न कसूर तथा अपराधहरू हुने गरेको देखिन्छ । अनाधिकृत रूपमा बैंकको सिस्टममा पहुँच राखी रकम रकमान्तर गरी रकम निकाल्ने, अनधिकृत रूपमा इ-बैंकिङ्ग मार्फत भुक्तानी लिने, विभिन्न उपकरणको प्रयोग गरी इन्टरनेट सर्भर ह्याक गरी एटिएमबाट रकम झिक्ने, एटिएम मेशिन नै फुटाई भत्काई नगद चोरी गर्ने र भौतिक संरचना नोक्सानी पुऱ्याउने, चेक चोरी गरी रकम निकाल्ने, विभिन्न एटिएम कार्डहरू प्रयोग गरी पासवर्ड ट्र्याकिङ्ग गरी नगद चोरी गर्ने, कर्जा स्विकृत सिमा नाघी कर्जा प्रवाह गर्ने, बिना धितो, कमसल धितो, नक्कली धितो राखी कर्जा लिनु दिनु गर्ने, काल्पनिक व्यक्ति तथा ऋणी खडा गरी रकम तथा कर्जा लिनु दिनु गर्ने जस्ता बैंकिङ्ग कसूरका घटनाहरू हुने गरेको पाइन्छ । बैकिङ्ग तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैंकिङ्ग तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रति विश्वसनियता अभिवृद्धि गर्ने उद्धेश्यले बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ आएको देखिन्छ । यस ऐन नेपाल राज्यभर तथा नेपालमा बैंकिङ्ग कसूर गरी विदेशमा रहे बसेको जुनसुकै व्यक्ति वा संस्था समेतलाई लागू हुने गरी बर्हिक्षेत्रिय अधिकार क्षेत्र समेतको व्यवस्था गरेको छ । यस ऐनले बैंकिङ्ग कसूरका स्वरूप र अवस्थाहरूलाई देहाय बमोजिम व्यवस्था गरेको छ ।

- अनधिकृत रूपमा खाता खोल्ने वा रकम भुक्तानी माग गर्नेः नक्कली कागजातको आधारमा खाता खोल्ने, रकम निकाल्न, त्यस्तो खाताबाट उपकरण मार्फत रकम झिक्ने, काल्पनिक खाता खोल्ने ।
- आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिने वा चेक अनादार गर्ने ।
- अनधिकृत रूपमा रकम निकाल्न वा भुक्तानी दिनेः अन्य व्यक्तिको खाताबाट रकम निकाल्ने, रकमान्तर गर्ने ।
- विद्युतीय माध्यमको दुरूपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिनेः क्रेडिट कार्ड, डेबिट कार्ड, एटीएम कार्डको दुरूपयोग ।
- अनधिकृत रूपमा कर्जा लिने वा दिनेः झुट्ठा विवरण, कृतिम व्यवसाय खडा, धितोको बढी मूल्याङ्कन, सिमा बाहिर गई कर्जा दिने, बढी

कर्जा दिने ।

- कर्जाको दुरूपयोगः जुन प्रयोजनको लागि कर्जा लिएको हो, सो प्रयोजनमा नलगाएमा, जग्गाको नक्कली नक्सा र कागजात खडा गरी कर्जा दिने ।
- बैंक वा वित्तीय संस्थाको स्रोत र साधनको दुरूपयोग गर्ने ।
- ऋणीले रकम भिक्न र सम्पत्ति प्राप्त गर्न नपाउनेः बैंक वा वित्तिय संस्थालाई तिर्नु पर्ने ऋणको भाखा नाघी कालो सूचीमा परेको ऋणी खाताबाट रकम भिक्न र सम्पत्ति प्राप्त गर्ने।
- ऋणीको चालू परियोजनालाई नोक्सान हुने गरी ऋण वा सुविधा रोक्नेः पहिलो किस्ता लिईसकेपछि बाँकी किस्ता कर्जा वा सुविधा दिन रोक्ने ।
- कागजात वा खाता बही सच्याई कीर्ते वा जालसाजी गरी हानि नोक्सानी पुऱ्याउने ।
- बैंक तथा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई झुक्याई काम कारोबार गर्ने ।
- बढी, कम वा गलत मूल्याङ्कन तथा वित्तिय विवरण तयार गर्ने ।
- बैंक वा वित्तिय संस्थालाई हानि नोक्सानी पुऱ्याउने उद्धेश्यले अनियमित आर्थिक तथा वित्तिय कारोबार गर्ने गराउने ।
- ढुकुटीको कारोबार गर्ने ।
- गैर कानूनी रूपमा बैकिङ्ग कारोबार गर्ने ।
- बैंक वा वित्तिय संस्थाको हित प्रतिकूल हुने गरी बैंक वा वित्तिय संस्थाको सम्पत्ति खर्च गर्ने।
- मूल्याङनकर्ताले वित्तिय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाको सम्पत्तिको मूल्याङ्कन गर्ने ।

बैंकिङ्ग कसूरको अनुसन्धान प्रक्रियाः

बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गत सजाय हुने मुद्धा नेपाल सरकारवादी हुने र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसुची-१ मा समावेश गरिएकोले यो अपराधको अनुसन्धान तहकिकात गर्ने जिम्मेवारी प्रहरीको रहेको छ भने अभियोजन सरकारी वकिल र न्यायिक कारबाही उच्च अदालतको वाणिज्य इजलाशबाट गरिने व्यवस्था रहेको छ । बैंकिङ्ग कसूरको अनुसन्धान गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूरको अनुसन्धान नियमावली, २०७५ र बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ ले निर्धारण गरेको कार्यविधि अपनाउनु पर्ने देखिन्छ ।

जाहेरी दिने र मुद्धा दर्ता गर्ने हदम्याद सम्बन्धी व्यवस्थाः

बैंकिङ्ग कसूर भएको थाहा

पाएको मितिले एक वर्ष भित्र जाहेरी दिनु पर्ने छ । चेक बाउन्सको मुद्धामा पहिलो पटक बाउन्स भएको मितिले एक वर्ष भित्र जाहेरी दिइ सक्नु पर्छ । प्रहरी कार्यालयमा जाहेरी परेको मितिले छ महिना भित्र उच्च अदालतमा मुद्धा दायर गर्नु पर्ने व्यवस्था छ । बैंकको कर्मचारी वा पदाधिकारी उपर भने जहिले सुकै र पदबाट अवकाशपछि पनि मुद्धा चलाउन सकिने व्यवस्था रहेको छ । उच्च अदालतका वाणिज्य इजलाशलाई मुद्धा हेर्ने अधिकार तोकिएको छ ।

थुनामा राखी कारबाही गर्न सकिनेः

बैंकिङ्ग कसूरको अभियुक्तलाई २४ घण्टा भन्दा बढी समय थुनामा राख्नुपर्ने भएमा उच्च अदालत, वाणिज्य इजलाशमा अनुमतिका लागि उपस्थित गराउनु पर्नेछ । अदालतले सात दिनमा नबढ्ने गरी बढीमा साठी दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

विशेष अनुसन्धान टोली गठनः

बैंकिङ्ग कसूर सम्बन्धी मुद्धाको अनुसन्धान गर्नको लागि बैंकिङ्ग सम्बन्धी विषय विशेषज्ञ समेत संलग्न रहेको अनुसन्धान टोली गठन गर्न उपयुक्त हुने देखिएमा नेपाल सरकारले महान्यायाधिवक्ता, प्रहरी महानिरीक्षक र नेपाल राष्ट्र बैंकसँग परामर्श गरी त्यस्तो टोली गठन गर्न सक्ने व्यवस्था छ ।

विवरण माग्न सक्नेः

अनुसन्धान तथा तहकिकात गर्ने निकायले कुनै लिखत, खाताको विवरण वा अन्य विवरण सम्बन्धित व्यक्ति वा सस्थासँग माग गर्न सक्ने र माग गरेको विवरण सम्बन्धित व्यक्ति वा संस्थाले उपलब्ध गराउने कर्तव्य रहेको छ ।

बैंक तथा वित्तीय संस्थाको कर्तव्यः

अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीलाई आवश्यक सहयोग गर्ने कर्तव्य बैंक तथा वित्तीय संस्थालाई तोकिएको छ ।

विदेशी व्यक्तिको सम्पत्ति रोक्का राख्नेः

अनुसन्धान तथा तहकिकात गर्ने अधिकारी समक्ष उपस्थित नहुने कुनै विदेशी व्यक्तिको नेपालभित्र कुनै सम्पत्ति, हक, हित वा सरोकार रहेछ भने रोक्का राख्ने आदेश दिन सक्ने व्यवस्था छ ।

सजायको मागदावीमा छुट हुन सक्नेः

अनुसन्धान तथा तहकिकातको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई साक्षीको रूपमा प्रस्तुत गरी निजलाई सजायको मागदावीमा पूर्ण वा आंशिक छुट दिन सक्ने व्यवस्था छ ।

बैंकिङ्ग कसूर मुद्धाको

अनुसन्धान गर्दा बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ मा भएको विशेष कानूनी कार्यविधिका साथै सामान्य कार्यविधिको समेत अवलम्बन गर्नुपर्ने हुन्छ । बैकिङ्ग कसूरको अनुसन्धानका क्रममा प्रहरीले अपराधको जाहेरी वा सूचना प्राप्त गर्ने, खानतलाशी बरामदी गर्ने, सबूद प्रमाण पहिचान, संकलन, सरकारी वकिललाई प्रारम्भिक प्रतिवेदन पठाउने, सरकारी वकिलबाट निर्देशन प्राप्त भए सो अनुसारको कार्य गर्ने, सबूद प्रमाण संकलन गर्ने, सबूद प्रमाणको वैज्ञानिक परिक्षण, अदालतबाट अनुमति लिई अभियुक्त पक्राउ गरी सरकारी वकिल समक्ष बयान गराउने, २४ घण्टा भन्दा बढी थुनामा राख्नुपर्ने भएमा मुद्धा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्ने, सम्बन्धित व्यक्तिहरूसँग सोधपुछ तथा घटना विवरण कागज, रितपूर्वक म्याद तामेल, सम्बन्धित विभिन्न निकायमा पत्राचार, अनुसन्धान अवधिभरको लागि कसूरजन्य कार्यबाट आर्जित अचल जग्गा जमिन, घर लगायतका सम्पत्ति रोक्का तथा बैंक खाता रोक्का गर्ने, विशेषज्ञसँग राय परामर्श लिने, पारस्परिक कानूनी सहायताबाट प्रमाणको संकलन तथा अभियुक्त पक्राउ गर्ने, इन्टरपोल, राष्ट्र बैंक, सरकारी वकिल, अदालतसँग समन्वय गर्ने, बैंकिङ्ग कसूरसँगै संगठित अपराध, ठगी, साइवर अपराधको घटना देखिन आएमा त्यसतर्फ पनि अनुसन्धान गर्नुपर्ने, सम्पत्ति सुद्धिकरण, भ्रष्टाचार सँग सम्बन्धित अपराध देखिएमा कारबाहीको लागि सम्बन्धित निकायमा पठाउने, प्रमाणहरूको सिलसिलेवार प्रस्तुति र विवेचना र अनुसन्धान प्रतिवेदन सरकारी वकिल समक्ष पेश गर्ने कार्यहरू गर्नुपर्ने हुन्छ । बैंकिङ्ग कसूर प्रायः लिखत र विद्युतिय अभिलेखमा अनाधिकृत प्रभाव पारी घट्ने हुनाले त्यस्ता प्रमाण संकलन गर्न बैकिङ्ग कारोबारबारे प्राविधिक ज्ञान र सूचना प्रविधिबारे ज्ञान भएको जनशक्ति आवश्यक पर्ने हुन्छ । त्यसका लागी बैंक तथा वित्तीय संस्थाको सहयोग समेत अपरिहार्य हुन्छ ।

बैंकिङ्ग कसूरसँग सम्बन्धित भौतिक सबुद प्रमाणहरूको परिक्षण र विश्लेषणः

बैंकिङ्ग कसूरसँग सम्बन्धित भौतिक सबुदहरूमा विवादास्पद प्रलेख (हस्ताक्षर, किर्ते, जालसाजी, नक्कली राहदानी, नागरिकता), औंठाछाप, विद्युतिय प्रविधिमा रहेका डकुमेन्ट, भिडियो, अडियो र फोटोहरू, एटिएम कार्ड, क्रेडिट कार्ड आदी प्रमाणहरू संकलन गरी परिक्षणको लागि पठाउनु पर्दछ । लिखित प्रमाण कागजातहरूमा खाली चेक बुक र काटिएको चेकहरू,

नगद झिकेको विवरण, बैंकमा रकम जम्मा गरेको भौचर, KYC फर्म, बैंक स्टेटमेन्ट, प्रोमिसरी नोट, बैंक ग्यारेन्टी पत्र, क्रेडिट निवेदन फारम, खाता खोल्दा पेश गरिएका व्यक्तिगत विवरण, किर्ते कागजात, बदनियतपूर्वक फाइलबाट झिकिएको वा नष्ट गरिएको कागजात, ऋण लिए, दिए सम्बन्धी विवरण, दैनिक हाजिर रजिष्टर, डायरी, जग्गाको कागजातहरू, शेयर लगत, दर्ता, चलानी किताब, विभिन्न निकायमा लेखिएका पत्रहरू, फाइलहरू, लगानी गरिएको सम्पत्ति सम्बन्धी कागजातहरू, अन्य अभिलेख तथा कागजातहरू, नागरिकता प्रमाणपत्र, राहदानी, चालक अनुमति पत्र, परिचयपत्रहरू आदि हुन सक्छन् । विद्युतिय प्रमाणहरूमा बैंक तथा वित्तिय संस्थाका एटिएम कार्ड, क्रेडिट, डेविट कार्ड, कार्ड रिडर, सिसि फुटेज रहेको हार्ड डिक्स, मोबाइल, सिम कार्ड, कम्प्युटर, सिपियु, ल्यापटप, पेन ड्राइभ, क्यामरा, कल डिटेल, एसएमएस डिटेल, इमेल, सामाजिक संजालका पेजहरू, भ्वाइस तथा भिडियो कलहरू, इन्टरनेट सर्भर ह्याक गर्न प्रयोग हुने उपकरणहरू लगायतका विधुतिय सामग्रीहरू आदि हुन सक्छन् भने अन्य भौतिक चिजवस्तुहरूः सुन चादी, गरगहना, नगद, अन्य चल सम्पत्ति लगायतका सामग्रीहरू हुन सक्छन् ।

प्रतिवादीहरूको बैंक स्टेण्टमेन्ट विश्लेषण, बरामद दशी मोबाइल, ल्यापटप, कम्प्यूटर, हार्ड डिक्स, सिसि फुटेज, सिपियु, पेन ड्राइभ लगायतका विद्युतिय चिजवस्तुहरू डिजिटल फोरेन्सिक ल्यावमा परिक्षण गर्ने, सरकारी दस्तखत, छाप, औंठा छाप, किर्ते लगायतका विवादास्पद कागजातहरू परिक्षणको लागि सम्बन्धित विधि विज्ञान प्रयोगशालामा पठाउने, प्रमाणिक मूल्य भएका र नभएका सबुद प्रमाण र कागजातहरू पहिचान गरी अलग गर्ने, पोलिग्राफ र भ्वाइस स्पेक्ट्रम परिक्षण गरी विश्लेषण गर्ने, नगद बैंक कारोबार विश्लेषण, शंकास्पद कारोबार, नगद जम्मा गर्ने र निकाल्ने व्यक्तिको पहिचान, चेक क्लियरेन्स, ऋण सम्बन्धी फाइल अध्ययन, फोन मेसेजको विश्लेषण, कल डिटेल विश्लेषण, विशेषज्ञको सहयोग लिने, धितो सुरक्षणको पुनः मूल्याङ्कन गर्ने, अकुत सम्पत्ति (सम्पत्ति सुद्धिकरण) को अनुसन्धान गर्ने, प्रचलित ऐन, नियम, निर्देशिका र निर्देशनको अध्ययन गरी विश्लेषण गर्ने, अनुसन्धान तथा छानविन समितिले पेश गरेको प्रतिवेदनको अध्ययन गर्ने, तथ्य, भौतिक सबुद प्रमाण र कानूनको तादम्यता विश्लेषण गर्ने जस्ता कार्यहरू पर्दछन् ।

अनुसन्धानमा देखिएका समस्याहरू र

समाधानका उपायहरूः

बैंकिङ्ग कसूर प्रविधिको प्रयोगबाट हुने जटिल अपराध भएकोले यसको प्रभावकारी अनुसन्धान तथा तहकिकात गर्न थुप्रै जटिलताहरू र समस्याहरू अनुभव गरिएका छन् । बैंकिङ्ग कसूर मुद्धाको अनुसन्धानमा देखिएका समस्याहरू र समाधानका उपायहरू देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

- बैंकिङ्ग कसूर सँगै संगठित अपराध, कीर्ते, ठगी, साइवर जस्ता अपराधमा पनि सँगै अनुसन्धान गरिएका मुद्धा बैंकिङ्ग कसूरमा वाणिज्य इजलास र अन्य अपराध जिल्ला अदालतमा दायर गर्नुपर्ने अवस्था रहेको छ ।
- विशेषज्ञताको अभावले बैंकिङ्ग कसूरको अनुसन्धान प्रभावकारी हुन नसकेको र गोश्वारा अभियोजन हुने गरेको हुँदा बैंकिङ्ग कसूर लिखत र विद्युतिय अभिलेखमा अनधिकृत प्रभाव पारी घट्ने अपराध हुनाले त्यस्ता प्रमाण संकलन गर्न बैंकिङ्ग कारोबारबारे प्राविधिक ज्ञान र सूचना प्रविधिबारे ज्ञान भएको जनशक्ति उपलब्ध हुनुपर्ने देखिन्छ ।
- अन्तर निकाय समन्वय संयन्त्र नभएकोले बैंकिङ्ग क्षेत्रको पर्याप्त सहयोग प्राप्त गर्न कठीनाई रहेको हुँदा बैकिङ्ग कसूर सम्बन्धी मुद्धाहरूको प्रकृति, तथ्यगत जटिलता र बहुआयाम जस्ता अवस्थाका कारण अन्तर निकाय समन्वय हुनुपर्ने देखिन्छ ।
- कर्जा प्रवाह हुँदाका बखत कुनै अनियमितता र बदनियत भएको भन्ने सूचना नआउने, कर्जा असुल हुन नसकेपछि बैंकिङ्ग कसूर मुद्धामा बैंकका पदाधिकारी र कर्मचारी तानिन सक्ने डरका कारण ठगी र किर्ते मुद्धामा जाहेरी ल्याउने गरिएको देखिन्छ र उक्त विषयवस्तु बैंकिङ्ग कसूर हो होइन यकिन गरी अनुसन्धान गर्नुपर्ने हुन्छ ।
- वैज्ञानिक संसाधनको अधिकतम प्रयोग गरी बैंकिङ्ग कसूरको अनुसन्धान गर्न स्रोत, साधन र दक्ष जनशक्ति अभाव रहेकोले पर्याप्त स्रोत साधन र अनुसन्धान गर्न राष्ट्र बैंकले आवश्यक विशेषज्ञ सहयोग उपलब्ध गराउनु पर्ने देखिन्छ । अनुसन्धानमा संलग्न हुने जनशक्तिलाई तालिम, प्रशिक्षण प्रदान गरी क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।
- टेलिफोन कल डिटेल, लोकेशन लगायतका विवरणहरू सहजै प्राप्त नहुँदा अनुसन्धानमा कठिनाई भइरहेको हुँदा माग भएको खाता लगायतका विवरण र टेलिफोन कल डिटेल लोकेशन तत्कालै उललब्ध

गराउने व्यवस्था हुनुपर्ने देखिन्छ ।

- एउटा जिल्लामा रहेको बैंकको चेक अर्को जिल्लाबाट बाउन्स गर्ने र प्रतिवादी र जाहेरवाला अर्को जिल्लामा बस्ने, कारोबार र चेक लिने दिने स्थान अर्को जिल्लामा हुने गरेको अवस्थामा क्षेत्राधिकारको विषयमा प्रहरीमा दुविधा उत्पन्न भएको देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४६ अनुसार कसूर ठहरिने कुनै काम आंशिक रूपमा एउटा क्षेत्रमा र आंशिक अर्को इलाकामा भएको र कुनै कसूर धेरै क्षेत्रमा भएकोमा जुनसुकै क्षेत्रको अदालतमा मुद्धा दायर हुन सक्ने स्पष्ट व्यवस्था भएकोले कुनै एक काम एउटा इलाकाको क्षेत्रमा भएको देखिएमा जुनसुकै प्रहरी कार्यालयमा जाहेरी दर्ता गर्न सकिन्छ । त्यसैगरी चेक बाउन्स तीन पटक गरे पछि मात्र जाहेरी दर्ता गर्न मिल्छ भन्ने भ्रम रहेको पाइन्छ । खातामा पर्याप्त रकम नभएको जानी जानी चेक दिन हुदैन भन्ने कानूनी व्यवस्था गरेकोले खातामा रकम नभएको पुष्टी हुने एक पटकको बाउन्स जाहेरी दर्ताका लागि पर्याप्त हुन्छ ।
- बैकिङ्ग कसूर सम्बन्धी मुद्धा हेर्ने अधिकार सिमित उच्च अदालतलाई मात्र तोकिएकोले अभियुक्तलाई हिरासतमा राख्न अनुमती लिन ल्याउने लैजाने कुराको असुविधा पनि अनुसन्धान अधिकारीलाई समस्याको रूपमा रहेको देखिएकोले यसको समाधान हुनु जरूरी छ ।
- संगठित समूहको संलग्नतामा भएको बैंकिङ्ग कसूरमा संगठीत अपराध निवारण ऐन, २०७० बमोजिम अनुसन्धान गर्ने, सम्पत्ति रोक्का गर्ने, विदेशमा बसी अपराध गर्नेलाई कानूनी दायरामा ल्याउन पारस्परिक कानूनी सहायताका लागि सुपुर्दगी सन्धी गर्नुपर्ने देखिन्छ ।
- बैंकिङ्ग कसूरको अभियोजन सँगै संगठीत अपराध, कीर्ते, ठगी, आदी अन्य अपराधमा पनि अभियोजन गर्नुपर्ने अवस्थामा बैंकिङ्ग कसूरको अभियोजन वाणिज्य इजलासमा र अन्य अपराधको अभियोजन सम्बन्धित जिल्ला अदालतमा गर्नुपर्ने भएकोले एउटै अदालतबाट हेर्न मिल्ने गरी कानून संशोधन हुनु जरूरी छ ।
- गोश्वारा अभियोजन हुने गरेको, समान तथ्य भएका मुद्धामा फरक फरक माग दावी लिने गरिएको, प्रमाणहरूको सिलसिलेबार प्रस्तुति र विवेचना हुने नगरेको, फरार अभियुक्तहरूको स्पष्ट वतन खुलाउने नगरेको, समन्वयको

अभाव रहेको, विदेशी नागरिकहरू पत्राउ नपर्ने गरेको जस्ता गुनासाहरू अनुसन्धानको सन्दर्भमा अदालत र सरकारी वकिलबाट आउने गरेको देखिएकोले यसको समाधान हुनु पर्दछ ।

- विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७ क, नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५७ (१) र दफा ७० सँग केही मात्रामा दोहोरोपना देखिएको हुँदा ती प्रावधानहरूलाई एउटै कानूनमा समेट्न उपयुक्त हुने देखिन्छ ।
- हुण्डी, विदेशी विनिमय, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐनलाई पनि बैंकिङ्ग कसूर अन्तर्गत राख्ने गरी एकिकृत कानूनको अभाव भएकोले बैंकिङ्ग कसूरमा समावेश गरी एकिकृत कानून निर्माण गर्नुपर्ने देखिन्छ ।
- अनुसन्धान तथा तहकिकातको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई मागदावीमा पूर्ण वा आंशिक छूट दिन सक्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- प्रविधिको प्रयोगबाट हुने अपराधको अनुसन्धान, भौतिक सबुद संकलन, परिक्षण र विश्लेषण गर्नका लागि छुट्टै विशेष कार्यविधि हुनुपर्ने देखिन्छ ।
- बैंक तथा वित्तीय संस्था, इन्टरपोल, पारस्परिक कानूनी सहायता, प्राविधिक तथा विशेषज्ञको सहयोग तथा समन्वय, एजेन्ट, सूचना संकलन गर्नुपर्ने ।
- ATM Card, Credit Card को परिक्षण सुविधा नभएको, कतिपय मुद्धामा सिसिटिभि फुटेज प्राप्त हुन नसक्नु, सामाजिक संजालमा भएका प्रमाणहरू प्राप्त गर्न तथा परीक्षण गर्न समस्या भएको, रकम पठाउने संस्था र हुन्डीको कारण विदेशमा बसी नेपालमा अपराध गर्ने व्यक्तिको पहिचान गर्न समस्या, बैंक तथा वित्तिय संस्थाको कारोबारमा असर पर्ने, आफू समेत फसिने डरका कारण अनुसन्धानका लागि प्रमाण संकलनमा कठिनाई हुने गरेको छ । उक्त समस्याहरूको समाधान भएमा प्रभावकारी अनुसन्धान हुने देखिन्छ ।

निष्कर्षः

नेपालमा विद्युतीय माध्यमको दुरूपयोग गरी संगठित र अनधिकृत रूपमा बैंकको सिस्टममा पहुँच राखी रकम रकमान्तर गरी रकम निकाल्ने, प्रविधिको दुरूपयोग गरी भुक्तानी लिने,

विभिन्न उपकरणको प्रयोग गरी इन्टरनेट सर्भर ह्याक गरी एटिएमबाट रकम झिक्ने जस्ता गम्भिर प्रकृतिका बैंकिङ्ग अपराधहरू विदेशीहरूको समेत संलग्नतामा हुन थालेको छ । प्रविधिको ज्ञानको कमजोरीलाई माध्यम बनाई प्रविधिको दुरूपयोग र गोप्य तथ्याङ्क चोरी गरी अपराध गर्ने गरेकोले अनुसन्धान कार्यमा तालिम प्राप्त दक्ष जनशक्तिको आवश्यकता रहेको छ । फौजदारी मुद्धामा पीडितलाई न्याय र दोषीलाई सजाय दिनको लागि आवश्यक पूर्वाधार भनेको नै प्रमाण हो । प्रविधिको प्रयोग गरी हुने बैंकिङ्ग कसूर अपराधको अनुसन्धान र प्रमाण संकलन चुनौतीपूर्ण रहेको छ । ठुला बैंकिङ्ग कसूरले मुलुकको अर्थतन्त्रमा नै प्रभाव पार्ने भएकाले अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्ने निकायबीच प्रभावकारी समन्वय हुनुपर्ने देखिन्छ । बैंकिङ्ग सुशासन कायम भएमा मात्र देशको अर्थतन्त्र मजबुत भई मुलुक समृद्ध हुने हुनाले बैंकिङ्ग कसूरको अनुसन्धान र अभियोजन प्रभावकारी हुनु पर्दछ । अनुसन्धान कार्यमा पर्याप्त साधन स्रोत, दक्ष र तालिम प्राप्त जनशक्तिको उपलब्धता, वैज्ञानिक संसाधनको अधिकतम उपयोग, प्रभावकारी र स्पष्ट कानूनी प्रावधान, पारस्परिक कानूनी सहायता, प्राविधिक सहयोग र प्रभावकारी अन्तरनिकाय समन्वय भएमा मात्र बैंकिङ्ग कसूर मुद्धामा सफलता प्राप्त गर्न सकिन्छ । ♦♦♦

गजल

हिमाली यो भूमिमा

✍ **घनबहादुर थापा**

हिमाली यो भूमिलाई शिर मान्नु पर्छ
भूमिबासी हामीलाई वीर मान्नु पर्छ

अब्बल यो शान्त भूमि सजाउन अझै
सकिएन भने कसै पिर मान्नु पर्छ

धड्कनमा मातृभूमि लुकाएर राख्दा
ममताको भोक मेट्ने खिर मान्नु पर्छ

सप्तरङ्गी इन्द्रेणीझैं देश झुल्ने बेला
आकाशझैं स्वच्छ लाग्ने नीर मान्नु पर्छ

फाटिएका मनहरू जोड्ने कोही भए
एकतामा उनी राख्ने भीर मान्नु पर्छ ।

प्रकृति

✍ छायादत्त न्यौपाने 'बगर'

डाँडापाखाभरि हरियाली छटा प्रकृतिको सुन्दर स्वरूप । यसमा खेल्ने रमाउने जीवजन्तु सबै प्रकृतिको समुच्च रूप । माटाको भर ढुङ्गा ढुङ्गाको भर माटो । एक हातले ताली बज्दैन । कति सिपालु हाम्रा पुर्खा ! प्रकृतिको भर जीवन, जीवनको भर प्रकृति । रूख-बिरूवाको संरक्षणले वातावरण अनुकूल राख्छ । अनुकूल वातावरणले जीवन स्वस्थ राख्छ, स्वस्थ जीवनले गति प्राप्त गर्छ । गतिशील जीवनलाई उत्पादन क्षमता प्राप्त हुन्छ । जीवन-जगत र प्रकृति बिच नङ र मासुको सम्बन्ध छ । जीवनको प्रकृतिजन्य रूख-बिरूवा हुर्कने बढ्ने स्वभावमा बाधा पुऱ्याउने प्राकृतिक प्रकोपको रोकथामका लागि अग्रणी भूमिका खेल्नुपर्ने दायित्व बन्छ । प्रकृतिको हरियाली जीवन्त राख्ने प्रक्रियामा पनि जीवनकै देन रहन्छ । वनबुटाको स्थायित्व कायम रहन दिने पनि जीवनले नै हो । जीवन, जीवन जस्तै विवेकशील भइदिंदा सिङ्गो प्रकृति सुरक्षित हुन पाउँछ, यसैमा जीवन फक्रन्छ ।

समस्त प्राणीमा समभाव राखेर हुर्काउने प्रकृति सिङ्गै पृथ्वी सुरक्षित राख्ने स्वाभाविक संरचना हो र जीवन उभिने आधार पनि । प्रकृतिजन्य भूगोल, जलसम्पदा, वनस्पति, जीवजन्तुको सन्तुलित संरक्षण-संवर्धनले जीवन रक्षा गरिरहेको हुन्छ । यसैबाट मानवलाई आवश्यक हावापानीको परिपूर्ति भइरहन्छ । यसरी घामले ताप दिएर, हावाले सास दिएर, पानीले तिर्खा मेटाएर जीवन डोऱ्याई-डोऱ्याई प्रकृतिमा अन्तर्घुलन गराई जीवित राखिरहेको छ, गति दिइरहेको छ । ऋतु परिवर्तनसँगै रूख-बिरूवा, पात-पतिङ्गर, पशुपन्छीहरूमा परिवर्तन आइरहन्छ । यस परिवर्तनमा मानवीय संवेदना कति छ र कति बिउँझाउन सक्छ ? अडकलबाजी काम नलाग्न सक्छ । उजाड भूमिमा कालीन ओछ्याएसरि उम्रिने दुबो, डाली-

डालीका पालुवा, पालुवाको पर्दाभित्र चरीले बनाएको गुँड, सबै-सबैको संरक्षण निम्ति प्रकृतिले तयार पारेको अनुकूल वातावरणीय प्रभाव जुन जीवनको जन्मसिद्ध अधिकार हो । यसैले सृष्टि संरचनालाई सुन्दर बनाई सन्तुलित परिवेश कायम राखिदिएको छ । यसैमा जीवन निर्बाध खेलिरहेको छ । सृष्टिकर्ता ईश्वर आस्था र विश्वासको जग पनि प्रकृति नै हो । ईश्वरीय शक्तिका रूपमा चर्चा हुने अद्भूत रहस्य पनि प्रकृतिकै अंश हो ।

प्रकृति कति शक्तिशाली छ, कति तुलनै हुँदैन । हावाको गति कसले छेक्ने, वर्षाको वेग कसरी तर्काउने, ऋतुले रूख-बिरूवामा ल्याउने परिवर्तन कसले रोक्ने, बाघलाई घाँस कसले खुवाउने, हुर्कदै गरेको बिरूवामा छानो कसले हाल्ने फुल पार्ने पन्छीको प्रजनन प्रक्रिया फेर्ने कसको ताकत, प्राणी मात्रको प्रजनन गति सीमित गरेर सृष्टिलाई विद्रुप पार्ने चेष्टा के का लागि, नदीभित्रका माछालाई पौडिन नदिने ? जस्ता अनेक प्रश्नहरू प्रकृतिका गर्भबाट निस्केर जीवनसँग ठोक्किन्छन् । गुलाबबाट काँडा उखेल्ने र गुँरासबाट रङ झिक्ने कसको हिम्मत ? यस्तो शक्ति सम्पन्न प्रकृतिले जीवन-जगतलाई प्रदान गरेको गति निरन्तर बगिरहेको छ, अविच्छिन्न लहर लागेर घडी-पल, दिन-रात, साता-महिना, वर्ष-शताब्दी हुँदै यसैको प्रवाहमा जीवन हिँडिरहेको छ । यो गतिशीलता वर्षौंदेखि वर्षौंसम्मको यात्रा हो । यसमै प्रकृति मौलाउँछ, जीवन थपिँदै जान्छ । परिवर्तनशील प्रकृतिले नै जीवनका अवयवहरू सञ्चालन गरिरहेको छ । प्रकृतिले धानेका पहाड पर्वत अविचल छन्,नद-नदी निरन्तर छन्, खोल्सा-गल्छेडाहरू एकनास उपस्थित छन् । सालघारी सुसाउने र इन्द्रेनीले रङ भर्ने दायित्व बिर्सेका छैनन् । यसै गरी आगाले पोल्न र पानीले चिस्याउन छाडेका छैनन् । जिब्राले स्वाद बिर्सेको छैन, आँखाबाट दृश्य हराएको छैन, नाकमा गएर गन्ध ठोकिन्छ, कानले शब्द पछ्याउँछ, छाला तातो चिसो भोगिरहन्छ, मन हावासँगै उडिरहेको हुन्छ, कतिखेर हृदयमा लुक्छ, कतिखेर मस्तिष्क उचाल्छ, कतिखेर आलस्यमा खुम्च्याएर निस्क्रिय बसाइदिन्छ ।

जीवन प्रकृतिकै उपज हो । जीवनमा प्रकृतिजन्य आनीबानी र आचार विचार छन् । प्राकृतिक गुणले जीवनमा सामञ्जस्य उत्पादन गर्छ । प्रकृतिबाट विपरीत हुन खोज्दा जीवनशैली भिन्न हुन्छ, आ-आफ्नै पाराको हुन्छ । तीमध्ये मानव, मानव जीवन बढी नजिक देखिन्छ तर भूगोल

र परम्पराको प्रभाव प्रबल रहन्छ । बिरालोदेखि मुसा र कुकुरदेखि बिरालो डराउने स्वभाव प्राणीजन्य प्राकृतिक गुण हो । मरूभूमिमा घाँस नउम्रिने र माछा रूख नचढ्ने गुण पनि प्रकृतिकै देन हो । प्राणी-प्राणीको के कुरा स्वयं मानव इन्द्रियहरूको स्वाभाव फरक हुन्छ, आँखालाई जाडो हुँदैन, मुखले दृश्य देख्दैन, नाकले शब्द सुन्दैन । यो अब्बल दर्जाको प्राकृतिक नियम हिजो र आज उस्तै छ समयान्तरको प्रभाव देखिँदैन तर मान्छे समय बदलियो, हिजो कस्तो थियो आज यस्तो भयो भनेर बरबराउँछ, विचारै नगरी बरबराइरहन्छ । उसले भनेजस्तो समय र प्राकृतिक गुणमा विपरीत मूल्य देखिएको छैन । मान्छे यो आन्तर्यमा पुग्नुपर्ने हुन्छ ।

तातो घामले प्रकृतिको उग्ररूप बताउँछ, तीव्र हुरीले प्रकृतिको रिसाहा रूप देखाउँछ, अविच्छिन्न झरीले उग्र अनि रिसाह दुवै रूपको समन गर्छ । सन्तुलनको आग्लो प्रकृतिमै छ । जीवनका अवयवलाई जीवनले नै एक-अर्कासँग जोडेको हुन्छ । जोड-घटाउले जीवनको हिजो, आज र भोलिलाई नापिरहेको हुन्छ । यही नाप्ने फिता हो मान्छेलाई इतिहास बताएर वर्तमानसँग पौंठेजोरी खेलाउँदै भविष्योन्मुख गराउने प्रक्रिया । यसैमा जीवन क्रमशः देखिन्छ अनि क्रमशः हराउँछ पनि । यस्तो परिणामका लागि मान्छेको जीवन पद्धतिले भूमिका खेल्छ, खेलिरहेको छ ।

हुन त मान्छे प्राकृतिक मूल्य भन्दा विज्ञान-प्रविधिको बखानमा रमाएको छ । ऊ नथाकेरै विज्ञानका कुरा गर्छ, जीवनका जरा त्यसैमा देख्छ तर विज्ञान-प्रविधि प्रकृतिकै अंश हो । विज्ञान प्रकृति र जीवनको उत्पाद्य हो, यो प्रकृति र जमिनजस्तो अभेद्य छैन । विज्ञान त प्रकृति र जीवनको संयोजनबाट निर्मित उपकरण हो । अँ, हो, विज्ञानले प्रकृतिलाई सन्तुलनमा राख्ने र जीवनलाई संरक्षण दिने सीप सिकाउँछ । प्रकृति र जीवन दाजुभाइ हुन् भने विज्ञान आफन्त हो । योसँग यसै तहमा उभिएर बहस गर्दा प्रकृतिलाई गति, जीवनलाई मति र विज्ञानलाई उर्जा प्राप्त हुन्छ । यी तीनै शक्तिको अनुशासित प्रयोगले सृष्टिलाई सुन्दर बनाउँछ । आजको मान्छेले पत्याउनै पर्ने चेत यही हो । यसैमा विज्ञान सप्रन्छ, प्रकृति खुल्छ र जीवन मुस्कुराउँछ । यसैले सिङ्गै सृष्टि डोऱ्याउँछ ।

♦♦♦

कथा

सपना

✍ मौनता थापा

साँझको सात बजेको छ । मुनाले हतार हतार कम्प्युटर अन गर्दै मेसेन्जरबाट 'हाई' पठाई । उताबाट 'शुभ सन्ध्या मुनु' भन्ने शब्द देख्नासाथ रोमाञ्चित भई । नहोस् पनि कसरी ? त्यही क्षणको लागि दिनभरको कामकाजलाई व्यवस्थित गर्दै नुहाइधुवाइ श्रृङ्गारपटार गरी चिटिक्क परेर ऐना हेर्दै मुस्कुराउँदै थिई ऊ ।

भर्खर किशोरी अवस्थामा खेल्दै गरेकी चञ्चली मुना, घरको कमजोर आर्थिक अवस्थाको कारण घर, परिवार र देश नै छोड्ने निर्णयमा पुगेकी थिई । अर्कोतर्फ बाबाआमाको कमाइले आफ्नो अध्ययन पूरा हुन नसक्ने र घरपरिवार चलाउन धौं धौं पर्दै गएको स्थितिलाई मनन् गर्दै उसलाई यस्तो निर्णय गर्नुपर्ने बाध्यता परेको थियो । अनि ठुलो प्लेन चढेर आकाशबाट पृथ्वीमा बनेका भव्य संरचना अवलोकन गर्ने, धर्तीको स्वरूप हेर्ने अनि धेरै पैसा कमाएर घरपरिवारलाई सहायता गर्ने अभिलाषा मनभरि साँचेर विदेशिएकी थिई ऊ ।

उसलाई धेरै पढेर ठुलो व्यक्ति बनेर आफू केही गरौं भन्ने भावना पटक्कै थिएन । बस् पैसा कमाएर बाबाआमाको आर्थिक बोझलाई केही हलुका बनाउने र घरमा भएका साना भाइबहिनीको स्कुल खर्च पुऱ्याउने अभिलाषा लिएर हिँडेकी थिई । कक्षा १२ को परीक्षाको नतिजा राम्रो नआएपछि पढाइ छाडेर अठार वर्षको कलिलो उमेरमा विदेशी कामदारको रूपमा गएकी थिई ऊ । जीवनमा कहिल्यै घरदेखि टाढा नगएकी मुना आफ्ना बाबाआमा, भाइबहिनी अनि आफ्नो देशै छाडेर धेरै टाढा बिरानो देशमा बस्नु परेपछि आफूलाई एकदमै एक्लो महसुस गर्थी ऊ । घरमा हुने जमघट, भेटघाट, आफन्तले गर्ने स्नेहले यस्तो बेला झन् घाउमा नुनचुक थप्ने काम गर्थ्यो बेलाबेलामा । तर सम्झेर आँखामा बलेसी ल्याउनु बाहेक अरू कुनै फाइदा भने थिएन ।

उता उन्नाइस वर्षमा हिँड्दै

गरेको बसन्त गहुँगोरो र ठिक्क नेपाली कद्को थियो । ओठमाथि भर्खर जुँगाको रेखी बसेको, हँसिलो मुहार, मिठो बोली वचन र मिलनसार बानीले उसलाई साँच्चिकै एउटा सिनेमाको 'नायक' भन्न सुहाउने बनाएको थियो । यस्ता गुणका बाबजुद ऊ पनि मुनाझैँ पैसा अभावकै कारण आफ्नो पढाइलेखाइ बाह्र कक्षामै छाडेर विदेशिएको थियो । आफ्नो बेरोजगारी जीवन, दिनभर तास खेल्ने र साँझ टन्न मदिरा सेवन गरी घरमा आएर आमालाई पिट्ने बुबाको कारण बिथोलिएको घरलाई मलम लगाउन केही अर्थ आर्जन गर्नुपर्ने सोचाइ पनि ऊ यसरी विदेशिनुका कारण थिए । अनि सानो भाइको पढाइको खर्च र दिनरात घरको काम अनि सानो खेतीको काममा हाड घोटिरहेकी आमाको लागि केही पैसा कमाएर सुख दिने इच्छा बोकेर विदेशिएको थियो ऊ ।

विदेशको ठाउँमा आफ्नो भन्ने, माया गर्ने, एक्लोपनलाई साथ दिने कोही पाए अमृत पाएझैँ लाग्छ । हो, यस्तै साथ दिएर जीवनमा केही मुस्कान छरिदिने मुनाको लागि अहिले बसन्त नै थियो । हो, ऊ पनि विदेशमै थियो । तर कोशौँ टाढाको भिन्दाभिन्दै देशमा नेपाली कामदारको रूपमा कार्यरत थिए उनीहरू । साँच्चै भन्नुपर्दा एक नदीका दुई किनारा थिए दुवै जना । तर पनि बसन्तको मीठो साथ र मायालु बोली, मुनाको हरेक कुरामा ख्याल राख्ने र सन्चो बिसन्चो सोध्ने बानीले मुनालाई आफ्नै अगाडि हिरा पाएझैँ महसुस गर्थी । अझै कस्तो कपडा लगाउँदा सुहाँउछ जस्ता आदि इत्यादि कुरामा समेत ख्याल राख्दा, कुनै समस्या आइपर्दा मन लगाएर सोचेर समाधानका उपायहरू खोजी दिँदा मुनालाई बसन्त साह्रै मन पर्छ, आँखैमा राखीरहुँ जस्तो लाग्छ ।

सामाजिक सञ्जालमार्फत आठ महिना पहिला बसन्तसँग पहिलो पटक चिनाजानी हुँदा ऊ यति धेरै भद्र र समझदार मान्छे होला भन्ने मुनाले सोचेकै थिइन । यति छोटो समयमै मनमा बसाउन पाउँदा उसलाई लाग्यो सायद कसैको कोही छैन भने भगवान् पक्कै हुन्छन् ।

बसन्त पनि मुनालाई औधी मन पराउँछ । दिनभरि काममा हुँदा मुनाले बोलेको हाँसेको, मायालु कुराहरू गरेको, अनि विदेशमा रहँदा अपनाउनुपर्ने होसियारी र साथीभाइहरूसँग गर्नुपर्ने असल व्यवहारको बारेमा मुनाले भनेका कुराहरू अर्तिको रूपमा लिने गर्दछ । मानिस जतिसुकै पूर्ण भए पनि केही कमी हुन्छ नै । त्यही कमीको पूरा रूप उसले मुनाका सुझावमा पाउँछ । मुनाले कुराको प्रसंगपिच्छे गुनगुनाएको

मिठो गीतको सम्झनाले मोहित हुन्छ ऊ । मुनाको बोली सुन्न सधैँ आतुर भइराख्छ । मुनासँगै बस्न पाए हुन्थ्यो, सधैँका लागि आफ्नो बनाउन पाए हुन्थ्यो भन्ने कल्पनामा रातदिन डुबिरहन्छ ।

बसन्त मेसेञ्जरबाट विभिन्न देश विदेशका समाचारहरू विभिन्न ठाउँका ऐतिहासिक कला र संस्कृतिका तस्वीरहरू पठाउँछ । त्यसका बारेमा आफूले जानेका कुराहरू मुनालाई बताउने गर्छ । मुना पनि मोहित भएर बसन्तबाट विभिन्न कुराहरूको जानकारी लिइरहन्छे । बसन्तले आज नेपालको जग्गा प्लानिङमा बनाइएका हाउजिङ्का सुन्दर घरहरूको तस्वीर पठाउँदै भन्छ, 'हेर त मुनु, आज मैले तिमीलाई हाम्रो देशको एक ठाउँमा गरिएको प्लानिङमा बनाइएका एकनासे घरहरूको तस्वीर पठाएको छु ।'

मुना उत्सुक भएर ती तस्वीरहरू हेर्दै जान्छे । 'आहा कति राम्रा घरहरू विदेशमा जस्तै । सबै घरहरू उस्तैउस्तै लाग्ने । एउटै रङले पोतिएका कति राम्रो हल्का हरियो र क्रिम रङ । कति सुन्दर देखिएको है ?' उसले बसन्तलाई यस्तै लेखेर पठाउँछे । आहा यी तस्वीरमा जस्तै आफ्नो पनि घर बनाएर बसन्तको काखमा लुट्पुटिन पाएँ जीवनमा कस्तो बहार आउँथ्यो होला भन्ने कल्पनामा ऊ चुप्लुङ्ग डुबुल्की मार्छे ।

एता मुनु आफ्नै संसारमा डुबुल्की मार्छे । उता बसन्त अलि दुःखी हुँदै अब त नेपालमा पनि व्यवस्थित तरिकाले घरहरू बनाउन थालिएको छ । यो त राम्रै कुरा हो तर कृषियोग्य जमीन धमाधम मासिदै गएको छ । अब दैनिक उपभोग गर्ने खाद्य पदार्थहरू दाल, चामल, तेल, चिनीदेखि सबै कुराको लागि छिमेकी देशको मुख ताक्नुपर्ने हुन्छ । यो नराम्रो पक्ष हो । हाम्रो देशमा अव्यवस्थित बसाइँ छ, जुन मानिसहरू सहर उन्मुख भएर हो । सरकारले पनि एउटा राम्रो नियम बनाउन नसकेर यस्तो भएको जस्तो लाग्छ । कृषियोग्य जमीनमा बस्ती बसाल्न नमिल्ने नियम हुनुपर्ने नि है विदेशमा जस्तो ? उसले मुनालाई भन्छ ।

मुना पनि अलि भावुक हुँदै सोच्न थाल्छे । बसन्त फेरि सोचनीय बन्दै अरू समस्याको बारेमा भन्न थाल्छ । हेर न फेरि बाटोहरू कति साँघुरा छन् । घर राम्रो र ठुलो बनाउँछन् तर बाटोको बारेमा बिचार नै गर्दैनन् । भोलि गएर आफैलाई अप्ठेरो परिरहेको हुन्छ । फेरि बाटोभरि जतातत्तै फोहोर फालिदिन्छन् । आफ्नो टोल आफ्नो समाज आफैले सफा राख्नुपर्छ भन्ने कुरा थाहा नै छैन । थाहा हुनेले पनि बुझ पचाउँछन्

भन्या । आफ्नै टोल सफा गर्न समेत सरकारको मुख ताक्छन् । जब नेपालीहरूमा आफ्नो समाज, टोल सफा राख्न सुधार गर्न विकास गर्न आफै अघि सर्नुपर्छ भन्ने कुराको चेतना हुँदैन नि तबसम्म हाम्रो देशको विकास सम्भव हुँदैन मुनु । बसन्तको कुरा साह्रै घत लाग्छ मुनालाई र हँ मा हँ लगाइ राख्छे ।

एकै क्षणमा त्यहीं सडक अनि गल्लीहरूमा मुना र बसन्त ती राम्रा घरहरू र सडकको फोहोरको चर्चा र परिचर्चा गर्दै हात समातेर हिँडिरहेका हुन्छन् । जाँदाजाँदा एउटा चौरमा गोधुली साँझमा साङ्गितिक कार्यक्रम सुरू भइरहेको देखिन्छ । स्टेज सजिएको छ । मानिसहरूको भिड खचाखच भरिदै छ । नेपाली गायकहरूका गीत र नाचले वातावरणमा रौनकता छाएको छ । चौरमा दर्शकहरू थपडी बजाउँदै छन् । कोही नाचिरहेका छन् । मुना र बसन्त हातेमालो गर्दै त्यही ठाँउमा पुग्छन् ।

चञ्चली मुना बसन्तको हात समाउँदै भन्छे, 'आउन बसन्त अगाडि गएर बसौं । यहाँ अरूले छेक्छन् के । नजिकबाट कार्यक्रम हेर्न मज्जा आँउछ नि ।'

तर बसन्त भावुक भएर मुनाको अनुहार एकनासले हेर्दै भन्छ, 'आऊ हामी यहाँ बसौं । तिमी र म जहाँ अलि अध्याँरो पनि छ । एकै ठाउँमा । मेरो काँखमा टाउको राखेर बस मुनु अनि बिसाउ आफ्ना जीवनका थकाइहरू । पोख मायाका अबिरल भेलहरू । हेर त म कति थाकेको छु ? तिम्रो काँखमा टाउको राखेर थकाइ मार्न चाहन्छु । म कति तड्पिएको छु, तिम्रो साथ पाउन । तिम्रो हातमा हात गाँसेर बस्न । तिमीभित्र ढुकढुक गरेर धड्किएको मुटुको धड्कन सुन्न । म कति आतुर छु ।

बसन्तको कुराले मुना भसङ्ग भई । हो नि ऊ पनि त त्यत्तिकै आतुर थिई । उसको हात समाउन, उसको साथ पाउन, उसको अँगालोमा बाँधिन, उसको छातीमा आफ्नो शिर राखेर मनको दुःख बिसाउन ।

बिस्तारै बसन्तको हात समाई मुनाले । यो हात समाईमा मुनाभित्र अर्कै तरङ्ग उत्पन्न भयो । निक्कै मायालु बनेर बसन्तको भावुक अनुहारमा हेरिरही, हेरिरही एकनासले । बसन्त झन् नजिक नजिक हुँदै गयो र मुनालाई ओठमा चुम्न खोज्यो । तर मुनाले सर्माउँदै भनि, 'ऊ उता हेर त बसन्त, केही मानिसले हामीलाई हेरिरहेका छन् ।'

बसन्त तर्सिएर अलि पर सऱ्यो। मुना भसङ्ग भएर ब्युँझिई । बिहानको चार बजेछ, कस्तो सपना देखेछु ? अब फेरि निदाएर त्यही सपनालाई निरन्तरता दिन पाए हुन्थ्यो भन्ने कल्पना गर्दै सुती मुना । तर सधैं मनको कुरा कहाँ पूरा हुन सक्थ्यो र ! ♦♦

विकास र रोजगारी सिर्जनामा उद्योगको भूमिका

✍ **सुदर्शन अधिकारी**

कुनै पनि उपभोग्य वस्तु उत्पादन गर्ने स्थललाई उद्योग भनेर चिनिन्छ। उद्योगले देशको कुल ग्राहस्थ उत्पादन वृद्धि गर्नुका साथै रोजगारी सिर्जना गरी समग्रमा देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । आज देशमा बेरोजगारी समस्याले गाजेर दैनिक लगभग दुई हजारका संख्यामा नेपालीहरू विदेशिन बाध्य छन् । उद्योग कलकारखानाको विकास गर्ने हो भने स्वदेशमा नै रोजगारीको अवसर प्राप्त हुन्थो । यसबाट राष्ट्रिय आम्दानी वृद्धि भई समग्र अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने निश्चित छ । मूलत देशमा छयालीस सालको राजनीतिक परिवर्तन पश्चात देशमा उद्योगधन्दाको विकास र विस्तार होला भन्ने अपेक्षा थियो त्यसको विपरित भनै भएका उद्योगहरूको पनि निजिकरणका नाममा विक्रि गरियो ।

तत्कालीन समयमा चलेकै उद्योगहरू निजिकरण र उदार अर्थतन्त्रका नाममा बेचिने कार्यले औद्योगीक विकासमा भन संकट निम्त्यायो। त्यस बेलामा सहज रूपले सञ्चालित उद्योगहरू बाँसवारी छाला जुत्ता हिमाल सिमेन्ट भक्तपुर ईट्टा, भृकुटी कागज कारखाना, गोरखकाली टायर उद्योग, जम्नुपर्नेमा उल्टै भएका पनि घरायसी बनाइयो । देशको एक मात्र औषधी उद्योग औषधी विभाग त्यसैगरी चिन सरकारले निर्माण गरिएको त्रिपुरेश्वर कोटेश्वरसम्मको ट्रलीबस जस्ता ज्यादै उपयोगी सेवा एकाएक बन्द हुन पुगे । यस्ता महत्वपूर्ण सेवा प्रदायक उद्योगलाई टिकाइ राख्नका लागि राज्यले हर तरहले प्रयास गर्नुपर्ने थियो तर त्यो भएको पाइएन।

हेटौंडा कपडा उद्योग जुन अत्यन्तै सहज ढंगले सञ्चालीत चर्चित उद्योग पनि हो तर त्यसको पनि प्रभावकारी व्यवस्थापनको अभावका कारण अन्तत बन्दनै गर्नु पऱ्यो । त्यस उद्योगलाई पुर्नजीवन दिने प्रयास भइरहेता पनि ठोस कार्य भने भएको देखिदैन । हेटौडा कपडा उद्योग सञ्चालन गरी त्यहाँबाट उत्पादित कपडा राष्ट्र सेवक कर्मचारी निजामती,

प्रहरी, क्षिक्षक, सेनालगायत दर्जनौं संस्थानका झन्डै ५लाख कर्मचारीले आ-आफ्नो कार्यालयका पोशाकका रूपमा उपभोग गर्ने हो भने उद्योग सहज रूपले नाफामा नै सञ्चालन गर्न सकिन्छ । कार्य गर्ने इच्छा शक्तीको मात्र खाँचो देखिन्छ । त्यसैगरी बासबारी छाला तथा जुत्ताकारखाना त्यसलाई सहजै सञ्चालन गरी त्यसबाट उत्पादित जुत्ता राष्ट्र सेवक कर्मचारीले उपयोग गर्ने वातावरण निर्माण गर्ने हो भने अवश्य नै नाफामा संचालन भएर राष्ट्रिय आम्दानीमा टेवा पुग्ने निश्चित छ ।

त्यसै गरी वि.स. चौवालीसताका नाफामा सञ्चालित भृकुटी कागज कारखाना सञ्चालन गरी देशभरका सरकारी कार्यालय आवश्यक पर्ने कागज उत्पादन गरी त्यसलाई प्रयोग गर्ने नीति बनाई त्यसलाई प्रभावकारी रूपले कार्यान्वयन गर्न सकेमा उद्योग उच्च क्षमतामा सञ्चालन गरी नाफा आर्जन गर्न सकिन्छ । पूर्वाधार पहिलेकै छदैछ, प्रभावकारी व्यवस्थापनको खाँचो हो जसको व्यवस्था उद्योग मन्त्रालय आफै अग्रसर भएर गर्न सक्नुपर्छ । देशको नै गौरव बनेर सञ्चालनमा आएको राम्रो मुनाफामा सञ्चालन भइरहेको गोरखामा रहेको गोरखकाली टायर उद्योग पुनः सञ्चालनमा ल्याएर त्यहाँबाट उत्पादित टायरहरू सरकारी तथा संस्थानका सवारी साधनमा प्रयोग गर्ने हो भने त्यसले पनि मुनाफा सहित अगाडि बढ्न सकेमा विमतिनै रहदैन र !

भक्तपुर ईट्टा तथा टायल कारखाना त्यसलाई उद्योग मन्त्रालयको अगुवाहरू केही समय निगरानीमा राखेर सञ्चालनमा ल्याउने हो भने अवश्यनै राम्रो गतिमा नाफा कमाउदै सञ्चालन हुन सक्छ । त्यहाँबाट उत्पादित ईट्टाहरू देशभर सरकारी भवन निर्माणमा अनिवार्य रूपले प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने हो भने निश्चित रूपले उद्योग सञ्चालनमा व्यावधान आउदैन। त्यसैगरी औषधी व्यवस्था विभाग जहाँबाट सामान्य औषधीहरू सिटामोल, जिवनजल, क्यालसीएम, भिटामीन आदि उत्पादन गरी सम्पूर्ण जिल्ला अस्पतालहरूमा वितरण गर्ने प्रभावकारी व्यवस्था मिलाउने हो भने सहज रूपले उद्योग सञ्चालान हुन्छ । एकातर्फ स्वदेशी मुद्रा विदेशिने समस्या हुदैंन भने अर्कोतर्फ उपभोक्ताले सुलभ दरमा औषधी प्राप्त गर्न सक्ने थिए । नेपाल खाद्य संस्थान जसले कृषि उत्पादन विशेष गरी धान खरिद गरी सहुलियत दरमा चामल उत्पादन र वितरण गर्ने हो भने त्यसले पनि नवजीवन पाउने देखिन्छ । त्यति मात्र नभई आफ्नै लगानीमा गाउँ-गाउँका कृषकहरूलाई बाख्रा पालनमा प्रोत्साहन गरी खसी बोका उत्पादनमा लगाउन सक्छन् । जसले

गर्दा दसैंमा आवश्यक पर्ने अरबौं रूपयाँ बराबरको खसी आयात गर्नु पर्ने थिएन । यस्ता थुप्रै क्षेत्रहरू छन् जसको सामान्य चासो र इच्छा शक्तिद्वारा अगाडि बढ्ने हो भने पनि सफलता पाइन्छ । कृषि मन्त्रालय अन्तर्गतकै नेपाल दुग्ध विकास संस्थान मार्फत जिल्लामा गाई भैंसी पालनलाई प्राथमिकता दिई दुध उत्पादलाई वृद्धि गराउन सकिन्छ । जसबाट दुध, पनिर, घ्युँ लगायतका दुग्धजन्य पदार्थ उत्पादन गरी आयआर्जनका साथै रोजगारी समेत वृद्धि गर्न सकिन्छ ।

हिमाल सिमेण्टको प्रसङ्गलाई उठाउँदा उदयपुर र हेटौडा सिमेन्ट जस्तै गरी सञ्चालनमा ल्याउने हो भने अवश्य नाफामा सञ्चालन गरी सिमेन्टको माग पूरा गर्न सहयोग पुग्थ्यो । वातावरणीय प्रभावलाई अध्ययन गरी उपयुक्त स्थानमा सञ्चालनमा ल्याउने कार्य गर्नुपर्छ । माथि उल्लेख गरिएका हिमाल सिमेन्ट, गोर्खाली टायर कारखाना औषधी व्यवस्था विभाग लगायतका कर्मचारीलाई अहिले पनि यत्तिकै तलब सुविधा दिएर राख्नु परेको छ जसले गर्दा अनुत्पादक लगानी भइरहेको छ । सम्बन्धित कारखानाका कर्मचारीलाई काम सहित तलब दिने र राज्यका सम्बन्धित निकाय बढी जिम्मेवार भएर अगाडि बढ्ने हो भने देशमा विभिन्न उद्योग सञ्चालन गर्न कठिनाई देखिदैंन । उद्योग सञ्चालन सहज अवस्थामा नआएसम्मका लागि कृषि सम्बन्धित मन्त्रालय तथा विभागले अग्रसरता देखाई त्यसको सफलता तर्फ अगाडि बढ्नका लागि कृषि मन्त्रालय उद्योग मन्त्रालय लगायत सबै सम्बन्धित कार्यालय गम्भिरतापूर्वक लाग्नुपर्छ ।

अहिले देशका गाउँ-गाउँमा वृद्धाहरू र बालबालिका मात्रै भेटिन्छन् । सबै युवा जनशक्ति रोजगारीको सिलसिलामा आफ्ना घर खेतनै धितोमा राखेर अनेकौं समस्याको सामना गरेर चालिस डिग्री तापक्रम भएको खाडी मुलुकमा जान बाध्य छन् । यदि देशमा रोजगारी सिर्जना गर्ने हो भने माथि उल्लेख गरिएका उद्योगहरू सञ्चालनमा ल्याएर युवा जनशक्तिको श्रम स्वदेशमै लगाउने वातावरणको सिर्जना गर्न राज्य गम्भिर हुनैपर्छ । 'नारामा सम्बृद्ध नेपाली सुखी नेपाली' भनेर मात्र हुदैंन । सम्बृद्ध बन्ने मार्ग पहिल्याई त्यसमा सहज ढङ्गले हिंड्न सक्ने बनाउनु पनि पर्छ ।

आज पनि वास्तविक किसानले कृषि ऋण सुविधा प्राप्त गर्न सकिरहेका छैनन् । सच्चा कृषकको नाममा जमिन नै छैन जसको नाममा जमिन छन्, तिनले कृषि कार्य नै गर्दैनन् । आजको अर्को गम्भिर समस्या भनेको जमिन बाँझो राख्ने प्रवृत्ति हो । युवा शक्तिको अभावले श्रमिक नपाई उर्वर भूमि बाँझो भएको छ । कृषि उत्पादनले बजार र

उचित मूल्य नपाउदा कृषक निरूत्साहित छन् । राज्यले समयमा नै धान, ऊखु लगायत कृषि उपजको मूल्य निर्धारण नगर्दा हजारौं किसान लागत पनि नउठ्ने अवस्था रहन विवश छन् । आफ्नो उत्पादकले बजार पाउनेमा ढुक्क नहुन्जेलसम्म उत्पादन गर्न कृषक उत्प्रेरित हुदैंन । यसरी राज्यले थोरै र प्रभावकारी कदम चाल्ने हो भने थुप्रै सङ्ख्यामा रोजगारीको सिर्जना भई बेरोजगारीको समस्या पनि क्रमश हल हुदैं जान्छ ।

अब रह्यो सवाल, पूँजी वा लगानी गर्ने आर्थिक स्रोत कहाँबाट प्राप्त गर्ने भन्ने त्यसका लागि जहा इच्छा त्यहाँ उपाय भने झैं आर्थिक स्रोत जुटाउन सक्ने विभिन्न उपायहरू छन् । नेपाल प्रहरी, नेपाली सेना, सञ्चयकोष, नागरिक लगानी कोष लगायतका संस्थामा लगानी गर्ने क्षेत्र नपाएर अर्बौं रकम यसै रहेका छन् । राज्यले न्युनतम ब्याज दरमा कम्तिमा पाँच वर्षको समय लिएर स्रोत जुटाएर प्रभावकारी ढङ्गले ती सबै उद्योगको स्थापना र पुर्नजीवन दिन सक्ने हो भने राज्यले ठुलो उपलब्धि हासिल गर्न सक्ने थियो । हालको स्थिर सरकारले यसतर्फ गम्भिरता पूर्वकको कार्य आरम्भ गर्ने हो भने साख पनि जोगिने, राष्ट्रलाई पनि हित हुनेमा विमति रहदैंन । ♦♦♦

कविता

आजको मान्छे

✍ **लुमडी अचार्य**

मनुष्य, मानव, नर जेजे भनिऊन्
भाषा संस्कृतका यी नामहरू हुन्
ह्वैन नर पहिले बानर रहेछ
बढ्दै गई चेतना मान्छे पो भएछ

जंगली जीवको मासु काँचो खाएर
बस्थ्यो होला गुफामा सुरक्षित भएर
बढ्यो होला चासो कन्दमुल देखेर
चढ्यो होला रूखमा हातखुटा टेकेर

रूखमा भएका कन्दमुलहरूको
भयो होला पहिचान खान हुने जतिको
चिन्ता अब भएन गाँस र बासको
खाँचो अब केवल कपास मात्रको

ह्वैन अब ओडार स्याउले छाप्रोमा
भयो होला बसाई भौतिक ओतमा
बाले होलान् आगो ढुङ्गाहरू घोटेर
थाले होलान् खान आगोमा पोलेर

गर्दै जाँदा ज्ञानार्जन बौद्धिक भएछ
प्रकृति र देवता पुज्न पनि थालेछ
ज्ञानी मात्र होइन वैज्ञानिक भइसक्यो
अन्तरीक्ष सम्मै मान्छे अब पुगिसक्यो

बालकथा

खुलदुली

✍ उद्धवप्रसाद प्याकुरेल

शनिबारको दिन थियो । अनुप र अनुपाले बिहानको खाना खाए । हरेक शनिबार उनीहरू खाना खाएपछि एक घण्टा खेल खेल्थे । कुनै शनिबार खेल्न जाने समयमा पानी पर्थ्यो । पानी परेको दिन उनीहरू घरमै खेल्थे । उनीहरू घरमा कहिले गट्टा खेल्थे । कहिले लुकामारी खेल्थे । कहिले भाँडाकुटी खेल्थे । उनीहरू सधैँ मिलेर खेल्थे ।

शरद ऋतु सुरू भएको थियो । जतातत्तै हरियाली थियो । खेतबारीमा धान कोदो झुल्दै थिए । फूलका बोटहरूमा फूल फुल्न कोपिला हाल्दै थिए । गर्मी हटिसकेको थियो । जाडो सुरू भएको थिएन । दिन घमाइलो थियो ।

"दिदी आज चउरमा गएर चङ्गा उडाउने है !" अनुपले दराजबाट चङ्गा निकाल्दै भने ।

"तिम्रो पो चङ्गा छ र उडाउँछौ । मेरो चङ्गा छैन म त जान्नँ ।" अनुपाले आफ्नो चङ्गा नभएकोमा बिस्मात मान्दै भनिन् ।

"पालोपालो गरी उडाउने नि ।" अनुपले फकाउँदै भने ।

अनुपाले बिस्मत मानेको कुरा बुबाले थाहा पाउनुभयो । "ल, दिदीभाई पालोपालो खेल्दै गर । म आज अनुपालाई पनि चङ्गा किनेर ल्याइदिन्छु ।" भन्दै बुबा बजार जानुभयो । अनुपा खुसी भइन् । अनुपा र अनुप चउरमा चङ्गा उडाउन गए ।

चउर ठुलो थियो । चउरमा पोथ्रा घाँस उम्रेको थियो । चउरको वरिपरि बुट्यान र अग्ला अग्ला रूखहरू थिए ।

"कसले पहिला चङ्गा उडाउन सुरू गर्ने ?" अनुपाले सोधिन् ।

"पहिला त म उडाउँछु ।"

अनुपले भने ।

"मसँग गाई पैसा छ । गाई कि त्रिशूल गरौँ । जसको भागमा जेमाथि पर्छ उसैले पहिला खेलौँ ।" अनुपाले गाई पैसा देखाउँदै भनिन् ।

"त्यसो भए मलाई गाई ।"

अनुपले भने ।

अनुपाले पैसा फालिन् । गाई पल्टियो । पहिला चङ्गा उडाउने पालो अनुपले पाए ।

"म एकदेखि सयसम्म भन्छु तिमी चङ्गा उडाऊ । फेरि तिमी एकदेखि सयसम्म भन म चङ्गा उडाउँछु है त ?" अनुपाले चङ्गा उडाउने समयको नियम बनाइन् । अनुपाले बनाएको नियम अनुपले मञ्जुर गरे । अनुपा संख्या गन्ती गर्न लागिन् । अनुप चङ्गा उडाउन लागे ।

अनुपले चङ्गा उडाउँदै थिए । चङ्गा अग्लो रूखमाथि उड्दै थियो । अनुपाले गन्ती भन्दै १०० पुऱ्याइन् । अनुपले चङ्गा उडाउन अनुपालाई दिए ।

अनुपाले चङ्गा उडाउन लागिन् । अनुपले गन्ती गर्न लागे । अनुपले पचास गन्तीमा पुऱ्याएका थिए चङ्गाको धागो रूखमा अड्कियो । अनुपाले लट्टाई झड्कालेर तानिन् । चङ्गाको धागो छिनेर आयो । चङ्गा रूखमै अड्कियो ।

चङ्गा रूखमा अड्किएकोमा अनुप र अनुपालाई दुःख लाग्यो । रूख अग्लो थियो । उनीहरूले रूख चढ्ने आँट पनि गरेनन् ।

त्यतिखेरै एउटा काग उड्दै आयो । त्यो काग चङ्गा अड्किएको रूखमा बस्यो । अनुप र अनुपाले कागलाई अनुरोध गरे, "काग दाई, काग दाई चङ्गा झारिदेउन ।" "काग दाई, काग दाई चङ्गा झारिदेउन ।"

अनुप र अनुपालाई हेर्दै काग कराउँदै थियो । काग उड्न खोज्यो । कागको खुट्टामा चङ्गाको धागो बेरिएछ । काग उड्न सकेन । काग आत्तिएर कराउन लाग्यो । काग आत्तिएर कराएको अरू कागले सुने । कागका बथान कराउँदै त्यही रूखमा जम्मा भए । चङ्गा अल्झिएको कागले उड्न निकै बल गर्दै थियो । बल गर्दा गर्दै रूखमा अल्झिएको धागो खुस्कियो । खुट्टामा बाँधिएको चङ्गापट्टिको भाग भने खुस्किएन । काग त्यस रूखबाट चङ्गासहित उड्यो । काग अघि अघि चङ्गा पछि पछि । चङ्गा सँगसँगै अरू काग कराउँदै उड्न लागे । अनुप र अनुपालाई कागले चङ्गा उडाएको झनै रमाइलो लाग्यो । "कागले चङ्गा उडायो, कागले चङ्गा उडायो" भन्दै उनीहरू चउरमा उफ्रन लागे ।

काग चङ्गा उडाउँदै निकैबेर आकाशमा उड्यो । कागलाई उड्दा उड्दै थकाई लागेछ । काग आएर अनुप र अनुपाको कौसीमा बस्यो । काग कौसीमा बसेको देखेर अनुप र अनुपा घर आए । अनुप र अनुपालाई देखेर काग उड्न आँट्यो । कौसीमा

लुगा सुकाउने डोरी थियो । चङ्गाको धागो डोरीमा बेरियो काग फेरि उड्न सकेन ।

अनुप र अनुपा बिस्तारै कौसीमा गए । डोरीमा अल्झिएको कागलाई अनुपले समाए । अनुपाले कागको खुट्टामा बेरिएको धागो फुकाइन् । कागका बथान "का का" गर्दै अनुपा र अनुपको छेउमा आउँदै जाँदै गर्दै थिए ।

अनुप र अनुपाले कागलाई माया गर्दै मुसारे । अनुपाले कागलाई कचौरामा चारा ल्याएर दिइन् । काग डराएको थियो । कागले चारा खाएन ।

"अनुप, काग डराएर चारा खाएन । अब कागलाई छाडिदिउँ ।" अनुपाले भनिन् । अनुपले काग छाडिदिए ।

अनुप र अनुपा आफ्नो चङ्गा पाएर खुसी भए । चङ्गा च्यातिएको थियो । उनीहरू चङ्गामा पानी टेप टाँस्न कोठातिर गए ।

उनीहरू चङ्गामा टेप टाँस्दै थिए । घर घुमेर कागहरू जोड जोडले कराउन लागे । "के भएछ" भन्दै अनुप र अनुपा कौसीमा आए । एउटा कागले सुनौलो चङ्गा चुच्चामा च्यापेर ल्याएको रहेछ । अनुप र अनुपालाई देख्नासाथ कागले त्यो चङ्गा कौसीमा ल्याएर खसाली दियो र गयो । अनुप र अनुपा छक्क परे । उनीहरूको एउटै खुलदुली थियो, " हामीलाई कागले यति सुन्दर चङ्गा किन ल्याइदिएको होला ?"

♦♦♦

गजल

✍ त्रिभुवनचन्द्र वाग्ले

हाँसो लिई सोधभर्ना आँसु सधैँ दियौ किन
हजार मुख हेरीहेरी सियोजस्तै खियौ किन

कति वचन कति घुर्की कति कति गाली गरी
दिनभरि च्याती मुटु साँझपख सियौ किन

खाई बस्यौ कन्दमूल राम भजी दिनभर
टाँसिएर मेरै देह साँझ पख पियौ किन

भाँडाकुटी खेलेजस्तै गर्नुपर्ने घरजम
आमा हुने बाटो छाडी कन्याबुढी जियौ किन

सबै भोक भोजनले भरिएन भन्थ्यौ तिमी
सधैँ भोकी सधैँ प्यासी, प्यासी प्यासी थियौ किन

'अपराध र दण्ड' तथा आम मानिस

✍ प्रकाश अधिकारी

विषय प्रवेश

कुनै पनि समाजले आफ्नो सामाजिक, नैतिक, आर्थिक, साँस्कृतिक र धार्मिक अवस्थासँग मेल खाने अपराध र अपराधी आफूसँग राखेको हुन्छ । अपराधको घोषणा, त्यस्ता अपराध गर्ने आपराधिक प्रवृत्ति र अपराध गर्दा हुने दण्डका व्यवस्थाहरू समाज र परिवारको संरचना, आर्थिक निर्भरताका स्रोत र साधनहरू, स्वीकार गरिएका साँस्कृतिक मूल्य र मान्यताहरू तथा नैतिकता, सदाचार र परोपकारजन्य भावनाहरूका आधारमा निश्चत हुने गर्छन् । समाज जीवन्त संस्था भएकोले यसलाई संगठित बनाउने तत्वहरूलाई भौतिक शास्त्र सरह सामाजिक तथ्यहरूको रूपमा अवलोकन, वर्गीकरण र व्याख्या गर्न सकिन्छ भन्ने समाजशास्त्रीय चिन्तन रहेको छ । शिक्षा, धर्म, नैतिकता, कानून आदि सामाजिक तथ्यहरू हुन्, जसको उत्पत्ति र विकास इतिहासको कालखण्डहरूमा हुँदै आएको हुन्छ, यी सबै मानव सिर्जित हुन् । यी तथ्यहरूको आधारमा समाजका मूल्य र मान्यताहरू बन्छन् ।

सामाजिक मूल्य र मान्यताहरू मानिसका विश्वासहरू हुन् । मानिसको कुन कार्य अपराध हो वा हैन भन्ने कुराको निर्क्यौल कालक्रमसँगै समाजको सामूहिक चेतनाले गर्छ । समूहको अनुसरण गर्नाले नै कुनै पनि व्यक्तिलाई मानिस बनाउँछ, किनभने भाषा, विवेकशील रूपमा सोच्न सक्ने क्षमता, नैतिकता जस्ता मानिसमा रहेका विशिष्टताहरू उसले सामाजिक जीवनबाटै पाएको हुन्छ ।

प्रचलित फौजदारी कानूनले निर्दिष्ट गरेको कुनै काम गर्दा वा नगर्दा अपराध हुन्छ । खासमा त समाजमा प्रचलित धर्म र नैतिकताको परावर्तन फौजदारी कानूनमा हुन्छ । कानून जस्तै धर्म, नैतिकता परालौकिक नभएर जैविक संसारका उपज र अभिन्न अङ्ग हुन् । नैतिकता भनेको व्यक्तिले आफ्नो

अन्तः स्करणबाट कुन कुरा ठिक र कुन बेठिक भनेर निर्क्यौल गर्ने विषय हो, अपराध के हो भनेर भन्ने अधिकार राज्यको विधायिकालाई मात्र हुन्छ । गो बधलाई अपराध बनाउनु धर्मबाट प्रेरित हो भने ज्यान मार्ने, चोरी, कुटपीट जस्ता कार्यलाई निषेध गर्ने कानूनी व्यवस्थाहरू नैतिकतामा आधारित छन् । सामाजिक सदाचार र नैतिकतालाई कायम गर्ने प्राथमिक उद्धेश्य फौजदारी कानूनको हुन्छ । यो भनेको समाजका कुनै सदस्यलाई अर्को सदस्यबाट हुन सक्ने हानि नोक्सानीबाट जोगाउनु हो जसले सर्वजन हिताय र सर्वजन सुखायको लागि व्यक्ति वा समूहको स्वायत्तता र कल्याणको सुनिश्चितता गर्छ । फौजदारी कानूनले कतिपय अवस्थामा आफैलाई समेत हानि-नोक्सानी गर्नबाट रोक्छ ।

अर्को तरिकाबाट अपराधलाई बुझ्नु पर्दा समाजका केही मानिसहरू कुनै कार्य गर्न चाहन्छन् र केही मानिसहरू त्यस्तो कार्य रोक्न चाहन्छन् । रोक्न चाहने मानिसहरूको प्रभुत्व हुँदा त्यो कार्य अपराधमा दरिन्छ । जस्तो कसैले उमेर नपुगेकी केटीलाई भगाएर विवाह गऱ्यो भने समाजले चाहेर पनि त्यो कार्य रोक्न सकेन । त्यो कार्य गर्नबाट कानूनले पूर्णरूपमा रोक्न सक्दैन पनि तर त्यसलाई बारम्बार हुनबाट भने कानूनले रोक्छ। जब त्यो कार्य कसैद्वारा हुन्छ उसलाई त्यस कार्यको प्रतिक्रिया स्वरूप सजाय गरिन्छ । त्यसैले फौजदारी कानूनप्रति समाजका सबैको सहमति नहुन सक्छ तर बहुसंख्यकको सहमतिमा यो क्रियाशील हुन्छ । जस्तो गर्भपतन, समलिङ्गी विवाह वा बहुविवाह र छाउपडी जस्ता कार्यहरूलाई अपराध मान्ने व्यवस्था सर्वमान्य हैन, यसमा समाजको मतैक्य नहुन सक्छ । त्यसैले समाजलाई एकताबद्ध र स्थिर राख्न मध्यम नैतिक स्तरलाई आधार गराई बहुमतले अस्वीकार गरेका कार्यहरूलाई फौजदारी कानुनले कसूर बनाएको हुन्छ । फौजदारी कानूनमा सामाजिक मूल्य र मान्यताप्रति उपेक्षा नगरी केही कुरामा समाजलाई परिवर्तन गर्ने र केहीमा समाजको आवश्यकता पूर्ति गर्ने व्यवस्थाहरू समेटिन्छन् । समाजले फौजदारी कानूनको पालना गरेर यसलाई वैधता दिइरहेको हुन्छ, जस्तो सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ कानून भएर पनि समाजले त्यसलाई वैधता दिएको छैन ।

मानिसले किन अपराध गर्छ ?

मानवप्राणी शरीर र आत्मा दुई तत्व मिलेर बनेको हुन्छ र दुबैको स्वरूप सृष्टिकर्ताले नै निर्धारण

गरिदिएका हुन्छन् भन्ने परम्परागत मान्यता छ । त्यसमा मानव आत्मा जन्मदैमा विभिन्न विचारहरू र मूल्य-मान्यताहरूले भरिपूर्ण भएको हुन्छ भन्ने ठानिन्छ । अर्थात मानव मन अपरिवर्तनीय हुन्छ, जन्मदा जस्तो मन वा विचार लिएर जन्म्यो सधैं त्यस्तै रहिरहन्छ भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा आपराधिक प्रवृत्ति लिएर जन्मेको मानिस छ भने त्यस्तो प्रवृत्ति उसको जीवन पर्यन्त रहिरहन्छ, अपराधी जन्मजात हुन्छ । तर आधुनिक विचारकहरूले यस्ता मानिसमा "जन्मजात धारणाहरू" रहन्छन् वा मानिस "जन्मजात अपराधी" हुन्छ भन्ने कुरालाई अस्वीकार गरेका छन् । जन्मदाका बखत मानिसको मन वा आत्मा एउटा सफा सिलोटजस्तो हुन्छ र मानिसका सम्पूर्ण धारणाहरू र मान्यताहरू उमेरसँगै मानसिक क्रियाशीलता वा विकासले विचार, अनुभव र बोधको माध्यमले प्राप्त हुने ज्ञान र प्रज्ञाबाट बन्छ भन्ने आधुनिक विचार छ, संज्ञानात्मक कार्यद्वारा मानिसको व्यक्तित्व बन्छ । यसको निचोड के हो भने मानिसको मन परिवर्तनशील छ, स्थिर छैन, यसैकारण उनीहरूमा रहेको नैसर्गिक सज्जनताले उनीहरूमा रहेको दुष्टतामाथि विजय पाउन सकिन्छ ।

अपराध सम्बन्धी अर्को विचारधाराले मानिसको मूल प्रवृत्ति अपराध गर्ने चाहना हो वा कानूनको पालना गर्ने ? एउटा मतमा मानिसको जन्मजात स्वभाव भनेको अपराध गर्ने हो, ऊ खराब हो, मानिसको स्वभाव छली, बदमास र धोकेबाज हुन्छ । मानिसको यो 'दुष्ट' स्वभावले नै 'प्राकृतिक अवस्था' मा 'मत्स्य न्याय' थियो । प्रत्येक मानिस स्वतन्त्र जन्मेको हुन्छ र ऊ कानूनको उल्लङ्घन गर्न पनि स्वतन्त्र छ । अपराध गर्नु मानिसको सामान्य व्यवहार भित्रकै कुरा हो । कुनै मानिसले अपराध गर्छ भने असामान्य अवस्थामा बाहेक त्यसको औचित्य खोजिरहन पर्दैन । त्यसैले कानूनको आवश्यकता परेको हो ।

अर्को मतमा कानूनको पालना चाहिँ मानिसको सहज प्रवृत्ति हो । मानिस स्वभावले नै शान्तिप्रिय प्राणी हो, शालीनता, दया र कोमलता मानिसका गुणहरू हुन् । उसको अभ्यन्तरको चाहना समाज र परिवारका सदस्यहरूसँग मलेर बस्ने हुन्छ । शान्तिपूर्ण सहअस्तित्वमा मानिसले विश्वास गर्छ । यदि कसैले अपराध गर्छ भने त्यसका पछाडिका कारणहरू खोजिनु पर्छ, त्यो मानवीय स्वभावको व्यतिक्रम हो । मानिसको बाल्यावस्था र युवाकाल जस्ता रचनात्मक बाटोमा

उसले के कुरा गर्न हुन्छ, के गर्न हुँदैन र यी दुईका बीच के अन्तर छ भनेर परिवार, विद्यालय एवं समाज-समुदायले सिकाउनमा लगानी गरेको हुन्छ । यदि मानिसको मूल प्रवृत्ति कानूनको पालना गर्ने हुँदैनथ्यो भने सबैले अपराध गरेको हुनुपर्ने, त्यस्तो भएको छैन ।

उल्लिखित दुईटै प्रवृत्तिहरूको पृष्ठभूमिमा अहिलेसम्मको मानवीय प्रवृत्तिलाई नियाल्दा तथ्य के देखिएको छ भने मानिसले कानूनको पालना वा उल्लङ्घन मध्ये कुन चाहिँ आफ्ना लागि फाइदाजनक वा आकर्षक छ, उसले घटना विशेष वा परिस्थितिपिच्छे त्यसको मूल्याङ्कन गरिरहेको हुन्छ र अपराध गर्ने वा नगर्ने निर्क्यौलमा पुग्छ । कानूनको उल्लङ्घन गरेबापत सम्पत्ति पाइने वा आफ्नो मानसिक वा शारीरिक सन्तुष्टि हुने र त्यस्तो सम्पत्ति वा सन्तुष्टि कानूनको पालनाबाट सम्भव छैन भन्ने मानिसलाई लागेमा उसले अपराध गर्छ । अपराध गरेर सामाजिक मान्यता र हैशियत हासिल हुने भएमा पनि मानिस अपराध गर्न प्रेरित हुन्छ, अपराध गर्दा केही जोखिम छ भने पनि मानिसले अपराध गर्छ । पहाडको कन्दरा वा एकान्त जस्तो ठाउँमा कुनै बस वा हवाइजहाज दुर्घटना हुँदा वा दैवी विपत्तिमा पर्दा त्यसबाट पीडित यात्रुहरूका नगद र गहनागुरिया जस्ता किमती बस्तुहरू त्यहाँ सबैभन्दा पहिला पुग्ने आसपासका मानिसले लैजाने गरेका दृष्टान्तहरूले मानिसको यही प्रवृत्तिलाई स्थापित गर्छ । मुलुकी अपराध संहितामा भूकम्प, आगलागी, बाढी, हुलदङ्गा वा यस्तै प्रकृतिको अरू कुनै सङ्कटापन्न स्थिति वा कुनै दुर्घटनाको मौका छोपी अपराध हुने सक्ने कुराको अनुमान गरिएको छ । आफूले गरेको आपराधिक काम कसैलाई थाहा हुँदैन र दण्ड पनि भोग्नु पर्दैन भन्नेमा मानिस ढुक्क हुँदा उसले अपराध गर्छ । नेपालको दक्षिणी सीमा क्षेत्रमा आपराधिक कार्यहरू गरेर अर्को सरहदमा गई लुक्ने सुविधा हुँदा त्यसलाई बढी अपराध हुने क्षेत्र मानिन्छ ।

अर्को मतले के भन्छ भने मानिस स्वभावले नै लोभ, आलस्य र आडम्बरले ग्रस्त हुन्छ । कथित शिक्षित, पठित र संस्कारी भनिनु केवल आडम्बर हो । आर्थिक प्रलोभन र हाम्रो जस्तो रूढी परम्पराबाट पलायन हुन नसकिरहेको सांस्कृतिक र उच्च जातीय अहम् पनि अपराध वृत्तिलाई रोज्न प्रेरित गर्छ । विशेष गरेर यो प्रवृत्ति आम मानिसको आदर्श र सही देखिने 'हिपोक्रेसी' भित्र लुकेको निहित स्वार्थ र प्रवृत्तिसँग गाँसिएको हुन्छ । सामान्यतः मध्यम वर्गलाई समाजको मूलधार मान्ने गरिन्छ । यो वर्ग अथाह महत्वाकांक्षा र असीमित इच्छाहरूको

कुण्ठा लिएर बाँचिरहेको हुन्छ र यही वर्ग वास्तविक अर्थमा समाजको चलायमान वर्ग पनि हुन्छ। यसले सामाजिक तथ्यहरू संस्कृति, धर्म कर्म, रीतिथिति, नैतिकता, विचार-विमर्श र बजार र कानून परिभाषा गर्ने गर्छ । मार्क्सवादमा मध्यम वर्गलाई हेलाको अर्थमा 'बुर्जुवा' भनिन्छ। अपराधका मूल जड यिनैहरू हुन् भन्ने पनि मत छ ।

अमेरिकाका ३६औं राष्ट्रपति लेण्डन जोन्सनको एउटा मार्मिक भनाइ छ, 'एउटा मानिस दोषी भएर जेल परेको हुँदैन, उसले सजाय पाएर पनि जेल परेको हैन, ऊ सजाय भुक्तान नगरी भाग्ला की भनेर पनि जेलमा राखिएको हैन । एउटै कारणले ऊ जेलमा छ, त्यो कारण हो ऊ गरिब हुनु' । धन लुकाउन सकिन्छ तर गरिबी लुकाउन सकिन्न । गरिबीले अपराधलाई बढाउँछ कि अपराधले गरिबी भन्ने कुरा कुखुरा पहिला कि अण्डा भने जस्तै हो । हाम्रो समाजमा अपराध गर्ने र जेल जानेमा ठुलो हिस्सा निम्न मध्यम वर्गको रहेको छ । दरिद्रता, अशिक्षा, आर्थिक पछौटेपन र साधन विहीनता यो वर्ग भित्रको प्रमुख समस्या हो । हरेक विपत्तिमा बढी मूल्य चुकाउनु पर्ने विपन्न वर्गले नै हुन्छ । गरिबीमा बाच्नुको अर्थ निरन्तर हिंसाको खतरामा बाँच्नु पनि हो । कानून-व्यवस्था दुरूस्त रहँदा वा अपराध घटेर समाजमा अमनचैन कायम हुँदा त्यसको लाभ पाउनेमा समाजको सबैभन्दा सुविधा विहीन वर्ग पर्छ ।

यदि समाजमा सबैको आर्थिक हैशियत एउटै खालको छ भने त्यो समाजमा अपराधको दर गरिबी भएर पनि कम हुन सक्छ भन्ने मत पनि छ । एउटै खालको आर्थिक हैशियत भएका आदिबासी समाजहरूको अध्ययनहरूले यो निष्कर्ष निस्किएको हो । आर्थिक असमानता अपराध घटाउने जरिया मध्येको एक हो, समाजमा एउटा सदस्यलाई अरूले अनुचित तरिकाले सम्पत्ति आर्जन र भोग गरेको लाग्ने अवस्थामा अपराधको दर उच्च हुने गर्छ । सामाजिक न्यायको अभावमा पनि अपराध घट्छ ।

धनी गरिब हुने डरमा र गरिब गरिबीबाट उम्कने लालसाले अपराध गर्छ पनि भनिन्छ । पहिलेदेखि नै निम्न मध्यम वर्ग अपराधबाट सबैभन्दा धेरै प्रभावित रहने गरेको छ । मध्यम वर्गका लागि भने अपराध छेउछाउ मै आइसकेको समस्या हो जसले कुनै पनि बेला आफूलाई पनि लपेट्न सक्छ भन्ने मनोवैज्ञानिक त्रासमा यो वर्ग बाँचिरहेको हुन्छ । सम्पत्तिको प्रकारमा भएको विकास र विस्तारले सिर्जित अहिलेको उपभोक्तावादी संस्कृतिमा

मानिसको आर्जनको ठुलो अंश बिलासी चल सम्पत्तिमा लगानी हुने र चलन-भोग हुने गर्छ । त्यस्तो चल सम्पत्तिको चोरी, लुटपाट, ठगीको सम्भावना धेरै हुन्छ । कार्लमार्क्स र एङ्गेलले आर्थिक नै अपराधको जरिया हो भनेर साम्यवाद दर्शन प्रतिपादन गरेका हुन् ।

रक्सी वा नसाको सेवन 'जुटाउन'का लागि पनि अपराध हुन्छ । यसरी गरिने अपराधमा चोरी, लुटपीट, डकैती, ठगी जस्ता सम्पत्ति सम्बन्धी कसूरहरू हुन्छन् । रक्सी एवं लागू पदार्थका अम्मलीहरू आफ्नो कमाइले अम्मल 'जुटाउन' नसकेपछि अपराध गर्न पुग्छन् र यिनीहरू धेरैजसो पटके हुन्छन् । यिनीहरूले यही मेसो यदाकदा जघन्य कसूर गरेको पनि पाइन्छ ।

अपराधको सर्वमान्यता

अपराध भन्नासाथ हत्या, बलात्कार, महिला तथा बालबालिका विक्री गर्नु वा शोषण गर्नु, लागूऔषधको सेवन तथा ओसारपसार, आतङ्कवादी कार्य, कुटपीट, चोरी, डकैती, लुटपीट, आगजनी, ठगी, जालसाजी जस्ता र यस्तै नाटकीय कार्यहरूको छवि हाम्रो सामू आउँछ । यस्तो कार्य गर्ने मानिस भनेको एकदमै खराब, हेर्दै डरलाग्दो दुष्ट र बदमास खलनायक हुनुपर्छ भन्ने पनि आम मानिसको बुझाइ हुन्छ । तर हामीमध्ये कै कतिले समातिएको अपराधीले गरेको कार्य नै गरिरहेको तर नसमातिएको र आधिकारिक रूपले अपराधी ठहर पनि नभएको तीतो यथार्थता महसुस गरेका हुन सक्छौं । जीवनभर कुनै न कुनै प्रकारको कानून विपरीत काम नगर्ने मानिस शायदै भेटिएला । एउटा अनुसन्धानको निचोड के छ भने एक चौथाइ पुरूषले र दश मध्ये एक महिलाले जीवनभर पाँच वा छ वटासम्म कानून विपरीतका कार्य गरेका हुन्छन् । खास गरी युवाहरूले अपराध गर्छन् तर पक्राउ पर्दैनन् र प्रौढतासँगै अपराध गर्ने उनीहरूको यो बानी आफै हराएर जान्छ । त्यसैले प्रहरीले मास्क लगाएर, मुखुण्डोले अनुहार छोपेर टेलिभिजनको पर्दामा देखाइने शंकित वा अभियुक्त हामी मध्ये कै हामी वा हाम्रै मानिस हो भन्ने बुझ्न बेर लाग्नु हुँदैन ।

कुनै पनि सामाजिक तथ्य वा घटनाका बारेको मानिसको विज्ञता उसको अनुभवद्वारा प्रभावित हुन्छ । अपराधका बारेमा मानिसले कसूरदार वा पीडितबाट थाहा पाउँछ, त्यो नभए प्रहरी वा प्रहरीद्वारा सम्प्रेषित सूचनाद्वारा वा परिवार वा साथी-भाइ, काम गर्ने सहकर्मी वा समाजबाट र कसैबाट नहुँदा सञ्चार माध्यमद्वारा जानकारीहरू प्रवाह भई अपराधका

बारेको आम मानिसको बुझाइले एउटा स्वरूप लिने गर्छ । सञ्चार माध्यमबाट ५२ प्रतिशत मानिसले थाहा पाउँछन् भन्ने एउटा अनुसन्धानको निष्कर्ष छ । त्यसैले अपराधका बारे अनुसन्धान गर्ने वा नियन्त्रणमा लागि पर्ने पेशागत निकायहरूका अतिरिक्त अन्य सरोकारवाला निकायहरू आम सञ्चार माध्यममा अपराधलाई आम मानिसको मनोवृत्तिलाई यथासम्भव प्रभावित गर्ने गरी प्रस्तुत गर्न चाहन्छन् । आम सञ्चारका माध्यमहरूले पनि अपराधलाई विभिन्न दृष्टिकोणबाट तथ्यपरक रूपमा प्रस्तुत गरिरहेका हुन्छन् भने कथा, नाटक र चलचित्र जस्ता कलात्मक माध्यमद्वारा पनि घटित अपराधका घटनाहरूलाई आख्यानात्मक रूपमा निर्माण गर्ने 'एजेन्सी'हरू पनि सँगसँगै क्रियाशील रहिआएका छन् ।

अपराध र सञ्चार माध्यम

सञ्चार माध्यमका लागि अपराध आकर्षक विषयवस्तु हो, यसलाई पाठक-दर्शकले अत्यधिक मन पराउँछन् । यसको कारण भनेको आपराधिक कार्य समाजको ऐना पनि हो । कुन समाचार 'प्रकाशन योग्य' छ वा छैन भन्ने कुराले पनि महत्व राखिरहेको हुन्छ । समाजको सर्वस्वीकार्य मूल्यमा अतिक्रमण हुँदा त्यसको समाचारीय महत्व हुन्छ भन्ने गरिन्छ, यदि कुकुरले मानिसलाई टोक्यो भने त्यो समाचार बन्दैन तर मानिसले कुकुरलाई टोक्यो भने त्यो समाचार बन्छ । आम सञ्चार माध्यमले त्यस्ता समाचारलाई प्रमुखताका साथ प्रकाशन र प्रसारण गरेको पाइन्छ जुन जानकारीमूलक, मनोरञ्जनात्मक र त्यो सञ्चार माध्यमलाई पाठक-श्रोता-दर्शक माझ अझ लोकप्रिय बनाउने खालको छ, जसलाई धेरै भन्दा धेरै 'समाचारका उपभोक्ताहरू' ले रूचाउँछन् ।

धेरैले पढ्ने-हेर्ने समाचार भनेको ज्यान सम्बन्धी, यौन हिंसाका र चोरीका अपराधसँग सम्बन्धित हुन्छन् । प्रकाशित-प्रसारित धेरैजसो अन्य समाचारहरू निरस र घटनारहित लाग्छ तर अपराधका समाचार हेर्ने-पढ्ने धेरै मानिसको उत्सुकताले गर्दा यस्ता समाचारले प्रमुखता पाउँछ । यस्ता सामग्रीका 'उपभोक्ता'को हेर्ने-पढ्ने प्यास-उत्सुकताको सीमा हुँदैन,'खानाले भोक मेटाएजस्तो हैन' की जति हेऱ्यो, पढ्यो उत्सुकता झन झन बढेर जान्छ, स्वतः सञ्चार माध्यमको लोक प्रियता पनि बढेर जान्छ ।

तर यसैबेला के पनि उल्लेख गर्न आवश्यक छ भने जुन अपराधका बारे समाचार प्रकाशन-प्रसारण भईरहेको छ के त्यो अपराध त्यो

समाजमा सामान्यतः भईरहने अपराध हो त ? के सबै अपराधका घटनाहरूको अनुसन्धान भएर शंकित वा अभियुक्त समातिने, अभियोजन गरिने र अपराधी 'ठहर' हुने हुन्छ त ! धेरै अपराधका घटनाहरूको सूचना नै पर्दैन, जतिको पर्छ ती सबैमा शंकित वा अभियुक्त पक्राउ पर्दैनन्, जति पक्रिन्छन् ती सबै अपराधी 'ठहर' हुँदैनन् वा गलत मानिस पनि अपराधी ठहर हुन सक्छ ।

सञ्चार माध्यमका लागि यदि अपराधसँग राजनीति वा कुनै 'सेलब्रेटी' पनि जोडिएको अवस्थामा त्यसको महत्व अझ बढेर जाने गर्छ । सामान्यतः पटके अपराधी वा अपराधका बारेको समाचार बन्दैन । प्रदुषणले मानिसलाई कसरी अप्रत्यक्ष रूपले 'मारिरहेछ', 'बिना इन्जिनियरिङ' बनेका सडकहरूका कारण पहाडका बस्तीहरू पहिरो जाने, लेदो माटो बग्ने जस्ता 'प्रकोपहरू'ले जोखिममा परेका छन् । खानेपानीका मुहान सुकिरहेका छन् र त्यस्ता सडकमा गुड्ने सवारीसाधन मोड नपुगेका कारण, होचो-अग्लो सतह नमिलेका कारण दुर्घटनाको सिकार भई खासगरी परिवारको कमाउने सदस्य मृत्युको मुखमा पुग्ने वा अपाङ्ग बन्ने र परिवार बिचल्लीमा पर्ने क्रम चलिरहेको छ। यस्ता समाचारले कुनै महत्व पाउँदैनन् बरू हत्या र यौन हिंसाका त्यस्ता समाचारहरूले प्रमुखता पाउँछन् जसमा क्रुरता छ, सुन्ने, पढ्ने, देख्नेलाई स्तब्ध पार्छ, लोमहर्षक छ, सुष्क छ र शान्तिकामी समाजमा तरङ्ग ल्याउँछ । यस्तो गर्न समाचारलाई कल्पनाको जलप लगाएर नाटकीय तरिकाले चतुरताका साथ प्रस्तुत गरिन्छ । पीडितको अति संवेदनशीलताले पनि समाचारलाई आकर्षक र फरक पारिरहेको हुन्छ । अति वृद्ध, बालक वा 'फोटोजेनिक' युवती पीडित हुँदाका समाचारमा मानिसहरूको विशेष रूचि हुने गर्छ, महिलाले गरेको अपराधले पनि प्राथमिकता पाउँछन् ।

नेपाली समाजमा अपराध

हाम्रो जस्तो आफ्नै परम्परागत जीवनदर्शन र जीवनपद्धति भएको देशमा विज्ञान र प्रविधिको उपादेयताको बखान जति गरे पनि थोरै हुन्छ । हामी आजको विश्वका वैज्ञानिक चमत्कारलाई आँखाले पनि देखिरहेका छौं र उन्नत प्रविधिका आयातित उपलब्धिलाई भोगि पनि रहेका छौं । यसबाट हामीभित्र अनौठो किसिमको प्रेरणा र चाप पनि परिरहेछ अर्थात हामी चमत्कृत पनि छौं र पीडित पनि छौं। विज्ञानले हाम्रा अन्धविश्वासलाई उघार्दै छ र विविध प्रविधिले हाम्रा आवश्यकतालाई बढाउँदैछन् । आधुनिक प्रविधि एवं भौतिक

सुविधाहरू बेरोकटोक उपभोग गरिएको छ तर विचार र व्यवहार तदनुरूप रूपान्तरण भईसकेका छैनन् ।

परम्परागत ज्ञान, जीवनशैली, विचार, व्यवहार र नवागत विज्ञानले उधुम विकास गरेको प्रविधिको प्रयोगद्वारा भएको विकासले अहिलेको नेपाली समाज सङ्क्रमणमा छ । विकास कार्यक्रमको सफलताको मापदण्ड केवल उत्पादन र सर्वसाधारणको आयको वृद्धि मात्र हुन सक्दैन । विकासले त मानिहरूको सहज जीवनयापनको स्तरमा बल दिनुपर्छ । आम मानिसको जीवनमा गुणात्मक परिवर्तन ल्याउन र सहज जीवन दिलाउन नसक्ने विकासको अर्थ रहँदैन । पचास/साठी लाखको संख्यामा युवा जनशक्ति अर्को देशमा रोजगारमा छ । 'रेमिटेन्स' माथिको निर्भरता बढेको छ । कृषि र गाउँबाट पलायन भई बजारमा स्थानान्तरण हुने क्रम, पुरूष विदेश भएकोले महिला मुली हुँदा परिवारको स्वरूपमा परेको प्रभाव, नयाँ प्रविधिका सञ्चार र साइबरको प्रयोग, सडक सञ्जालको फैलावट आदि कुराहरूले समाजको अन्तरघुलनमा एक्कासी वृद्धि भएको छ । सञ्चार र यातायातको विकासले अपराधीहरूको पहुँच क्षेत्रलाई फराकिलो बनाइदिएको छ । जन घनत्वको स्वरूप बदलिएको छ । कुनै स्थान विशेषमा एक्कासी भएको जनसंख्याको वृद्धिले पनि अपराध हुनमा मद्धत पुऱ्याउछ । नयाँ बनेको सामाजका सदस्यहरूका बीच घुलमिल र उठबस घनिभूत भईसकेको हुँदैन र एक अर्काका मूल्य र मान्यताप्रति वाकिफ हुन बाँकी नै हुन्छ । समाजमा घुलमिल नभएको वा न्यून घुलमिल भएको मानिस सामाजिक मूल्य र मान्यताहरूप्रति उदासीन रहन्छ। फलस्वरूप यस्ता मानिसबाट सामाजिक मूल्य र मान्यताको उल्लङ्घन हुने गर्छ भनिन्छ र अपराध घटित हुन्छ ।

समाजमा घटित अपराधहरू यस्तै पृष्ठभूमिमा भईरहेको पाइन्छ । यौनसम्बन्धी धेरैजस्तो अपराधहरू फोनको माध्यमद्वारा शुरू भएका हुन्छन् । यौन जरिया भएका अपराधहरू तथा विवाहइतर सम्बन्ध राखेको शंकामा रक्सी सेवन गरी नसाको सुरमा पत्नी/महिला मित्रको हत्या गर्ने प्रवृत्ति नेपाली समाजमा बढेर गएको छ । चेलिबेटी बेचबिखन सुखी र समृद्ध जीवनको लालसाले गरिन्छ । कुनै बेला जातक मारेको अपराध निकै हुने गरेकोमा सुरक्षित गर्भपतनको कानून र गर्भपतनका सेवा-साधनहरूको सर्वभसुलभताले यसमा उल्लेख्य कमी आएको छ र तदनुरूप सजायको मात्रामा पनि । यस्तै डकैतीको परिभाषा

नै परिमार्जन गरिएको छ र सुरक्षाकर्मीहरूको बाक्लो उपस्थितिले सीमा क्षेत्रमा हुने डकैतीमा पनि कमी आएको छ । बाटो, घाटो, जङ्गलमा ढुकेर गरिने रहजनी चोरीलाई अब अपराधको किताबबाटै हटाइएको छ ।

सुनियोजित नभई तत्काल उठेको रिसको आवेगमा आई अपराध गर्ने वा नसाको उत्तेजनामा अपराध गर्ने र योजना बनाएर अपराध गर्ने अपराधीहरू बिच स्पष्ट भिन्नता रहेको हुन्छ । हाम्रो सन्दर्भमा सुनियोजित अपराध गर्नेहरूको संख्या न्यून छ ।

नेपाली समाजमा रक्सीको सर्वसुलभताको पनि अपराधसँग सम्बन्ध रहेको छ । हिजोको रक्सी सेवनलाई समाजलेनै नियमन गरेको थियो तर अहिले यसको सेवनलाई समाजले मान्यता दिएको छ । अपराधको जरिया रक्सी हुँदैन तर अपराध गर्न रक्सीले साहस दिन्छ, जसलाई 'डच करेज' पनि भनिन्छ । रक्सीको सेवनले मानिसको मनलाई 'तुलबुल' गराइदिन्छ, मनलाई दुर्बल बनाइदिन्छ जसबाट परिस्थितिको मूल्याङ्कन गर्ने क्षमतामा ह्रास आउँछ र भावनमाथि नियन्त्रण हुँदैन, परिणाम मानिस चेतना शून्य बन्न पुग्छ र व्यवहारमा परिवर्तन आउँछ । व्यवहारमा आउने परिवर्तन उल्टो हुन्छ । शरीरका अङ्ग प्रत्यङ्गलाई हिंसक हुने प्रेरित गर्छ ।

रक्सीको नसा वा कुनै मनोद्दिपक औषधीको प्रभावमा अपराध गरेकोमा त्यस्ताको आपराधिक दायित्व थपघट हुने मतलाई हाम्रो प्रणालीमा आत्मसात गर्न बाँकी नै छ, त्यस्तालाई अन्य सरह अभियोजन गर्ने र सजाय दिने गरिएको छ । नसाले छाडेर पूर्ववत् अवस्थामा फर्केपछि गरिसकेको अपराधले उसलाई ठुलो मानसिक द्वन्द्वमा पार्छ, पश्चाताप गर्छ । नसाको सेवनले पैदा गरेको उत्तेजना बाहेक उसलाई अपराध गर्नलाई उक्साउने अरू केही हुन्न । यस्तो गर्नेहरूमा १८/२५ वर्ष युवाहरूको समूह नै प्रमुख रूपमा रहेको देखिएको छ । सजायको विश्वव्यापी सिद्धान्तले यस्ता अपराधीहरूलाई कारागारमा पठाउने हैन, समाजमा पुनःस्थापना गरेर सुध्रिने मौका दिनुपर्ने नीति हुनुपर्छ भन्दछ।

कुनै काम नगर्दा पनि अपराध हुन सक्छ । भखरै प्रचलनबाट हटाइएको मुलुकी ऐनमा चोर हो समाती देऊ भनी ग्वाहार माग्दा सुनी नजाने सोह्र वर्ष माथि र पैसठ्टी वर्ष मुनिका जानकार लोग्ने मानिसलाई १५ रूपैयाँसम्म जरिवाना गर्नु पर्ने व्यवस्था थियो । हालको मुलुकी अपराध संहितामा यस सम्बन्धी व्यापक (कम्प्रिहेन्सिव) प्रावधानहरू रहेको

छन् । त्यसैले अपराधलाई त्यस्तो कानूनी गल्तिका रूपमा लिइन्छ जसको निक्यौल फौजदारी कार्यविधि अपनाएर दण्ड दिने कुरामा गएर टुङ्गिन्छ । अपराध गर्ने प्रवृत्ति मूलतः मानिसको व्यक्तित्वको परिणाम हो र यो व्यक्तित्व लोभले, दिक्दारीले, दुष्ट विचारले र बाबुआमा परिवारको भौतिक तथा मानसिक पृष्ठपोषणले बनाएको र सामाजिक परिवेशले उकेरा लाएको हुन्छ ।

अपराधले समाजलाई विशृङ्खलित गर्छ भन्ने स्थापित मान्यता छ तर अपराधको दर थोरै हुनु पनि समाजको लागि राम्रो हैन भन्ने समाजशास्त्रीहरूको मत छ । समाजले स्वीकार गर्न सक्ने आचरणको हदको सीमा निश्चित गर्न अपराधीले सघाउ पुऱ्याउँछ । फौजदारी न्याय प्रशासनको मूल उद्धेश्य भनेको अपराधीलाई पुनः अपराध गर्न बाट हतोत्साहित पार्नु र उसको कार्यलाई समाजमा प्रदर्शन गरेर समाजका बहुसंख्यक सदस्यलाई कानून पालनाका लागि सतर्क गराउनु हो । यसबाट कानून पालनकर्ताहरू बिच सामाजिक ऐक्य बद्धताको विकास हुन्छ । सामाजिक मूल्य र मान्यतालाई दिइने चुनौती र उल्लङ्घनबाट समाजले नयाँ कुरालाई ग्रहण गर्छ र यसमा निखार पनि आउँदै जान्छ । जस्तो, जातीय प्रथाले व्यक्तिको पवित्रतालाई चुनौती दिएकोले छुवाछुत तथा भेदभावसम्बन्धी निषेधको व्यवस्था गरियो ।

अपराधहरू सार्वभौम र स्थानीय दुवै हुन्छन् । जातीय सफाय हुने गरी भएको हत्या, युद्ध अपराध, अतिक्रमण र मानवता विरूद्धको अपराधहरू संसारको जुनसुकै ठाउँमा गरे पनि अनुसन्धान, अभियोजन र न्यायिक परीक्षण हुन सक्छ । स्थानीय अपराधहरू सम्बन्धित समाजको ऐतिहासिकताको निरन्तरता पनि हुन्छ । उमेर पुगेका महिला र पुरूष आ-आफ्नो राजिखुसीले यौन सम्पर्क गर्छन् भने एउटा सभ्य समाजमा त्यसलाई अपराध मानिदैन । तर कुनै बेला हाम्रो समाजमा जारी गर्नेको ज्यान लिन पाउने कानून थियो, पछि नयाँ मुलुकी ऐनमा त्यस्तो जारी गर्ने कार्यलाई २ महिनासम्म कैद हुने अपराध बनाइयो भने अहिलेको कानूनले त्यसलाई अपराध मानेको छैन ।

अपराध र दण्ड

अपराध गल्ति हो र गल्ति गर्नेलाई सजाय गरिन्छ । नीतिशास्त्र अनुसार समेत गल्ति गर्नेले दण्डको भागी हुनुपर्छ । आफूले निश्चित गरेका मूल्य र मान्यताहरू उल्लङ्घन गरी गरेको आपराधिक कार्यको प्रतिक्रिया समाजले दण्ड-सजाय गरेर प्रदर्शित गर्छ । त्यसैले अपराधद्वारा भएको हानि

नोक्सानी मूलतः समाजका विरूद्ध भएकोले कसूरदारले समाजलाई र व्यक्तिगत रूपमा पुऱ्याएको चोटपटक एवं घाटा र क्षति बापत पीडितलाई क्षतिपूर्ति दिनुपर्ने हुन्छ । वर्तमान संवैधानिक एवं कानूनी व्यवस्थाले प्रत्येक स्थापित वारदात (कर्पस डेलिक्टि) बाट पीडितलाई पीडक ठहर हुँदा र निजसँग स्रोत-साधन हुँदा निजले र पीडक ठहर नहुँदा वा पीडक गरिब हुँदा राज्यले क्षतिपूर्ति भर्नुपर्ने हुन्छ । कसूरदार ठहर नहुँदैको अवस्थामा पनि शंकित वा अभियुक्तको सम्पत्ति एक पक्षीय सुनुवाइ गरी अदालतले रोक्का गर्न सक्छ । मुद्धा नटुङ्गिदै चोरीका नगद र सामानहरू अभियुक्तबाट लिएर पीडितलाई अदालतले फिर्ता गर्न सक्छ ।

कसूरदारलाई पुनः अपराध गर्न नसक्ने गरी असक्षम बनाइदिने एक मात्र उपाय भनेको काराबासको सजाय हो, कारागार बाहिर रहे भएर पनि केही कसूरमा कसूरदारलाई असक्षम बनाउन सकिन्छ । जस्तो, चालक अनुमतिपत्र रद्ध गरेर वा अन्य इजाजतपत्रहरू रद्ध गरेर वा निलम्बन गरेर आपराधिक कार्य प्रतिवादीले पुनः दोहोऱ्याउन नसक्ने गरी अदालतले फैसला गर्न सक्छ ।

दण्ड भूतमा भएको कामसँग सम्बन्धित भएर भविष्य लक्षित हुन्छ, अपराध पुनः नदोहोरियोस् भन्ने यसको मूल उद्धेश्य हो । अंग्रेजीमा एउटा प्रसिद्ध भनाइ छ, "Men are not hanged for stealing horses, but that horses may not be stolen." दण्ड आफैमा एउटा खराबी हो तर अपराध योभन्दा ठुलो खराबी हो । त्यसैले ठूलो खराबी अपराध नियन्त्रण गर्न कम खराबी दण्डको प्रयोग गरिन्छ । दण्डले कसूरदारलाई पुनः अपराध गर्न निरूत्साहित गर्छ र आफ्नो व्यवहार असामाजिक भएको महसुस गराइ सुध्रिने शिक्षा पनि दिन्छ भने कानूनको पालन गर्ने नागरिकको मनोबललाई बढाउँछ र उनीहरूले दबिएर बस्नुपर्ने स्थितिको अन्त्य गर्छ । कसैलाई सजाय दिनु भनेको समाजका अन्य सदस्यलाई दिइएको एउटा चेतावनी पनि हो । लोकप्रिय भनाइ छ, एउटा मानिसलाई गरिएको दण्ड सजाय देखेर कम्तिमा अरू हजार जना मानिसहरू अपराध गर्नबाट हतोत्साहित हुन्छन् । दण्डको त्रास नै अपराध रोक्ने अहिलेसम्मको उत्तम उपाय हो । अपराध नगर्ने वा नदोहोऱ्याउने मानिस बनाउने कुनै अचुक उपाय छैन र 'ब्रेनवास' गर्ने मनोवैज्ञानिक विधि अहिलेसम्म प्रयोगमा आउन सकेको छैन ।

दण्डले न्यायको उद्धेश्य साकार पार्छ । अपराधीलाई सजाय गरेर

अपराधबाट भौतिक फाइदा लिन र मनोवैज्ञानिक सन्तुष्टि लिनबाट रोक्नुपर्छ, वञ्चित गर्नुपर्छ तर अपराधको अनुपातभन्दा बढी सजाय पनि गरिनुहुन्न । कानून बनाउँदा नै अपराधीलाई कुनै अमुक अपराधमा कति सजाय दिँदा अपराधी सुध्रिन सक्छ र राज्यले चाहेको सजायको प्रयोजन पूरा हुन्छ भनेर बिचार गरेर दण्डको प्रावधान राखिनुपर्छ । कसूरदारलाई यो कुराको महसुस गर्नुपरोस् आपराधिक कार्यको मूल्य दण्ड अपराधबाट प्राप्त फाइदाको समान छ । प्रत्येक अपराधमा अपराधीलाई हुने सजायको व्यवस्था विधायिकाले गर्छ तर अपराधीलाई वारदात पिच्छे दिने सजायका बारे न्यायाधीशको कार्यक्षेत्रमा पर्छ, यो कसूरदारपिच्छे सजायको दायराका आधारमा फरक फरक हुन्छ । कुनै अमुक वारदातमा कसूरदारलाई कस्तो 'सास्ती' दिन उचित हुन्छ, कसूरदारको शारीरिक, मानसिक र खासगरी सामाजिक अवस्थालाई अपराध निर्धारण गर्नु पूर्व न्यायाधीशले विचार गर्नुपर्छ । यसरी व्यक्ति विशेष र वारदात विशेषमा सजाय ठहर गर्दा कुनै वर्ग वा समूहले आफ्ना हकमा गरिएको सजायको निर्धारण अन्यायपूर्ण छ वा आफूलाई यो दण्ड निर्धारणले फाइदा भएको छ भन्ने मौका पायो भने अपराध पुनः गर्न निरोध गर्ने दण्डको उद्धेश्य निस्तेज भएर जान्छ । जस्तो क, ख र ग तीन जनाले अपराध गरेकोमा क फरार भयो, ख लाई कडा दण्ड दिइयो र ग ले अपराध गरेको ठहर त भयो तर मामुली सजाय भयो भने ख आफूलाई अन्याय भएको महसूस गर्छ र दण्डको उद्धेश्य बेकम्मा हुन्छ । तर यदि क देश नै छाडेर फरार भयो र ग बालक भएकोले सजाय कम भएको हो भन्ने कुरा ख लाई थाहा भयो भने यो अवस्था आउन्न । अर्को अवस्था क महिला भएकोले उसलाई शंकाको घेरामा नै राखिएन र ग कुरा गर्न सिपालु भएकोले उसलाई मामुली सजाय ठहर गरियो भन्ने ख लाई लागेमा पनि दण्डको उद्धेश्य स्खलित हुन्छ ।

'सानालाई ऐन ठुलालाई चैन' भन्ने नेपालीमा कथन छ । जङ्ग बहादुरका पालामा बनेको मुलुकी ऐनले भन्नलाई 'छोटा बडा प्रजा प्राणी सबैलाई शत जात माफिक एकै सजाय हवस् घटी बढी नपरोस्' भन्ने प्रस्ताव गरेको थियो तर योसँगै श्री ३ महाराजहरूको हुकुमको जवाफ छैन भन्ने पनि थियो । नेपाली समाजमा अहिलेसम्मको द्वन्द्वको चुरो भनेको 'कानूनी राज' हो जसमा मानिसले हैन कानूनले शासन गर्ने विश्वास गरिन्छ ।

यो भूमिमा संविधानहरू धेरै बन्दै खारेज हुँदै गरे पनि फौजदारी कानूनतर्फ दुई वर्ष अगाडिदेखि लागू गरिएका संहिताहरू नै फौजदारी न्याय प्रणालीलाई आधुनिकीकरण गर्ने तर्फका अहिले सम्मका ठोस पाइलाहरू हुन् तर ती संहिताहरूलाई आन्तरिकीकरण गर्न आवश्यक पर्ने भौतिक र मानवीय पूर्वाधारहरूको विकास र विस्तार हुन बाँकी छ । कुनै पनि विज्ञानले समाजको मनस्थिति र मनोविज्ञानलाई रातारात' परिवर्तन गर्न सक्दैन, समाजका सबै मानिसहरू कानूनका अगाडि समान हुन् र छन् भन्ने 'ज्ञान' कानून कार्यान्वयन गर्ने निकायहरूको मनमा पर्नुपर्छ र न्यायका धेरै अर्थ र अभीष्टहरू मध्ये समानहरूका बीच समान व्यवहार गर्नु पनि एक हो, यस कुरालाई नेपाली समाजले चाँडै नै देख्ने अपेक्षा राख्नु अहिलेलाई मनासिब नै होला । ♦♦

कविता

मेरो देश

उमेश अवस्थी आर्दश

सेता हिमालहरू हाँसिरहेको
मेरो देशलाई
यो मुटुमा राख्न मन छ
अनि मेरो देशको भावनालाई
एकताको जंजीरमा बाध्न मन छ
र पृथ्वीले बनाए जस्तै
महासागर जस्तो
अडिग देश बनाउन मन छ ।।

व्योमभैं स्वाभिमान भएको
मेरो देश मलाई औधी प्यारो लाग्छ
अनी वीरहरूका रातो रगतले
जोगाएको मेरो देशको सिमाना
मलाई मेरो प्राणभन्दा प्यारो लाग्छ ।।

उँचो भएको मेरो यो शीर
मेरो देशको हिमाल हो
बिचौंबीचमा रहेको मेरो पेट
मेरो देशको पहाड हो
समतल परेको
मेरो खुट्टाको पैतालो
मेरो देशको तराई हो ।।

मलाई मेरो प्राण प्यारो लाग्छ
अनि यो प्राण भन्दा
औधी प्यारो मेरो देश लाग्छ
त्यसैले मलाई म भन्दा औधी प्यारो
मेरो देश लाग्छ।।

कथा

अन्तिम कल

✍ प्र.स.नि.मनिष अर्याल

सदिक्षा हिजो राती ११ बजेतिर निकै नै थकित अनि चिन्तित मुद्रामा थिइन, मेरो घरको छतबाट उनी वारिपारी गर्दै डुलिरहेकी थिइन् । पारी मन्दिरमा बलेको मधुरो उज्यालोले उनिनै हुन भन्ने प्रस्ट पार्थ्यो । बिदाको दिन भएकोले म दिनभरिनै सुतेको हुनाले साँझ निन्द्रा लागेन र गर्मीको समय भएकोले पनि होला कौशीको चिसोमा जादा निकै आनन्द को अनुभूति भइरहेको थियो "पानी पर्दे पनि हुन्थ्यो भन्दै तल्ला घरे काकी पनि भन्दै हुनुन्थ्यो" यती राती के बोलाउनु भनेर बोलाइन उहाँलाई तर मेरो नजर सदिक्षा मै थियो, उमेरले म भन्दा १ वर्ष मात्रै कान्छी उनी मलाई "तिमी" नै भनेर सम्बोधन गर्थिन् । त्यसरात पनि म उन्लाई बोलाउन खोजिरहेको थिए तर तल्लो घरको काकीले फेरि जिस्काएको भन्ठान्लिन् भनेर बोलाइन मैले, उनी छतमा यसरी हिँडिरहेकी थिइन् कि मलाइ लाग्यो आज कोसँग धेरै रिसाएकी छिन् र यसरी नै रिस पोखीरहेकी छिन्, म केही बोलिन उनलाई मात्र नियालीरहे, उनलाई देख्ने बित्तिकै छोराछोरीको नामै सोच्न थाल्थे म तर अपसोस् जिन्दगीमा सोचे जस्तो कहाँ हुन्छ र ? त्यसैले मेरो मनको कुरा मन मै रह्यो। पढाइमा पनि तेजिली उनी, मुहार सधैं उज्यालो अनि हेर्ने बित्तिकै लालायित पार्ने उनका अदा म सधैं उनको सपना नै देख्थ्ये । उनको तारिफ सायद अक्षरले गर्न सकिन्न ।

लोकसेवाको तयारी गरेर बसेकी उनी साँझ बिहान नै पढिरहेकी हुन्थिन् । मैले मेसेन्जरमा गरेको मेसेज चाडबाडमा मात्रै हेर्थिन् र हेप्पी दसैं या निउ इयर भनेर मेसेज पठाउथिन् । बस त्यत्ती हो, म भने उनको कल्पनामा सधैं ब्यतित हुन्थे।

हामी बस्ने समुदायमा उनी उदाहरणीय पात्र नै त थिइन । म त तारिफ गर्नै नजान्ने मान्छे, पेसाले म पनि सरकारी कर्मचारी त्यही नि मनको कुरा मन मै राखिरहें।कहिले काहीं

छतबाट के छ भनेर बोलाउदा ठिक छ को जवाफ दिन्थिन् । त्यति हो अनि आकल भुक्कल छिमेकीको बिहे लगायत भोजमा भेट हुँदा बोल्थिन् । म दङ्ग पर्थ्ये । एकचोटी मात्र होला उनलाई मैले मेरो बाइकमा कलेज छोडेको, टाढाको कलेज पनि उनी हिँडेरै जान्थिन् । सामान्य डिजाइनको भएता पनि उनले सधैँ सफा गर्ने हुनाले उनको घर महल जत्तिकै राम्रो देखिन्थ्यो । मलाई त उनको घर नै उनी जस्तै लाग्थ्यो ।

त्यसरात म अचम्ममा थिए। कल्पना गरे जस्तै उनी मेरो सामिप्यमै थिइन् तर न मैले बोल्ने आट गर्न सके न उनले बोलाइन मलाई, बस उनी कौसीको चारै कुना डुलिरहेकी थिइन्। म उनलाई हेर्दै रमाइरहेको थिए । यसो हातमा भएको घडी हेरे, त्यो क्रम त १ घण्टा बितिसकेको रहेछ । मैले सोचे जे पर्ला पर्ला आज उनीलाई फोन नै गर्छु । आखिर म अन्जान व्यक्ति कहाँ हो र ? आफ्नै काकाको छोरीको माध्यमबाट मैले उनको फोन नम्बर पाएको थिए । जब म आफ्नो चार्जमा राखेको मोबाइल लिन भनेर तल झरे, म कोठामा पुगेको मात्र थिए, अचानक आकाश गर्जे जस्तै आवाज आयो । मैले सोचेकी बिजुली चम्केको हुनुपर्छ या कसैको घरबाट गमला तल खसेको हुनुपर्छ । आ जेसुकै होस् म फोन लेराउछु र उनलाई कल गरेरै छोड्छु भनेर कोठामा पुगे । हतारहतार मैले फोन निकाले र उनलाई कल गर्न खोजे तर मोबाइल अफ भन्यो । मनमनै सोचेकी अघिसम्म हातमा मोबाइल राखेकी त्यसको बत्ति पनि बलेको थियो, त्यो मोबाइल एक्कासी अफ कसरी भन्यो ? मैले सोचे की उनले मेरो नम्बर ब्लक गरेकी छन् कि ? फेरि सोचे आजसम्म कल नगरेको नम्बर कसरी ब्लक हुन्छ ?

कौसी नेर जाने निधो गरेर उनलाई फेरि हेर्न गए । तब तल्ला घरे काकीले सोध्नु भयो, मनिष के आवाज आएको त्यो ? मैले पनि खै काकी के हो ठुलो आवाज आएको थियो भनेर उत्तर दिए । तब एक्कासी सदिक्षाको बारीनेरबाट एक जना कराएको आवाज आयो, "लौ बर्बाद भयो, ए दाइ, दिदी, आमा यहाँ आउनुस् न ।"

म निकै आत्तिए । आवाज सदिक्षाको घरबाट आएको छ अनि उनी कौशीमा छैनन् । सबै कुद्दै बारीमा गएर हेर्दा सदिक्षाले छतबाट खसेर आत्महत्या गरेको खुल्न आयो ।

म नतमस्तक भए मेरा मुखबाट आवाज नै निस्केन । कति सजिलै उनले प्राण त्यागिन्, छोरी लोकसेवाको अधिकृत हुनेमा गर्व गर्ने बाबुआमाको मुहार त्यो समय मैले हेर्न सकिन। सिङ्गो समुदायको आशा स्तम्भ लड्यो छतबाट,

रगताम्य भयो बारी ।

न मैले उनलाई एक शब्द बोलाए न उनी बोलिन् । जिन्दगीभरि मेरो मनको कुरा मनमै रह्यो । उनको मनमा के रहेछ उनैले बुझुन। परिवार आश्चार्यमा परेको देख्दा उनी कुनै कारण बिनानै सन्सार त्यागेर गइन् । अब उनको सास बिनाको शरीर बाहेक त्यहा केही थिएन ।

भोलीपल्ट घटस्थापना र जमरा राख्नु पर्ने थियो । उनकै बारीबाट टपरीमा बालुवा लैजाने सबैले सोचेका थिए तर उनकै रगतले रगताम्य त्यो बालुवा अब कसले लैजाने ? कसरी जमरा राख्ने कसरी दसैं मनाउने ? त्यो साल गाउँमा कसैले पनि दसैं मनाएन ।

एउटा जिन्दगीको एउटा अध्याय कहानी नै अपूरो हुने गरी अस्तायो । आखिर उनले यसो किन गरिन् न कसैले बुझ्न सके न कसैले थाहा पाउन नै ।

धेरै परिवार संख्या अनि ठुलो जमातमा दसैं मनाएर राताम्य हुने घर त्यो दसैंमा सुनसान थियो । सिङ्गो घर नै उनको यस निर्णयबाट अन्जान थियो ।

उनी प्रश्नै प्रश्न बिच अनुत्तरित उत्तर बनिकन अस्ताइन् । एउटा समुदायको आशाको किरण अस्तायो । एउटा फूलसरि फुलेको जीवन सुस्तायो ।

मैले पन्ध्र वर्षको सामिप्यतामा पहिलो कल गरे उनको मोबाइलमा जसको न जवाफ आयो न त्यो कल सार्थक भयो । मैले उनलाई गरेको पहिलो कल उनको जीवनको अन्तिम कल हुन्छ भन्ने मलाई के थाहा थियो र ? ठुलो बज्रपात र प्रश्न चिन्हको बिच उनी अस्ताइन् । सायद मैले अली अगाडि नै कल गरेको भए ?

सायद त्यसरात मैले देख्ने बित्तिकै उनलाई बोलाएको भए ? तिम्रो आत्माले शान्ती पाओस्, स्वर्गमा बाँस होस् सदिक्षा । ♦

"आत्महत्या समाधान हैन,
जीवन फेरि फेरि मिल्दैन"

गीत

✍ **होम थापा**

यो मनको मान्छे तिमी टाढिएर गयौ
राख्न खोज्दा मुटु भित्र पर पर भयौ

बिर्सिएर आफैलाई कस्तो माया लाए
परेपछी रनाहामा ऐले चाल पाए
खेल खेली मायाको अर्कै बाटो गयौ
राख्न खोज्दा मुटुभित्र परपर भयौ

जानुनै रैछ आखिर गयौ स्वार्थी बनी
हेरी रहें बाटो तिम्रो दिन गनि गनि
मलाई मारी गयौ तिमी अजम्बरी रह्यौ
राख्न खोज्दा मुटुभित्र परपर भयौ

यो मनको मान्छे तिमी टाढिएर गयौ
राख्न खोज्दा मुटु भित्र पर पर भयौ

दोष प्रविधिको होइन प्रयोगकर्ताको

✍ प्र.ज. पुर्ण भण्डारी

आजको युग विज्ञान र प्रविधिको युग हो भनेर थाहा नपाउने कोही छैन । समयको परिवर्तन सँगै विज्ञान र प्रविधिको क्षेत्रमा अकस्मात देखिएको चमत्कारिक अवस्थालाई समयमा नै नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने जरूरी देखिन्छ । परिवर्तनको बाटोलाई एउटा नवजात शिशुको जीवनसँग तुलना गर्न सकिन्छ । भर्खरै जन्मिएको शिशुलाई जुन अवस्थामा हिँडाउन सिकायो त्यही अवस्थामा हिँड्न सुरू गर्छ अनि त्यही वातावरणमा हुर्किन र रमाउन मन पराउछ तर वास्तविकतामा उसको जीवन त्यति मात्रले पुग्दैन होला । प्रविधिको अवस्था पनि त्यस्तै हो । प्रविधिलाई जिवन्त तुल्याई राख्न र सार्थकता दिनका लागि ऊ प्रतिको निग्रानी राख्दै सही तरिकाबाट प्रयोग गर्नुपर्छ । तिव्र रूपमा अगाडि बढिरहेको छिटो विकास भएको र देखिएको सामाजिक संजालसँग कुनै न कुनै किसिमले नजिकै नभएको सम्भव त कोही छैन होला भन्दा त्यति धेरै फरक नपर्ला । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएकै छ अहिलेको मानव समाजको परिवेश । विज्ञान र प्रविधि कै कारण आविष्कार भई हाम्रो पहुँच सम्म आइपुगेका सामाजिक संजालहरू सँग स्वःस्फुर्त रूपमा मनपरी बोल्न पाउँदा निकै खुसी छौ जस्तो लाग्छ तर खुसीसँगै पछुताउनु पर्दाको त्यो वास्तविकतालाई हामी बुझ्दैनौ । अहिले सामाजिक संजालको दुरूपयोगबाट क्षणिक आनन्द ,मोजमस्ती र लापरबाही कै कारणले मानवीय जिवनमा कति ठुलो दुर्घटना निम्तिन्छन् भन्ने कुरा जबसम्म प्रयोगकर्तामा स्वयम्मा आफैले बुझ्न सक्ने थोरै भएपनि चेतना आउदैन तब सम्म निकै डर लाग्दा घटनाहरूसँग सामना गर्नुपर्ने अवस्था बिस्तारै आउन सक्ने देखिन्छ। जुन प्रविधिकै कारणले आत्म निर्भर बन्दै शक्तिशाली बन्ने त्यो स्थानमा हामी पुगेका छौं त्यही प्रविधिलाई उचित तरिकाले प्रयोग गर्न सक्ने अवस्थालाई व्यवस्थित गर्न तर्फ ध्यान नदिने हो

भने मानव इतिहासमा मात्रै होईन सृष्टि भएका सबै चिज वस्तुहरूको अस्तित्व मेटिन सक्ने सम्भावनाको परिस्थिति सिर्जना नहोला भन्न सकिदैन । हरेक चिजवस्तुको समय सिमाहरू तोकिएका हुन्छन् । आधुनिक युगमा प्रविधिको पनि कहाँ, कुन र कस्तो अवस्थामा प्रयोग तथा शक्ति प्रदर्शन गर्नुपर्छ भन्ने सिमा तोकिएका छन् । विज्ञान र प्रविधिले मानवीय जिवनशैलीमा ल्याएको चमत्कारी परिवर्तनको सही सदुपयोग हुनुपर्ने हो तर दुःखद कुरा आज भोलि प्रयोगकर्ताहरूमा परिवर्तनका सकारात्मक पक्ष भन्दा पनि नकारात्मक पक्षतर्फ बढी अग्रसर भएको देखिन्छ । अलिकति गहिराईमा पुगेर सोच्ने हो भने प्रविधिले हामीलाई कुन अवस्थाबाट कुन अवस्थासम्म ल्याई पुऱ्याएको छ त्यसको समिक्षा गर्न सक्दैनौ र महत्व पनि बुझ्न सक्दैनौं । हिजोको युगको त्यही अवस्थाबाट आजको युगमा ल्याई पुऱ्याउने जुन प्रविधि हो त्यही प्रविधिलाई सहि तरिकाले प्रयोग गर्न सकेका छैनौ न कि संरक्षण गर्न सकेका छौं। प्रविधिको दुरूपयोगकै कारण समाजमा हत्या, हिंसा अस्लिलता, छाडापन, असभ्य र अव्यवस्थित तरिकाले दिनानुदिन घटनाहरू घटिरहेका छन् । यसले विकराल समस्याहरू थपिदै गर्दा अनुसन्धानको क्षेत्र समेत निकै चुनौतीपूर्ण बन्दै गएको देखिन्छ । कुनै समयमा विश्वको कुनै देश वा त्यो देशको भौगोलिकता सँगै सामाजिक, आर्थिकलगायत हरेक वस्तुस्थिति कस्तो थियो भन्ने कुरा सपना जस्तै थियो । तर आज त्यही अवस्थालाई सपनामै सिमित राखिरहनु पर्ने अवस्था छैन । आज आफू सुतिरहेकै एउटा बन्द कोठाबाट संसारलाई नजिकैबाट नियाल्न सक्ने प्रविधिको विकास भएको छ । यो सबैको लागि खुसीको कुरा हो । तर हामी यही प्रविधिलाई दुरूपयोग गरी धेरै उग्र रअसभ्य भई समाजलाई आतंकित बनाउन तर्फ लागिरहेका छौं । अब यसमा प्रविधिको दोष भन्ने कि प्रविधिको प्रयोगकर्ताको दोष भन्ने ? विकासको प्रारम्भिक चरणमा सामाजिक संजालको प्रयोगबाट सामाजिक परिवेश र जनजीवनमा पर्ने सकारात्मक र नकारात्मक असरहरू अवश्य हुन देखिन सक्छन् तर सजग हुन निकै आवश्यक छ । प्रयोगको पहुँच सम्म पुगेका शिक्षित वर्गहरूले दिने सन्देश आजभोलि सोचे जस्तो प्रभावकारी हुन र बन्न सकेको छैन यो साँचो कुरा हो । बरू आफै प्रविधिको दुरूपयोग गरेर कानूनको घेराबन्दिमा बस्नुपर्ने र गल्तिलाई सम्झदै पछुताउनु पर्ने अवस्था सिर्जना भएको आज हामी आफ्नै आँखाले प्रत्यक्ष देखिरहेका छौं । अहिले सामाजिक संजालहरू फेसबुक, म्यासेन्जर, भाईबर, ट्विटरहरूमा जथाभावी लेख्ने, अनावश्यक विषयबस्तु पोष्ट गर्ने,

छाडा र अस्लिल शब्दले कमेन्ट गर्ने, धम्की दिने, त्रसित बनाउने, अर्काको ईमेल आईडी प्रयोग गरेर जथाभावी लेख्ने, कसैको अनुमति बिना तस्बिरहरू पोस्ट गर्ने, लगायतका थुप्रै कार्यहरू निकै बढ्न थालेका छन् । के प्रविधि सँगै विकास भएको हामीले भन्ने गरेको सामाजिक संजालले आफै यही गर्न सिकाएको हो ? अनि यही गलत कार्य गर्नु भन्ने सन्देश दिनलाई बनाएको हो ? आखिर संसारलाई काखमा राखेर सिरानीमा आड लगाएर एउटा कोठाबाट हेर्न, देख्न र सजिलै बुझ्न सक्ने अद्भूत जादु आविष्कारक भगवान रूपी मानवको त्यो शक्तिशाली खुबी र क्षमताको मन मुटुदेखि कदर प्रशंसा गर्नु हाम्रो धर्म होइन ?

प्रविधिको विकाससँगै एक अर्कामा अन्तरनिहित बन्दै मानव इतिहासको एक्काईसौ शताब्दीको यो चरणमा आई पुग्दा र यही परिवेशमा आफ्नो जीवनको यात्रा अगाडि बढाई रहदा समाजिक रूपमा सभ्य भएर बस्नु, सामाजिक संजालको दुरूपयोगबाट समाजलाई खतरामुक्त गराउन कोसिस गर्नु निग्रानी गर्नु, खबरदारी गर्नु र कानूनी दायरामा ल्याउन, प्रत्यक्ष सरोकार राख्ने हामीले सबै नागरिकको दायित्व हो । प्रविधिको गलत प्रयोगबाट घट्न सक्ने सम्भावित घटना परिघटनाबाट सजग र सुरक्षित बन्दै स्वतन्त्र र निधक्क भएर बाँच्न सक्ने वातावरणको सिर्जना गर्नुपर्छ ।

यदि समयमा सजग हुन सकिएन, नियन्त्रण गर्ने कुनै दरिलो कानूनी उपाय खोज्न र बनाउन सकिएन भने दीर्घकालीन रूपमा निकै ठुलो डर लाग्दो भयानक स्थिती आउन सक्छ । प्रविधिले मानवलाई परिवर्तन सँगै सभ्यताको विकास क्रममा अगाडि बढ्न सिकाएको हो तर दुरूपयोग गरेर आतंकित र त्रसित बनाउन सिकाएको होईन, एक्कासौं शताब्दीको यो प्रतिस्पर्धात्मक युगमा सक्षम बन्न सिकाएको हो । उच्छृङ्खलसँगै दानव बन्न सिकाएको होईन । सभ्य छौं सभ्य चाहन्छौं भन्नेहरूले अनि दुरूपयोग गर्न सिकाउनेहरूले बुझ्न र बुझाउन सक्नु पर्छ कि प्रविधिको दोष होईन प्रयोगकर्ताको दोष हो भनेर । ♦♦

मुक्तक

नजाउ परदेश

✍ **उर्मिला पन्त पाण्डेय**

हे मेरा चेला ! नजाउ परदेश
स्वर्ग झैं सुन्दर बनाउ स्वदेश
टुक्रन लाग्यो आमाको छाती
एकताले जोडेर बचाउ प्रदेश

-ज्ञानेश्वर, काठमाडौं ।

प्रेम भाग-१

✍ रुपेश पौडेल

हँसिलो अनुहार लिएर आई ऊ अनि निसङ्कोच म सामु आफ्ना भावहरू पोखिदिई । गाग्रीबाट पानी पोखाएझैं अनि वर्षायाममा कालो बादल वर्षे आकाश रित्तिएझैं रित्ताइदिई उसले आफ्नो मन अनि मस्तिष्क मेरो प्रेम प्राप्तिको लागि । म पनि त कति माया गर्थें उसलाई त्यसैले मैले पनि हँसिला अनुहार लिएर उसको प्रेम प्रस्ताव सहजै स्विकारे र खुसी हुँदै उसलाई अंगाले । तर त्यति नै बेला मेरो मनमा हुटहुटी चल्न लाग्यो र मनमा विभिन्न तरङ्गहरू बहन थाल्यो । ती तरङ्गहरूले त्यो खुसीलाई धेरैबेर टिक्न दिएनन् । म एक विवाहित पुरूष हुँ, मेरो घरमा मेरी श्रीमती हाम्रा दुई सन्तान स्याहार्दै मेरो बाटो कुर्दै होलिन् तर म यहाँ अरू कसैको श्रीमतीसँग प्रेममा छु ।

१८ वर्षको हुँदा मेरो मागी विवाह भएको थियो र २२ वर्षको हुदाँसम्म मेरा दुई सन्तान भईसकेका थिए । जिम्मेवारी दिनदिनै बढ्दै थियो केही इलम गर्नै पर्ने, के गरू त भनेर धेरै दिन घोरिए । आम नेपालीको सोंच विदेश नै त हो, आखिर मैले पनि त्यही बाटो रोजें, तर कुन देश ? अहँ निधो गर्न सकिन । मामाको छोरा अष्ट्रेलियामा छ, उसको धेरै इज्जत थियो खलकमा । त्यसैले मैले पनि सोंचे अब जसरी भए पनि अष्ट्रेलिया जान्छु । घरमा सरसल्लाह गरें सबैले हुन्छ नै भने । सबैको सहमति पाएपछि IELTS तयारी गर्न भनेर सबैसँग बिदा लिएर काठमाडौं हिडें म । काठमाडौं आएर बानेश्वर र बागबजारका हरेक इन्स्टिच्युट चहारें, त्यहाँका सबैले भोली नै अष्ट्रेलिया पठाइदिन्छु भैं पनि गरे तर मैले बानेश्वरको अल्फा बिटा इन्स्टिच्युटमा पढ्ने निधो गरें । त्यही भर्ना भएँ र त्यही नजिकको प्राइभेट होस्टल बुद्धनगरमा बस्न थालें । काठमाडौं आएको सुरूवाती दिनहरूमा घरको सार्है न्यास्रो लाग्यो, दिनमा ५/६ पटक त घरमा फोन नै गर्थें होला । स्याङ्जा छोडेर आजसम्म कहीं नगएको म अचानक यति टाढा आउँदा

परिवारको यादले यतिसम्म सतायो कि गाउँमै केही गर्छु । सकिन्न बाहिर भन्दै फर्किन मन लाग्यो, तर रोकिए म । यसरी हुतिहारा भएर घर के जाउँ, नलडिकनै कसरी हारेर घर फर्कु ? आफ्नै देशमा यस्तो भन्ने म अष्ट्रेलिया गएपछि झन् के गरूँला ? यस्तै तवरले हरेक रात मनमा मनोवाद चल्थे, धेरै कुरा मनमा खेलाउदै कोल्टे फेरेर म निदाउने प्रयास गर्थे । बिहान उठ्यो पढ्न गयो, होस्टेल आयो, पढेको कुरा घोक्यो यसरी नै चलिरहेका थिए दिनहरू। काठमाडौं आएको एक हप्तासम्म पनि मेरा कुनै साथी बनेका थिएनन्, सायद यसैकारण पनि एकदम एक्लो महसुस गर्दथे ।

सधैंभैं बिहान उठेर पढ्न भनि इन्स्टिच्युट हिडें म, अहँ कत्ति पनि फरक थिएन अरू दिनहरूभन्दा त्यो दिन । उस्तै थियो जस्तो हुने गर्थ्यो । म इन्स्टिच्युट पुगें, उही कक्षा कोठा र उही अनुहारहरू । म कसैसँग नबोलिकनै अन्तिम बेन्चमा गएर बसे सदाझैं। पुष्ट शरीर, ठिक्कको उचाई, न धेरै कालो न गोरो न त गँहुगोरो वर्ण, कालो गहिरो चक्षु, हलुका मेहेन्दी लगाइएका सिल्कि कपाल भएकी एक आकर्षक युवती निलो जिन्स र मरून कलरको टिसर्टमा कक्षा प्रवेश गरि। यताउता हेरि अनि मेरो अगाडिको खाली बेन्चको कुनामा गएर बसी । ऊ नयाँ विद्यार्थी थिई । त्यहाँ आएको १० दिनसम्म मैले राम्रोसँग एक जनासँग पनि बोलेको थिइन तर आज ऊसँग खै किन हो बोल्न मन लाग्यो । ऊ त्यहाँ आएदेखि नै उसैलाई मात्र हेरिरहन थालें म । जब म उसलाई हेर्थे मेरा नयनले शीतल पाउँथे र मन तरङ्गित हुन्थ्यो थाहा थिएन किन तर शरिरमा अनौंठो कम्पन महसुस भयो । के त्यो प्रेम थियो वा ऊसँगको आकर्षण अहँ छुट्टाउन सकिन । उसलाई देखेको पाँच मिनेट पनि भएको छैन तर मैले जे महसुस गरिरहेको थिए, त्यो नितासँगको चार वर्षको बिहेमा कहिल्यै महसुस गरेको थिइन ।

कक्षा सकिसकेको रहेछ तर मलाई थाहा भएन के पढाई भयो भन्ने बारे, म त केवल उसलाई हेर्न व्यस्त थिए, ऊसँग कसरी बोल्ने भनेर बहाना खोज्दै थिए । त्यो दिन ऊसँग बोल्न सकिन, सक्दै सकिन, मनभित्र चलेको अन्तर द्वन्दले शरीर औडाहा भएर आयो । म सिधैं होस्टेल गए अनि नुहाए । अल्फा बिटाबाटै उसका आकृतिहरू मेरो मनमा छायाँ बनेर सँगै आएका रहेछन्, म टोलाईरहे । पहिलो त म बिहे गरिसकेको अनि परिवारको आश बोकेर यति टाढा आएको मान्छे किन यसरी रूमल्लिदै छु, मलाई यस्तो गर्न सुहाउँछ र ? अहँ पटक्कै सुहाउँदैन यो त गलत हो नि । नियति भन्ने यस्तै रहेछ, गलत

हो भन्ने थाहा हुदाँहुदैं पनि गलत गरे जस्तो नलाग्ने, परिवार प्रतिको घात हो भन्ने थाहा पाउँदा पाउँदै पनि धोका दिएजस्तो नलाग्ने, मेरो सानो संसार छताछुल्ल हुने ज्ञात हुदाँहुदैं पनि परवाह नलाग्ने ।

ऊ त्यहाँ आएको चौथो दिन, म सदाझैं अन्तिम बेन्चमा बसिरहेको थिए ऊ सरासर आई अनि मतिर हेरेर मुस्कुराउदैं सदाको जस्तै मअघिको बेन्चको कुनामा बसी । के ऊ साँच्चै मतिर हेरेर मुस्कुराएकी नै हो त ? म एकछिन सोच मग्न भए । मैले केही नसोची नै उसलाई कोट्टाए ऊ पछाडि फर्कि, "तिमी एकदम राम्री छौ", मैले भने, ऊ वाल्ल परी अनि अगाडि हेरी । म रातो भए गालाबाट रगत चुहिएलाझैं भयो । कान तातो भयो र हत्केलामा पसिना आयो । छिः म आफैप्रति दया लाग्यो, सरम र दकसले म पानीपानी भए । एकछिन पछि ऊ आफै पछाडि फर्कि, मलाई देख्ने बित्तिकै सायद उसले मेरो असहजता महसुस गरी अनि आफैले मुख खोली, "तिम्रो नाम के हो ?"

"म अनित मल्ल अनि तिमी", न्याउरो स्वरमा म बोले ।

"म कृती भट्टराई," ऊ मुस्कुराउदै बोली ।

"अघिको मेरो प्रश्नले रिसाउन त रिसाएनौ नि ?" मैले फेरि प्रश्न गरे ।

"मलाई तारिफ मन पर्दैन ।" गम्भिर मुद्रामा ऊ बोली । म निशब्द भए । म चुप लागेको देखेर ऊ अगाडि फर्कि ।

केही बेरपछि फेरि पछाडि फर्किदै ऊ बोली, हेर न एडमिसन ढिलो भएछु, नयाँ ग्रुप पनि कुनै छैन रे, एक हप्ता अघिदेखिको सबै कभर गर्नु छ, मलाई तिम्रो नोट दिन्छौं ? ♦

बालकविता

कमिलाको लर्को

✍ **रमेशचन्द्र घिमिरे**

यौटापछि अर्को फेरि अर्कोपछि अर्को
हेर साथी कमिलाको कति लामो लर्को

आँट्यो भने आँधी समेत रोक्छ कमिलाले
उस्तै परे पहाड पनि बोक्छ कमिलाले
जाँगर पोख्न कत्ति पनि मान्दैन यो झर्को
हिँड्छ, हिँड्छ, हिँडिरहन्छ बनाई लामो लर्को

मान्छेले झैं एक्ला एक्लै भर्दैन यो भुँडी
मित्रताको मर्म बुझी खान्छ बाँडी-चुँडी
मान्छेको झैं बोली चर्को नारा छैन चर्को
कति लामो लर्को आहा कति लामो लर्को !

-भोर्लेटार, लमजुङ ।

इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०४५ साल अङ्क, ३ को **द्वैमासिक पुलिस प्रकाशन**मा प्रकाशित प्रहरी नायव उपरीक्षक कल्याण तिमिल्सिनाद्वारा लिखित **बाल अपराध नियन्त्रणमा प्रहरीको भूमिका'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

– *सम्पादक*

बाल अपराधको रोकथाम र नियन्त्रण आज प्रत्येक विकसित राष्ट्रको लागि एउटा गम्भीर चुनौती भएको छ । औद्योगिकरण र शहरीकरणबाट भन यो अपराध दिन दिनै बढ्दै गएको छ । एकातिर यसले स्वस्थ जनशक्तिमा ह्रास ल्याएको छ भने अर्कोतिर शान्ति सुरक्षामा पनि खलल पुऱ्याएको हुन्छ । वास्तवमा यो एउटा गम्भीर समस्या हो जसको समाधान कुनै एक कुरो वा दृष्टिकोणबाट मात्रै गर्न सकिन्न । किनभने यो समस्या सँगसँगै अरू पनि विभिन्न समस्याहरू जोडिएको हुन्छ जस्तैः शारीरिक मानसिक दृष्टिकोणबाट अविकसित बालक, अनाथ बालक, परिवार सम्बन्धी कारण, स्कुलको समस्या, निर्धनता, शोषण प्रबृति, अशिक्षा, आवारागर्दी आदि । बाहिरी रूपबाट हेर्दा यो समस्या जति सजिलो देखिन्छ यसको भित्री तहसम्म पुगेर हेर्दा त्यतिकै कठिन छ । त्यस उसले बाल अपराधको रोकथाम गर्नु श्रेयकर देखिन्छ किन कि कुनै पनि समाजबाट अपराधलाई हटाउन सकिन्न कम भने चाहीं अवश्य गर्न सकिन्छ ।

बाल अपराधको रोकथामको लागि समाज र राष्ट्रबाट सकारात्मक भूमिका खेलेको हुनु पर्दछ ।

नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.सं. २०५० चैत्र ५ गते दङ्गा नियन्त्रण प्रहरी गणको स्थापना भएको थियो ।
- वि.सं. २०४७ भाद्र २२ गते क्षेत्रीय प्रहरी गणको दरबन्दी निकासा भएको थियो ।
- वि.सं. २०४६ साउन ३२ गते नुवाकोट जिल्लाको ककनीमा सशस्त्र प्रहरी तालिम केन्द्रको स्थापना भएको थियो ।
- वि.सं. २०४६ सालमा काठमाडौंमा इन्टरपोलको दसौं एसियाली क्षेत्रीय सम्मेलन सम्पन्न भएको थियो ।

सङ्कलनःप्र.ना.नि. संगीता कार्की

सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू

किरण वि.क. विरूद्ध मोहमद फुर्कान अन्सारी, मुद्धा-कर्तव्य ज्यान (ने.का.प. २०७५, अङ्क ७, नि.नं.१००५७)

कुनै प्रतिवादीले आफू संलग्न वारदातका सम्बन्धमा अनुसन्धान अधिकारी समक्षको बयानमा आरोपित कसूर स्वीकार गरी अदालत समक्षको बयानमा असत्य वा झुठो कुरा व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झुठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ । अप्रत्यक्ष प्रमाणको आधारबाट पनि अदालतले विवादको सही निरूपण गर्नुपर्ने हुन्छ । अपराधीले सदा कसैले देख्ने गरी अपराध नगर्ने र अपराधसँग सम्बन्धित दशी प्रमाणसमेत नष्ट गर्ने प्रयास गर्ने हुँदा फौजदारी मुद्धामा परिस्थितिजन्य प्रमाणबाट पनि दोषी पत्ता लगाउनु पर्ने बाध्यता रहने । कुनै पनि प्रतिवादीले प्रत्यक्ष प्रमाण (Direct Evidence) नष्ट गर्न सक्ने र प्रत्यक्षदर्शीको अभाव रहेको अवस्थामा पनि दोषी पत्ता लगाउनु पर्ने अवस्थामा परिस्थितिजन्य (Circumstantial Evidence) प्रमाणको सहारा लिनु पर्ने हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले परिस्थितिजन्य प्रमाणलाई दबाउन, लुकाउन वा तोडमोड गर्न कठिन हुने हुँदा प्रत्यक्ष प्रमाणभन्दा यो बढी विश्वासयोग्य मानिने ।

सङ्कलनःप्र.स.नि. जनक आचार्य

शेरे - तेरो होटेल कस्तो चलिरहेको छ ?

बेरे - त्यति खासै छैन ।

शेरे -म आएको थिए तेरो होटेल बन्द थियो त ।

बेरे - ए, त Lunch र dinner मा आएको होलास् । त्यो बेला त हामी खाना खान जान्छौ ।

♦ ♦ ♦

सपन डाक्टरकोमा पुग्छ ।

डाक्टर अँ, के भएको रे तपाइँको श्रीमतीलाई ?

सपनः मेरी श्रीमतीको स्मरण शक्तिको कारणले मलाई एकदमै टेन्सन भयो, डाक्टर ।

डाक्टरः के उहाँको बिर्सने बानी छ ?

सपनः हैन डाक्टर साब । सबैथोक सम्झने बानी छ ।

सङ्कलनः- प्र.ह.शरणजंग भण्डारी